# गोलन्जोर गाउँपालिकाको बालबालिकाको वस्तुस्थिति विवरण, २०८१

# *Child Profile of Golanjor Rural Municipality*



गोलन्जोर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, ग्वालटार, सिन्धुली

बागमती प्रदेश, नेपाल,

२०८१

सल्लाहकार

शंकर राज बराल, गाउँपालिका अध्यक्ष

ज्वाला प्रसाद न्यौपाने, गाउँपालिका उपाध्यक्ष

लेखन

हिमवत कन्सल्ट प्रा.लि.
रमनकला मजाकोटी
नमुना कुँवर
हरिशचन्द्र घिमिरे

सम्पादन

प्रमुख प्रशासकीय अधिकृत

प्राविधिक सहयोग

हरिबोल आचार्य
नवराज ढकाल

प्रकाशक

गोलन्जोर गाउँपालिका
प्रकाशन वर्षः २०८१
प्रकाशन प्रतिः

सहजीकरण तथा प्राविधिक सहयोग

रिलिफ नेपाल, सिन्धुली

वोर्ल्डभिजन इन्टरनेशनल नेपाल

Email: info@golanjormun.gov.np
golanjor.rm7@gmail.com

Website: www.golanjormun.gov.np

सर्वाधिकार

गोलन्जोर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, ग्वालटार, सिन्धुली

**गोलन्जोर गाउँपालिकाको नक्सा**

# गोलन्जोर गाउँपालिकाको नक्सा




Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

श्री शंकर राज बराल

(गाउँपालिका अध्यक्ष)

शुभकामना मन्तव्य

श्री ज्वाला प्रसाद न्यौपाने

(गाउँपालिका उपाध्यक्ष)

शुभकामना मन्तव्य

श्री ठाकुर प्रसाद दाहाल

(प्रमुख प्रशासकीय अधिकृत, शिक्षा, युवा तथा खेलकुद शाखा)

प्रतिबद्धता

प्रकाशकीय

धन्यवाद ।

...........................

विषयसूची


परिच्छेद एकः वस्तुस्थिति विवरणको परिचय ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ वस्तुस्थिति विवरण निर्माणका उद्देश्यहरू ........ २

१.३ वस्तुस्थिति विवरण निर्माण विधि ........ ३

परिच्छेद दुईः गाउँपालिकाको परिचय ........ ५

२.१. गोलन्जोर गाउँपालिकाको भौगोलिक अवस्थिति ........ ५

२.२. हावापानी र भू-उपयोग ........ ५

२.३. ऐतिहासिक पृष्ठभूमि तथा विशेषता ........ ६

२.४. गाउँपालिकाको आर्थिक अवस्था ........ ६

२.५. गाउँपालिकाका बासिन्दाहरूको प्रमुख व्यवसाय तथा रोजगारीको अवस्था ........ ७

२.६. विकासको सम्भावना, अवसर, चुनौती र समस्याहरू ........ ८

परिच्छेद तीनः बालमैत्री स्थानीय शासनको अवधारणा र कार्यक्षेत्र ........ १०

३.१. बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता ........ १०

३.२ बिद्यमान ऐन नियममा बालबालिका सम्बन्धी व्यवस्था ........ १२

३.३. गाउँपालिका स्तरीय योजनामा बालबालिका सम्बन्धी व्यवस्था ........ २१

३.४. बाल समूह वा बाल क्लबहरु ........ २२

३.५ बालमैत्री गाउँपालिकाको अवधारणा ........ २२

३.६. बालमैत्री स्थानीय शासनको कार्यक्षेत्र : ........ २५

३.७. बालअधिकार (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) ........ २५

३.८. बालमैत्री स्थानीय शासन कार्यक्रमका साझेदार तथा सहयोगी संस्थाहरु ........ २६

३.९ बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका स्थापनाका लागि अवसर र सम्भावनाहरु ........ २७

परिच्छेद चारः जनसंख्या ........ २९

४.१. उमेर समूह तथा जातिगत आधारमा जनसंख्या ........ २९

४.२. मातृभाषाका आधारमा जनसंख्या ........ ३०

४.३. जनसंख्या वृद्धिदर ........ ३२

४.४ जन्म दर्ता सम्बन्धी विवरण ........ 32

४.५ बाल विवाहको सन्दर्भ र अवस्था ........ 33

४.६. परिवार संख्या र प्रतिपरिवार औसत बालबालिका संख्या ........ 35

परिच्छेद पाँच : बाल तथा मातृ स्वास्थ्य ........ 36

५.१ सुरक्षित मातृत्व कार्यक्रम ........ 36

५.२ खोप लगाउने बालबालिका सम्बन्धी विवरण ........ 36

५.३ बालबालिकामा पोषणको स्थिति ........ 39

५.४ बालबालिकामा देखा पर्ने गरेका मुख्य रोगहरू र तिनको उपचार व्यवस्था ........ 40

५.५ परिवार नियोजनको साधन प्रयोगकर्ताको विवरण ........ 42

५.६ प्रसुति पूर्व चारपटक र प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परीक्षण गराउने गर्भवती महिलाहरूको विवरण ........ 42

५.७ दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरूको विवरण ........ 45

५.८ नियमित रूपमा तौल लिइएका बालबालिका सम्बन्धी विवरण ........ 46

५.९ भिटामिन “ए” तथा जुकाको औषधि खाएका बालबालिका सम्बन्धी विवरण ........ 47

५.१० आयोडिनयुक्त नूनको प्रयोग गर्ने घरपरिवार सम्बन्धी विवरण ........ 48

५.११ सार्वजनिक तथा निजी शौचालय र सरसफाई सम्बन्धी विवरण ........ 49

५.१२. खानेपानीको स्रोत तथा उपलब्धता सम्बन्धी विवरण ........ 51

५.१३. उपचार गर्ने प्राथमिकता र पद्धति ........ 53

५.१४ बालमृत्युदरको अवस्था ........ 54

५.१५. स्वास्थ्य सेवा प्रदायक संस्थाः ........ 54

परिच्छेद ६: शैक्षिक अवस्था ........ 56

६.१ महिला तथा बालबालिकाको साक्षरता विवरण ........ 56

६.२ शैक्षिक संस्थाहरूको विवरण ........ 57

६.३ छात्रछात्राको विवरण ........ 62

६.४ विद्यार्थी भर्ना दर ........ 62

६.५ कक्षा दोहोर्याउने विद्यार्थी सम्बन्धी विवरण ........ 64

६.६ छात्रवृत्ति प्राप्त विद्यार्थी विवरण ........ 64

६.७ तहगत रूपमा कूल शिक्षक सम्बन्धी विवरण (शिक्षक शिक्षिका विवरण) ........ 65

६.८ शिक्षकको तालिम सम्बन्धी विवरण ........ 65

६.९ गाउँपालिकास्तरमा विद्यार्थी र शिक्षकको अनुपात ........ 65

६.१० विद्यालयमा खानेपानीको सुविधा ........ 65

६.११ कक्षा कोठा, फर्निचर, खेल मैदान सम्बन्धी विवरण ........ 66

६.१२ विद्यालय जान लाग्ने समय ........ 67

६.१३ विद्यालय जान छोड्नेहरू सम्बन्धी विवरण ........ 70

परिच्छेद सात; बाल संरक्षण ........ 74

७.१ द्वन्द्व पीडित तथा जोखिममा परेका बालबालिका सम्बन्धी विवरण ........ 74

७.२ विस्थापित बालबालिका सम्बन्धी विवरण ........ 74

७.३ बालश्रमिक सम्बन्धी विवरण ........ 74

७.४ बाल यौन शोषण तथा बेचबिखन सम्बन्धी विवरण ........ 77

७.५ सडक बालबालिकाको विवरण ........ 80

७.६ कुलतमा लागेका बालबालिकाको विवरण ........ 80

७.७ उमेर समूह अनुसार मृत्यु हुने बालबालिकाको विवरण ........ 82

७.८ खाद्यान्न संकटमा परेका बालबालिकाको विवरण ........ 82

७.९ जाडो तथा गर्मीका कारण मृत्यु हुने गर्भवती महिला तथा बालबालिकाको विवरण ........ 83

७.१० संस्थागत हेरचाहमा रहेका बालबालिका सम्बन्धी विवरण ........ 83

७.११. अपाङ्गता भएका बालबालिका सम्बन्धी विवरण ........ 84

परिच्छेदः आठ आर्थिक विकास ........ 85

८.१ पेशा तथा रोजगारीको अवस्था सम्बन्धी विवरण ........ 85

८.२ युवा रोजगारी सम्बन्धी विवरण ........ 85

८.३ रोजगारीका लागि विदेशमा गएकाहरूको विवरण ........ 86

८.४ दैनिक कार्य घण्टा विवरण (महिला र पुरुष) ........ 87

परिच्छेद नौः प्रकोपको विवरण ........ ९१
९.१ प्रकोपको विवरण ........ ९१
९.२ प्रकोपबाट भएको क्षतिको विवरण ........ ९१
९.३ बाल अपराधको विवरण ........ ९२

## तालिका

तालिका १: १० वर्ष र सोभन्दा माथिका अक्सर आर्थिक रुपमा सक्रिय व्यक्तिहरुको रोजगारीको अवस्था अनुसारको जनसंख्या ........ ७

तालिका २ : १८ वर्ष सम्मका बालबालिका भएको घरधुरी विवरण........ २९

तालिका ३: गोलन्जोर गाउँपालिकाको वडागतरुपमा जातजातिको घरधुरी विवरण........ ३०

तालिका ४: वडागत रुपमा घरधुरीले बोल्ने मातृभाषा ........ ३०

तालिका ५: लिङ्गको आधारमा घरमूली विवरण........ ३१

तालिका ६: वडागत रुपमा धर्म अनुसारको घरधुरीको विवरण........ ३२

तालिका ७: ५ वर्ष मुनिका बालबालिकाको जन्मदर्ताको विवरण ........ ३३

तालिका ८: वाल विवाह भएको बालक/बालिकाको विवरण ........ ३४

तालिका ९: विगत तिन वर्षको अवधिमा भएको विवाहको वडागत विवरण ........ ३४

तालिका १०: बालरोग तथा खोपहरूको विषयमा जानकारी  थाहा भएको वा नभएको घरधुरीको विवरण... ३७

तालिका ११: १५ महिना तथा २३ महिना पुगेका बालबालिकाले आर्थिक वर्ष २०७९, साउन देखि २०८० साल असार मसान्त सम्म खोप लिएका तथा २०८० साल साउन देखि २०८१, असार सम्ममा खोप लिएका बालबालिका तथा खोपको विवरणः........ ३८

तालिका १२: ५ वर्ष मुनिका बालबालिकाले पोषिलो खाना पाउने बालबालिका विवरण........ ४०

तालिका १३: घरका सदस्य झाडापखालाबाट बिरामी परेको विवरण ........ ४१

तालिका १४: बालबालिका बिरामी पर्दा उपचार गर्नसक्ने आर्थिक क्षमता भए/नभएका घरधुरीको विवरण. ४१

तालिका १५: बितेको १ वर्षभित्र गर्भवती महिलाको विवरण........ ४२

तालिका १६: गर्भवती महिलाले प्रसुति पूर्व गर्भ जाँच गराएको विवरण........ ४३

तालिका १७: आइरन क्याप्सुल खाएको ........ ४३

तालिका १८:पालिकामा गर्भवती अवस्थामा र प्रसुती पश्चात प्रोटोकल अनुसार स्वास्थ्य परीक्षण  गराउने महिलाको  विवरण........ ४४

तालिका १९: पालिकामा गर्भवती अवस्थामा टिडि खोप लगाएको विवरण........ ४५

तालिका २०: दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरूको विवरण........ ४५

तालिका २१: १ वर्ष मुनिका बालबालिकाको मासिक रुपमा तौल लिने परिवारको विवरण ........ ४६

तालिका २२: गाउँपालिकामा आयुडिनयुक्त नूनको प्रयोग गर्ने घरधुरीको विवरण ........ ४९

तालिका २३: वडागत रुपमा हात धुने बानीको आधारमा घरधुरीको विवरण ........ ५०

तालिका २४: खानेपानीको स्रोतको विवरण ........ ५२

तालिका २५: खानेपानी ल्याउन (जाँदा आउँदा) लाग्ने समयको विवरण ........ ५२

तालिका २६:परिवारको कुनै सदस्य विरामी भएमा उपचारका लागि जाने स्थान ........ ५३

तालिका २७: पाँच वर्षमुनिका बालबालिकाको विगत १ वर्षमा भएको मृत्युको विवरण ........ ५४

तालिका २८: विद्यालय भर्ना नभएका सामान्य क्षमता भएका बालबालिकाको विवरण ........ ५६

तालिका २९: शैक्षिक संस्था तथा छात्र, छात्राको विवरण ........ ५७

तालिका ३०: सामुदायिक र संस्थागत विद्यालयको बालबालिकाको विवरण ........ ६२

तालिका ३१: ५ वर्ष वा सोभन्दा माथिका व्यक्तिले उत्तीर्ण गरेको शैक्षिक तह अनुसार जनसंख्या ........ ६३

तालिका ३२: अपाङ्गता भएका व्यक्तिको विवरण ........ ६३

तालिका ३३: विद्यालय भर्ना नभएका अपाङ्गता भएका बालबालिकाको विवरण ........ ६४

तालिका ३४: बालबालिका र शिक्षकको विवरण ........ ६५

तालिका ३५: विद्यालयमा बालमैत्री शौचालय भए/नभएको विवरण ........ ६६

तालिका ३६: बालमैत्री तथा अपाङ्गमैत्री विशेष कक्षा सञ्चालन भएको विवरण ........ ६७

तालिका ३७: कक्षा पाँचसम्मका बालबालिकालाई घरबाट नजिकको विद्यालय जान लाग्ने समय अनुसारको विवरण ........ ६७

तालिका ३८: कक्षा छ देखि आधारभूत तह (कक्षा ८)सम्मका बालबालिकालाई घरबाट नजिकको विद्यालय जान लाग्ने समय अनुसारको विवरण ........ ६८

तालिका ३९: कक्षा ९ देखि कक्षा १० सम्मका बालबालिकालाई घरबाट नजिकको विद्यालय जान लाग्ने समय अनुसारको विवरण ........ ६९

तालिका ४०: माध्यामिक तह (कक्षा ११ र १२) सम्मका बालबालिकालाई घरबाट नजिकको विद्यालय जान लाग्ने समय अनुसारको विवरण ........ ६९

तालिका ४१: गोलन्जोर गाउँपालिकामा ६ देखि १५ वर्ष उमेर समूहका बीचैमा विद्यालय छाड्ने बालबालिकाको विवरण ........ ७१

तालिका ४२: विद्यालयमा यातना पाउने बालबालिकाको विवरण ........ ७२

तालिका ४३: बालबालिकाले विद्यालयमा पाउने गरेको यातनाको विवरण ........................................ ७२

तालिका ४४: बालश्रमको अवस्था ........................................................................ ७५

तालिका ४५: घरबाहिर रहेका बालबालिकाले भोग्ने गरेका समस्याहरु .......................................... ७५

तालिका ४६: बालबालिकामा गरिने व्यवहार घरमा छोरा र छोरीमा हुने विभेदको अवस्था.................. ७६

तालिका ४७: घरमा छोरा र छोरीमा हुने विभेदको अवस्था........................................................ ७७

तालिका ४८: बालबालिकामा दुर्व्यहारको घटनाको विवरण ........................................................ ७७

तालिका ४९: बालबालिकाले गल्ति गरेमा अभिभावकले गर्ने क्रियाकलाप......................................... ७८

तालिका ५०: बालबालिकालाई वार्षिक कपडामा लगानी गर्नसक्ने अवस्था (सरदर) विवरण................. ७९

तालिका ५१: बालबालिकामा लागुपदार्थ दुर्व्यसनको लत भएका परिवारको विवरण........................... ८०

तालिका ५२: बालबालिकामा लागुपदार्थ दुर्व्यसनको लतको अवस्था ............................................ ८१

तालिका ५३: बितेको १ वर्षभित्र तपाईंको परिवारमा ५ वर्षमुनिका कुनै बालबालिकाको मृत्यु भएका..... ८२

तालिका ५४: घरबाट टाढा रहेका बालबालिकाको विवरण ......................................................... ८३

तालिका ५५: विभिन्न किसिमका अपाङ्गता भएकाको विवरण ....................................................... ८४

तालिका ५६: परिवारको मुख्य पेशा........................................................................... ८५

तालिका ५७:उमेर अनुसारको रोजगार विवरण ....................................................................... ८६

तालिका ५८: वैदेशिक रोजगारीमा जानेहरुको लैङ्गिक विवरण..................................................... ८६

तालिका ५९: घर व्यवहार सम्बन्धी विषयमा निर्णयमा लैङ्गिकताका आधारमा नेतृत्व.......................... ८७

तालिका ६०: बैंकमा खाता संचालनमा महिला र पुरुषको पहुँच .................................................. ८८

तालिका ६१: घरायसी काममा संलग्न विवरण......................................................................... ८८

तालिका ६२ :गाउँपालिकामा विभिन्न प्रकोपबाट प्रभावित परिवारको वडा अनुसारको विवरण ................ ९०

तालिका ६३: विगत ३ वर्ष भित्रमा तपाईको परिवारका मानिसहरुप्र कोपबाट प्रभावित भएका संख्या....... ९१

तालिका ६४: बाल अपराधको/दुर्घटनाको विवरण................................. Error! Bookmark not defined.

तालिका ६५: परिवारमा निर्णय गर्दा बालबालिकाका सहभागि गराएको विवरण ................................ ९२

तालिका ६६: परिवारका सदस्यले विभिन्न कसिमको तालिम लिएको विवरण................................... ९३

तालिका ६७: बालबालिका बालक्लबमा रहेको विवरण ............................................................. ९४

# परिच्छेद एकः वस्तुस्थिति विवरणको परिचय

## १.१ पृष्ठभूमि

बालमैत्री स्थानीय शासन, बाल अधिकार सम्बन्धि समग्र पक्ष (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रबद्धन गरी स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम स्थानीय तहमा सुशासन अभिवृद्धी गर्न ल्याईएको अवधारणा हो। बालबालिका भन्नाले १८ वर्ष भन्दा कम उमेरका बालबालिका भन्ने बुझिन्छ भने बालमैत्री स्थानीय शासन भन्नाले बाल बचाउ, बाल संरक्षण, बाल विकास र सार्थक बाल सहभागिता जस्ता बाल अधिकारका सवाललाई स्थानीयस्तरको नीति, योजना, संरचना, प्रणाली र कार्य प्रक्रियामा केन्द्रिय जिम्मेवारीलाई स्थानीय स्तरमा संस्थागत गर्ने शासकीय पद्दतीलाई जनाउँदछ। बालमैत्री तथा स्थानीय शासनको आपसी सम्बन्ध नेपालको राजनीतिक तथा सामाजिक संरचनामा महत्वपूर्ण छ। यसले स्थानीय स्तरमा बालमैत्री पालिका स्थापना एवं संरक्षण गर्ने क्षमता र प्रयोजनमा मद्दत पुर्याउँछ। विशेष रूपमा बालबालिकाको हकमा संरक्षणको लागि अवस्थाहरू सुनिश्चित गर्दछ र समाजमा बालबालिकाको निम्ति सशक्तिकरणको अवसर प्रदान गर्दछ। बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ को परिच्छेद ४ को दफा १०, क) ४ मा बालमैत्री स्थानीय शासनको अवधारणा र विद्यमान अवस्था सम्बन्धि कार्यान्वयन निर्देशिकाको सूचकमा आधारित भई गाउँपालिका/नगरपालिकामा बालबालिकाको अवस्था सम्बन्धी वस्तुगत विवरण, (प्रोफाइल) तयार गर्ने विषय उल्लेख गरिएको छ। बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ को परिच्छेद २ को दफा १० (३)(ख) मा उल्लेख भए बमोजिम कार्यविधिको अनुसूची १ अनुसारको प्रश्नावलीलाई सहित स्थानीय आवश्यकता र सुझावका केही प्रश्नहरु थप गरी घरधुरी सर्वेक्षण र अनुसूची २ बमोजिमको ढाँचामा रहेर बालबालिकाको वस्तुस्थिति विवरण तयार गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (च) मा स्थानीय तथ्याङ्क संकलन तथा अभिलेखिकरण कार्य स्थानीय तहको काम कर्तव्य र अधिकार क्षेत्र भित्र समावेश गरिएको छ यस आधारमा पनि गाउँपालिका तथा नगरपालिकाले बालबालिकाको वस्तुस्थिति विवरण तथा तथ्याङ्क संकलन, अभिलेख तथा प्रकाशन गर्नु पर्ने कानुनी दायित्व हुन्छ। बालबालिकाको वस्तुस्थिति विवरणले गाउँपालिका तथा अन्य सेवा प्रदायक तथा विकास साझेदारहरुलाई बालबालिकासँग सरोकार राख्ने र आवश्यक भएको कार्य गर्न मार्गदर्शन गर्दछ। यसै सिलसिलामा, गोलन्जोर गाउँपालिकाले पनि बालमैत्री स्थानीय शासनको अवधारणा अगाडि बढाएको छ। बालमैत्री स्थानीय शासनको कार्यान्वयन तथा बालमैत्री पालिका घोषणाको लागि पूरा गर्नु पर्ने चरणहरु मध्य पूर्व तयारीको चरणमा बालबालिकाको वस्तुस्थिति विवरण तयार गरिन्छ। यस गोलन्जोर

गाउँपालिकाको बालबालिकाको वस्तुस्थिति विवरण तयार गर्नका निम्ति यस पालिकाका सात वटै वडाको (डुडभन्ज्याङ, वितीजोर, भुवनेश्वरी, तीनकन्या, रतनचुरा, बाशेश्वर र भिमेश्वर) घरधुरी सर्वेक्षण, आवश्यक प्राथमिक तथा द्धितिय स्रोतका सूचना सङ्कलन, गाउँपालिकाका विभिन्न प्रकाशन र प्रतिवेदनहरुको अध्ययन विश्लेषण र संश्लेषण गरिएको छ जसले गाउँपालिका लगायत अन्य सरोकारवाला संस्था वा निकायलाई विकासका कार्यक्रमहरू बालमैत्री दृष्टिकोणबाट सञ्चालन गर्न, बालबालिकासँग साझेदारी गर्न र अल्पकालीन एवंम दीर्घकालीन योजना बनाउनका लागि सहयोग पुर्याउँदछ। गाउँपालिकाका बालबालिकाको विविध पक्षहरूको वास्तविक स्थिति, तथ्यांक र सूचनाको आधारमा पहिल्याउन सकिन्छ र सो आधारमा बालबालिकाको लागि प्रभावकारी योजनाको छनौट हुन सक्दछ साथै बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि आवश्यक लगानी योजना पनि वस्तुनिष्ठ, प्रभावकारी र आवश्यकतामा आधारीत बन्न सक्दछ। बालबालिकाको वस्तुस्थिति विवरण तयार गर्दा तथ्याङ्कको शुद्धताका लागि विशेष ध्यान दिइएको छ।

गोलन्जोर गाउँपालिकाको बालबालिकाको वस्तुस्थिति विवरणलाई आधार मानि बालबालिकामा देखा परेका समस्या तथा सवालहरुलाई सुधार गर्न सरोकारवालाहरुलाई संस्थागत गर्न, दिर्घकालिन योजना तयार गरी कार्यान्वयनमा सहयोग पुर्याउन सहयोग पुग्ने अपेक्षा गरिएको छ साथै गाउँपालिकाले समय समयमा अद्यावधिक गरी यसको आधारमा बनेको लागानी योजना र बजेटको प्रभावकारी कार्यान्वयन गरी बालमैत्री स्थानीय शासनको कार्यान्वयनमा गोलन्जोर गाउँपालिकाले सफलता प्राप्त गर्ने विश्वास गरिएको छ।

## १.२ वस्तुस्थिति विवरण निर्माणका उद्देश्यहरू

गोलन्जोर गाउँपालिका र अन्य विकास साझेदारहरुलाई तथ्याङ्कमा आधारित, व्यवस्थित बालबालिकाको वस्तुस्थिति विवरणले बालबालिकाको हालको वास्तविक अवस्था पहिचान गरी आगामी कार्ययोजना, लगानीका क्षेत्र तथा प्राथमिकता निर्धारण गर्न दिशानिर्देश गर्दछ। बालबालिका सम्बन्धि आवधिक तथा वार्षिक लगानी योजना बनाउन आवश्यक सहयोग गर्नुका साथै बालमैत्री गाउँपालिका बनाउन बालबालिकाको वस्तुस्थिति विवरणले महत्वर्पूण योगदान गर्दछ। बालबालिकाको वस्तुस्थिति विवरणको मुख्य उद्देश्यहरु निम्न अनुसार रहेका छन्।

- ❖ बालबालिकासँग सम्बन्धित विभिन्न क्षेत्रको तथाङ्कगत अवस्था पत्ता लगाउने तथा विश्लेषण गर्ने।

- ❖ गोलन्जोर गाउँपालिका अन्तर्गतका सात वटै वडाको बालबालिकाको अधिकारका चार पक्षहरु (बाल बचाउ, बाल संरक्षण, बाल विकास, र बाल सहभागिता) सँग सम्बन्धित हालको अवस्थाको खण्डिकृत तथ्याङ्क तयार गर्ने।
- ❖ बालबालिकाको समष्टीगत क्षेत्रको समस्या, सवाल र अवस्था पहिचान गरी लगानीको क्षेत्र निधारण गर्ने।
- ❖ बालबालिकाको क्षेत्रमा कम गर्ने व्यक्ति तथा संस्थाहरुलाई एउट र सहज सूचना प्रवाह गर्ने
- ❖ गोलन्जोर गाउँपालिकाको बालबालिकाको नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्दा आवश्यकताको आधारमा सहयोग पुर्याउने ।
- ❖ गाउँपालिका भित्रको बालबालिकासँगको सामाजिक, आर्थिक, शैक्षिक, भौगोलिक अन्तरसम्बन्ध अध्ययन तथा विश्लेषण गर्ने।
- ❖ गोलन्जोर गाउँपालिकामा बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि अवसर र चुनौतीको पहिचान गरि बालमैत्री पालिका घोषणाको आधार तयार गर्ने ।

## १.३ वस्तुस्थिति विवरण निर्माण विधि

गोलन्जोर गाउँपालिकाको बालबालिकाको वस्तुस्थिति विवरण तयार गर्नका निम्ति गाउँपालिकाले अगाडि सारेका नीति, कार्यक्रमको निम्ति छुट्टाईएको बजेट तथा योजनाहरू, गाउँपालिकाले तयार गरेको बालबालिकासँग सम्बन्धि विभिन्न कार्यविधिहरु अध्ययन गर्नुका साथै बालमैत्री स्थानीय शासन घोषणा कार्यविधिमा भएको पारिवारिक तथा संस्थागत तथ्यांक संकलनका लागी तयार पारिएको प्रश्नहरुको आधारमा गाउँपालिकासँग छलफल गरि सल्लाह सुझाव संकलन गरिएको थियो। बालबालिकाको वस्तुस्थिति विवरण तयार गर्न निम्नानुसारको विधि प्रयोग गरियो।

प्रश्नावली स्वीकृत : बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७९ अनुसार प्रश्नावली सहितको सर्वेक्षण फारम तयार गरी गोलन्जोर गाउँपालिकाको सरोकारवालाहरु, विषयगत शाखाको प्रमुख तथा प्रतिनिधिहरु सहितको बैठकबाट आएका सुझावहरुलाई समेट्दै प्रश्नावली स्वीकृत गरिएको थियो।

मोबाइल एप्प प्रयोग : प्रश्नावलीलाई Field Task नामक मोवाईल एप्पमा राखेर तथ्याङ्क संकलन गरिएको थियो।

सम्पर्क व्यक्ति-गणक छनौट : पारिवारिक तथ्यांक सङ्कलनमा सहयोग पुर्याउनका लागि गाउँपालिका र कन्सल्टयानटको तर्फबाट एक जना सम्पर्क व्यक्ति तोकियो। सम्पर्क व्यक्तिको सहयोगमा सम्पूर्ण वडाका वडा अध्यक्षहरुलाई गणक छनौटका लागि पत्राचार गरियो र वडा अध्यक्षहरुले वडा नं १ बाट २ जना, वडा २ बाट १ जना, वडा ३ बाट २ जना, वडा ४ बाट २ जना, वडा ५ बाट २ जना, वडा ६ बाट ३ जना र वडा ७ बाट २ जना गरी जम्मा १४ गणकहरु छनौट गरियो।

- **अभिमुखिकरण र परिचालन** : प्रत्येक वडाबाट गणकहरु छनौट भएर आईसके पश्चात गणकहरुको नाम मोवाईल एप्सको system मा Field Task राखियो ताकी गणकहरुलाई तथ्यांक संकलनका क्रममा अनलाईन अनुगमन गर्न सकियोस् र छिटो भन्दा छिटो कार्य सम्पन्न गर्न सकियोस्।तत् पश्चात गणकहरुलाई एक दिनको तथ्याङ्क सङ्कलनको प्रक्रिया, प्रश्नोत्तर सम्वन्धी अभिमुखिकरण कार्यक्रमको आयोजना गरियो।अभिमुखिकरणमा संलग्न  गणकहरुको परीक्षणका लागि एक दिन नमुना तथ्याङ्क सङ्कलन कार्य गर्न लगाईयो।त्यसपछि गणकहरुलाई सम्बन्धित वडामा तथ्याङ्क सङ्कलनका लागि परिचालन गरिएको थियो।
- **सहजिकरण** : प्रत्येक वडामा गणकहरुलाई एक दिनको तथ्याङ्क सङ्कलनका कार्यको सहजिकरण गरिएको थियो।
- **द्धितिय तथ्याङ्क संकलन** : गाउँपालिकाको विभिन्न विषयगत शाखा, विषयगत कार्यालय तथा विभिन्न संघसंस्थाहरूबाट उपलब्ध तथ्याङ्कहरू समावेश गरिएको थियो ।
- **अन्तर्वार्ता तथा छलफल** : केहि मुख्य सूचनादताहरुसँग तथा बालबालिकासँग सरोकार राख्ने व्यक्तिहरुसँग अन्तर्वार्ता र लक्षित समूहमा छलफल गरिएको थियो ।
- **तथ्याङ्क प्रशोधन तथा विश्लेषण** : मोवाईल एप्सबाट आएका तथ्याङ्कहरुलाई संकलन व्यवस्थापन गर्नुका साथै तथ्यांकको प्रशोधन, विश्लेषण गरिएको थियो।तथ्याङ्कको विश्लेषणका क्रममाविभिन्न तालिकाहरू, चित्रहरू तथा नक्साको प्रयोग गरी वर्णनात्मक तथा तुलनात्मक रुपमा विश्लेषण गरिएको छ।
- **मस्यौदा तयारी र प्रस्तुतीकरण** : तथ्याङ्क सङ्कलनका क्रममा छुटेका र नमिलेका तथ्याङ्कहरुलाई अद्यावधिक गर्ने, सङ्कलित तथ्याङ्कमा सम्वन्धित सबैको सल्लाह सुझाव सङ्कलन गरि बालबालिकाको वस्तुस्थिति विवरणलाई अन्तिम रुप दिनका लागि मस्यौदा तयार पारी कार्यपालिका सदस्य, गाउँपालिका र विषयगत कर्मचारीहरु वीचमा प्रस्तुतिकरण गरिएको थियो।
- **बालबालिकाको वस्तुस्थिति विवरण तयार** : बालबालिका वस्तुस्थितिको विवरण मस्यौदा प्रस्तुतिकरणबाट आएका सल्लाह सुझावहरुलाई सम्बोधन गरी गाउँपालिकाको बालबालिकाको वस्तुस्थिति विवरणलाई अन्तिम रुप दिइयो।

# परिच्छेद दुई: गाउँपालिकाको परिचय

## २.१. गोलन्जोर गाउँपालिकाको भौगोलिक अवस्थिति

गोलन्जोर गाउँपालिकाको नक्सा




वागमती प्रदेश अन्तर्गत सिन्धुली जिल्लामा ७ वटा गाउँपालिका र २ वटा नगरपालिका रहेका छन्।७ वटा गाउँपालिका मध्यको एक पालिका गोलन्जोर गाउँपालिका पर्दछ जसको मुख्य केन्द्र ग्वालटार रहेको छ। भौगोलिक हिसावले पहाडी क्षेत्रमा (गढतीर क्षेत्र) पर्ने यस गाउँपालिकाको पूर्वमा फिक्कल र तीनपाटन गाउँपालिका, पश्चिममा सुनकोशी र कमलामाई गाउँपालिका, उत्तरमा सुनकोशी नदी र रामेछाप जिल्ला र दक्षिणमा कमलामाई र तीनपाटन गाउँपालिका पर्दछन्।ऐतिहासिक सिन्धुलीगढीको जिल्ला भनेर परिचित सिन्धुलीलाई जुनारको जिल्लाको रुपमा समेत चिनिन्छ।नमुना राजमार्गका रुपमा बिपी राजमार्ग निर्माण भई सञ्चालनमा आए पश्चात मधेश तथा कोशी प्रदेशलाई राजधानीसँग जोडने प्रमुख द्वारको रूपमा पनि चिन्न सकिन्छ।सिन्धुली जिल्लाका साविक डुडभन्ज्याङ, वितीजोर, भुवनेश्वरी, तीनकन्या, रतनचुरा, बाशेश्वर र भिमेश्वर गरी ७ वटा गाउँ विकास समितिहरूलाई एकीकृत गरी ७ वटा वडा कायम गर्ने गरी नेपाल सरकारको मिति २०७३/११/२७ गतेको निर्णयले देशभरिका अन्य स्थानीय तह जस्तै यस गोलन्जोर गाउँपालिकालाई स्थानीय तहको रूपमा घोषणा गरिएको हो ।

## २.२. हावापानी र भूःउपयोग

वागमती प्रदेश, सिन्धुली जिल्लामा पर्ने यस गोलन्जोर गाउँपालिका भौगोलिक हिसाबले २७°१६’०” उत्तर ८६°०३’४५” पूर्व सम्म फैलिएको छ।गोलन्जोर गाउँपालिकाको मुख्य केन्द्र वडा नं ३ को ग्वालटार हो। गोलन्जोर गाउँपालिकाको कुल क्षेत्रफल १८४.१३ वर्ग किलोमिटर रहेको छ जुन सिन्धुली जिल्लाको कुल क्षेत्रफलको ७.३९ प्रतिशत हो। समुन्द्री सतहबाट ७८० मिटरको उचाइमा अवस्थित यस गाउँपालिकामा विषम हावापानी (उष्ण, उपोष्ण र समशीतोष्ण) पाइने गर्दछ।यो

पालिकाको औसत तापक्रम ५°C देखि २८.३°C सम्म, वार्षिक औसत १४२० मिलिमिटर वर्षा हुने गर्दछ। सिन्धुली जिल्ला अन्तर्गत पर्ने सुनकोशी नदी यस गाउँपालिकाको उत्तरबाट बहने मुख्य नदी हो।

## २.३. ऐतिहासिक पृष्ठभूमि तथा विशेषता

सिन्धुली जिल्लाका साविकका गाउँ विकास समितिहरू वाशेश्वर, रतनचुरा र तीनकन्याको बीच भागमा पर्ने प्रसिद्द पर्यटकीय स्थल गोलन्जोर डाँडाको नामबाट यस गाउँपालिकाको नाम गोलन्जोर रहन गएको भन्ने कथन रही आएको छ। सिन्धुली जिल्लाकै दोश्रो अग्लो डाँडाको रुपमा रहेको यस डाँडा ऐतिहासिक महत्व बोकेको रमणीय पर्यटकीय स्थलका रुपमा चिनिन्छ। यसैगरी, वि.सं. २००७ सालको जहानिया निरंकुश राणा शासन विरुद्द भएको आन्दोलनका क्रममा २० वर्षको कलिलो उमेरमा आफ्नो ज्यान गुमाएका सहिद बाबुराम बरालको स्मृतिमा यस पालिकाको वडा नं ३ (भुवनेश्वरी) मा स्मृति पार्क निर्माण भएकोले वडा नं ३ को पनि आफ्नै ऐतिहासिक महत्व रहेको छ। वडा नं २(वितिजोर)मा पर्ने भिमलेश्वोर मन्दिर वि.सं १९०३ सालको कोत पर्वको पाप मोक्षको निम्ति राणाहरु ले निर्माण गरेको मन्दिरको रुपमा परिचित छ।यसैगरी वडा नं ६ (बाशेश्वर) मा अवस्थित बाशेश्वर मन्दिर यस पालिका मात्र नभएर सिन्धुली जिल्लाकै प्रमुख धार्मिक स्थलका रुपमा प्रसिद्ध रहेको छ।

## २.४. गाउँपालिकाको आर्थिक अवस्था

यस पालिकाको आर्थिक पक्षको मुल आधार कृषि रहेको छ भने सहायकको रुपमा उद्योग, पर्यटन, र व्यापार रहेका छन्।सुनकोशी नदी किनार हुँदै निर्माण भएको पुष्पलाल मध्य पहाडी लोक मार्गले यस गाउँपालिकाको वडा नं ४ बाहेक अन्य सबै वडा (७ वटा वडा) लाई छुनुकासाथै बनेपा बर्दिबास सडक खण्डले पनि यस गाउँपालिकाका विभिन्न स्थानलाई छुने भएकाले राजमार्गका छेउछाउमा होटल, रेस्टुरेन्ट तथा हाट बजार फस्टाउने मौका पाएका कारण यस पालिकाको आर्थिक पक्ष सबल हुँदै गएको देखिन्छ।वडा नं ७ (भिमेश्वोर) मा रहेको खुर्कोट बजार सिन्धुली जिल्लाकै दोश्रो ठूलो बजारको रुपमा परिचित छ।वडा नं ५ अन्तर्गत वि.पि. राजमार्गमा पर्ने खनियाखर्क यस पालिकाको अर्को ठूलो व्यापारिक क्षेत्रको सम्भावना बोकेको स्थल बन्दै गईरहेको छ।

## २.५ गाउँपालिकाका बासिन्दाहरूको प्रमुख व्यवसाय तथा रोजगारीको अवस्था

गोलन्जोर गाउँपालिकाका अधिकांश बासिन्दाहरुको प्रमुख व्यवसाय कृषि रहेको छ भने अन्य पेशामा जागिरे, ज्याला मजदुरी तथा व्यापार व्यवसाय रहेको छ। यस पालिकाका रतनचुरा, तिनकन्य,

डुडभन्ज्याङ्ग, वितिजोर, वासेश्वोर क्षेत्रका वासिन्दाको प्रमुख आम्दानीको स्रोत नगदे बालीको रुपमा खेति गरिने जुनार रहेको छ जुन नेपालमै प्रसिद्द रहेको छ भने अन्य नगदे बालीमा सुन्तला, कागती, आँप, केरा, भुइँकटहर आदि पर्दछन्। उत्पादन हुने प्रमुख बालीहरूमा मासको दाल, धान, मकै, गहु, कोदो, फापर आदि हुन्। विगतका वर्षहरुमा तरकारी खेती घरायसी प्रयोजनका लागि उत्पादन गरिने गरेकोमा हालका वर्षहरुमा मानिसहरु स्थानीय तथा नजिकैका बजारमा विक्री गर्न पनि तरकारी उत्पादन गर्न थालेका छन् ।

**तालिका १: १० वर्ष र सोभन्दा माथिका अक्सर आर्थिक रुपमा सक्रिय व्यक्तिहरुको रोजगारीको अवस्था अनुसारको जनसंख्या**

| | जम्मा संख्या /प्रतिशत | पुरुष संख्या/प्रतिशत | महिला संख्या/प्रतिशत |
|---|---|---|---|
| रोजगार | ७६२९ (९२.५%) | ४४१६ (९४.१%) | ३२१३ (९०.४%) |
| बेरोजगार | ६२१ (७.५%) | २७८ (५.९%) | ३४३ (९.६%) |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

गोलन्जोर गाउँपालिकामा आर्थिक रुपले सक्रिय हुने उमेर समूहको जनसंख्यामा रोजगार र बेरोजगार विवरण माथिको तालिकामा रहेको छ। यस गाउँपालिकामा सक्रिय जनसंख्याको ९६.० प्रतिशत रोजगार रहेका छन भने ४.० प्रतिशत बेरोजगार जनसंख्या रहेका छन्। यहाँका बासिन्दाहरु रोजगारीका लागि बैदेशिक रोजगारमा र देशभित्र राजधानी र नजिकको शहरहरुमा जागिर र ज्यालादारीका लागि जाने गरेका छन्।

## २.६. विकासको सम्भावना, अवसर, चुनौती र समस्याहरू

सिन्धुली जिल्ला अन्तर्गत पर्ने यस गोलन्जोर गाउँपालकाको विकासका थुप्रै अवसर र चुनौतीहरु रहेका छन्। कृषि योग्य भुभागले भरिएको यस गाउँपालिकामा व्यवसायिक कृषि र उद्यमशिलताको ठूलो सम्भावना रहेको छ यद्यपी बजारको पहुँच कृषिका आधारभुत पुर्वाधार र बीउ बिजनको कमि मुख्य चुनौतीको रुपमा रहेको छ।

यस गाउँपालिकाका सबै वडाहरुमा सडक, विद्युत, शिक्षा, स्वास्थ्य शुद्द खानेपानीको पहुँच पुगेको छ। कृषि, पशुजन्य कच्चा पदार्थको उपलब्धता, गाउँपालिकाको सबैजसो वडाहरूमा सडक, विजुली, पानी लगायत आधारभूत औद्योगिक पूर्वाधारको विकासका लागि पर्याप्त सम्भाव्य जमिन  रहेको हुँदा गाउँपालिकामा कृषि, पशुपालन लगायतको उद्योगका साथै पर्यटन उद्द्योगको समेत विकासको सम्भावना रहेको छ। अर्थतन्त्रका यिनै विशेष क्षेत्रहरूमा गाउँपालिकाको प्राथमिकता केन्द्रित गर्नु

उपयुक्त रहन्छ। गोलन्जोर गाउँपालिकाको विकासका सम्भावना, अवसर र चुनौतिहरू निम्न रहेका छन् ।

### २.६.१ विकासका सम्भावना तथा अवसरहरू

- गाउँपालिकाको प्राथमिकतामा पुर्वाधार विकास, सामाजिक र मानविय विकास रहेको छ ।
- यस गाउँपालिकामा पर्यटन क्षेत्रको विकास र विस्तारको सम्भावना छ जसको माध्यमबाट स्थानीय स्तरमा रोजगारी वृद्धि र उद्यमशिलताको विकास गर्न सक्ने प्रशस्त सम्भावना रहेको छ ।
- उर्बर कृषि जमिन, पोखरी र जैविक विविधता जस्ता प्राकृतिक सम्पदाको यथेष्ट उपलब्धता रहेको छ ।
- यस गाउँपालिको विकास आयोजनाहरुलाई संघीय, प्रदेश सरकार तथा विभिन्न विकास साझेदारहरुले सहयोग गरिरहेका छन् ।
- गाउँपालिकामा विभिन्न सामाजिक संघ सस्थाहरु, सहकारीसस्था, महिला समूह, किसान समूह र युवा क्लब जस्ता संस्था छन् जसले गाउँपालिकाको विकासमा साझदारी गरी रहेका छन्।

### २.६.२. विकासका समस्या तथा चुनौतीहरू

- गाउँपालिकाको आवश्यकताको तुलनामा बजेटको सिमीतता हुनु, आयस्रोतको कमिले गाउँपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु ।
- गाउँपालिकामा प्राकृतिक प्रकोप तथा जलवायु परिर्वतनको प्रत्यक्ष प्रभाव हुनु ।
- गोलन्जोर गाउँपालिका भित्र आवश्यक रोजगारमूलक उद्योगधन्दा, कलकारखाना नहुनु, व्यवसायिक कृषि र उद्यमशिलताको अभाव कारण युवा र प्रयाप्त दक्ष जनशक्तिको आभाव हुनु ।
- गाउँपालिकाको सार्वजनिक निर्माण र विकासका कार्यहरुमा सम्बन्धित निकायहरूको समन्वय र जनसहभागिताको अभाव हुनु ।
- गोलन्जोर गाउँपालिकामा दक्ष जनशक्ति र पुर्वाधार सहितको स्वास्थ्य, उच्च शिक्षा, आधुनिक सिचाई, प्रयाप्त गुणस्तरीय खानेपानी र पक्की सडक पुर्वाधार नहुनु ।
- संरक्षण र प्रबद्र्धनको कमीले परम्परागत ज्ञान र सीपहरुको लोप हुँदै जानु ।

❖ न्यून प्राविधिक जनशक्ति तथा सेवा केन्द्र हुनु ।

# परिच्छेद तीनः बालमैत्री स्थानीय शासनको अवधारणा र कार्यक्षेत्र

## ३.१. बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता

बालअधिकार सम्बन्धी संयुक्त राष्ट्र संघको बालअधिकार सम्बन्धी महासन्धि-१९८९ धारा १ ले बालबालिका सम्बन्धी कानूनले पहिले नै बालिग हुन्छ भनी तोकेकोमा बाहेक १८ वर्षभन्दा कम उमेरका मानिसलाई सम्झनुपर्छ भनी परिभाषित गरेको छ।बालबालिका सम्बन्धी ऐन-२०७५ ले बालबालिका भन्नाले अठार वर्ष पूरा नगरेका व्यक्ति सम्झनु पर्छ भनेको छ।नेपाल सरकारले बालअधिकार प्रर्वद्धनका लागि राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा विभिन्न प्रतिबद्धता व्यक्त गरेर बालअधिकार कार्यान्वयन गरिरहेको छ।बालअधिकार प्रर्वद्धनका लागि व्यक्त प्रतिबद्धता बमोजिम बालबचाउ, बालसंरक्षण, बालविकास र बालसहभागिता जस्ता बालअधिकारका सवाललाई स्थानीय तहको नीति, संरचना, प्रणाली र कार्य प्रकृयाका सवालमा संस्थागत गर्ने शासन पद्धति नै बालमैत्री स्थानीय शासन हो।नेपाल सरकारले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका-२०७८ तथा बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि-२०७९ जारी गरी बालमैत्री स्थानीय शासन प्रणाली प्रर्वद्धनको थालनी गरेको छ।स्थानीय तहहरूले अवलम्बन गर्ने योजना तर्जुमा, बालबालिकासँग सम्बन्धित नीति निर्माण र निर्णय प्रक्रियामा बालबालिका र उनीहरूका अभिभावक तथा बालबालिकासँग सरोकार राख्ने संघ-संस्थाहरूको सहभागिता र उनीहरूको भूमिका सुनिश्चित गर्नु नै बालमैत्री स्थानीय शासन हो।बालमैत्री स्थानीय शासन बालअधिकार सम्बन्धी समग्र पक्षको प्रवर्धन गरी स्थानीय सरकार सञ्चालन ऐन-२०७४ बमोजिम स्थानीय तहमा सुशासन अभिवृद्धि गर्न ल्याइएको अवधारणा हो।बालबालिकाको विकासका लागि स्थानीय तहहरुबाट नीतिगत तथा संस्थागत स्थानीय सेवा प्रदान गर्दा बालबालिकाको हक अधिकारहरु सुनिश्चित गर्नु यस बालमैत्री स्थानीय शासनको प्रमुख उद्देश्य हो।बालमैत्री पद्धतिले बालबालिकाको अर्थपूर्ण सहभागितामा उनीहरूकै निम्ति अनुकूल हुने गरी योजना तर्जुमा, बजेट विनियोजन गर्ने तथा गाउँ सभाबाट यस्ता योजना तथा बजेट स्वीकृत, स्वीकृत योजनाको कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन गर्न सघाउँदछ। बालमैत्री स्थानीय शासन एउटा यस्तो रणनीतिक खाका हो जसले बालबालिकालाई विकासको केन्द्रमा राखी स्थानीय तह, सरकारी निकाय र नागरिक समाज समेतको सुशासन सवलीकरणमा जोड दिन्छ ।

### ३.१.१ बालमैत्री स्थानीय शासनको आवश्यकता

बालअधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धि-१९८९, नेपालको संविधान-२०७२, बालबालिका सम्बन्धी ऐन-२०७५, बालबालिका सम्बन्धी नियमावली-२०७८, दिगो विकासका लक्ष्यमा उल्लेख गरिएका बालबचाउ, बालसंरक्षण, बालविकास र बालसहभागिता जस्ता बालअधिकारका मूलभूत

विषयलाई सम्बोधन गरी बालअधिकार सुनिश्चित गर्नु राज्यको प्रमुख दायित्व रहेको छ।यस परिप्रेक्ष्यमा नेपालको शासकीय पद्धति र सेवाप्रवाहका सम्बन्धमा बालबालिकाका सवालहरू सम्बोधन गर्न आवश्यक ठानी विगत लामो समयदेखि नेपालमा बालबालिकाको अधिकारलाई प्रत्याभूत गराउन तथा बालमैत्री स्थानीय शासन प्रवर्धन गर्न सरकारी तथा गैरसरकारी क्षेत्रबाट विभिन्न कार्यक्रमहरू सञ्चालन भई रहेको छ।यस्ता कार्यक्रमलाई निरन्तरता दिदै यस गोलन्जोर गाउँपालिकाले पनि बालबालिकाको लागि नीति तथा कार्यक्रम बनाइ रहेको छ।नेपालको संविधान-२०७२ अनुरुप राष्ट्रका सबै स्थानीय तहमा सञ्चालन हुने कार्यक्रम तथा गतिविधिहरू बीच एकरूपता कायम गरी बालबालिकाको सर्वाङ्गीण विकास गर्न आवश्यक छ।तसर्थ स्थानीय सरकारको शासन प्रक्रियामा बालबालिकाको अधिकार सम्बन्धी सवाललाई समावेशी सिद्वान्तको आधारमा मूलप्रवाहीकरण गर्नका लागि बालमैत्री स्थानीय शासनको आवश्यकता रहेको छ।गाउँपालिकामा बालमैत्री स्थानीय शासनको आवश्यकता निम्न रहेका छन् :

- ❖ बालबालिकाले आफ्ना लागि आफै योजना बनाउने परिपाटी विकास गर्न ।
- ❖ बालबालिका विरुद्ध हुने सबै प्रकारको शोषण, दुर्व्यवहार, जोखिम र भेदभावको अन्त्य गर्दै बालबालिकाहरुको जीवनस्तरमा सुधार गर्न ।
- ❖ बालबालिकाहरुले आफ्नो अधिकार प्राप्त गरी कर्तव्यप्रति पनि जिम्मेवारी बोध गर्न ।
- ❖ बालबालिकाको आधारभूत अधिकारको संरक्षण र उनीहरुको विकासका लागि अनुकूल बालमैत्री वातावरणको सिर्जना गर्न ।
- ❖ बाल सञ्जालहरुको विकासर बाल सहभागिताको विकास गर्न ।
- ❖ बालबालिकालाई हेला, श्रम शोषण, दुर्व्यवहार, बेचबिखन जस्ता जोखिमहरुबाट संरक्षण गर्न।
- ❖ परिवार र स्थानीय तहहरुमा बालबालिकाप्रति संवेदनशील भई लगानी गर्ने बानीको विकास गर्न ।
- ❖ बालबालिकाका ईच्छा, चाहाना, सवाल र समस्या प्रति सरोकारवालालाई जिम्मेवार बनाउन।
- ❖ बालबालिकालाई सुरक्षित रुपमा भविष्य निर्माण गर्ने वातावरण बनाउन ।
- ❖ निर्णय प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता गराई उनीहरुको आवाज सुनुवाई गर्न।
- ❖ आफ्ना सरोकारका विषयमा बालबालिकाले बोल्न पाउनु र उनीहरुले बोलेका कुराहरु निर्णयकर्तालाई बुझाउन सक्ने अवसरको सिर्जना गर्नु ।

- ❖ देशका लागि सक्षम नागरिक तयार गर्दै समाजको अग्रगामी विकास गर्न ।
- ❖ बाल सरोकारका विषयमा बालबालिकाले नेतृत्व लिने अवसर निर्माण गर्न ।
- ❖ बालबालिकाहरुमा आत्मवल र विश्वासको विकास भई वयस्कप्रति सम्मानको भावना जागृत गर्न ।
- ❖ बालबालिकाको उज्जवल भविष्य निर्माण गर्न ।

## ३.२ बिद्यमान ऐन नियममा बालबालिका सम्बन्धी व्यवस्था

नेपाल सरकारले संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्वन्धी महासन्धी-१९८९ लाई १४ सेप्टेम्बर -१९९० (वि.सं. २०४७ साल भाद्र २९ गते) मा अनुमोदन तथा हस्ताक्षर गरे पश्चात नेपालमा बाल अधिकार संरक्षण तथा प्रवर्धनका समग्र क्षेत्रमा कानुनी व्यवस्था गरी बालअधिकार सुनिश्चित गरिएको छ । बाल अधिकारका विषयमा नेपालको संविधानमा मौलिक हकका साथै राज्यका निर्देशक सिदान्त, नीति तथा दायित्वका विभिन्न धारा तथा उपधाराहरु आकर्षित हुन्छन् भने नेपालमा ४० भन्दा वढी ऐन-नियमहरुमा बालबालिकासंग सरोकार राख्ने प्रावधानहरु छन्।जसमा निम्न संवैधानिक व्यवस्था, ऐन नियमहरु बालबालिकाकासंग प्रत्यक्ष सरोकार राख्दछन्।

### ३.२.१ केहि कानुनी व्यवस्थाहरु

**(क) नेपालको संविधान – २०७२**

नेपालको संविधान– २०७२ ले बालबालिकाको हकलाई मौलिक हकको रुपमा सुनिश्चित गरेको छ। यो सगै नेपालको संविधानको धारा १८ मा समानताको हक, धारा ३१ शिक्षा सम्बन्धि हक, धारा ४१ सामाजिक सुरक्षा सम्बन्धि हक प्रत्यक्ष बालबालिकासँग जोडिएका छन् । नेपालको संविधानको धारा ३९ मा १० वटा उपधाराहरुमा बालबालिकाका विभिन्न अधिकारहरुलाई मौलिक हकको रुपमा समावेश गरेको छ जुन देहाय बमोजिम रहेको छ।

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्म दर्ताको हक हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन।

(५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानुनी ओसारपसार या अपहरण गर्न वा बन्धक राख्न पाइने छैन।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक  वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन।

उपधारा(८) मा प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ।

उपधारा(९) मा असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ।

(१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

**(ख) बालबालिका सम्बन्धी ऐन-२०७५**

बालबालिका सम्बन्धी ऐन-२०४८ लाई विस्थापन गर्दै बालबालिका सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बालबालिका सम्बन्धी ऐन-२०७५ जारी भएको छ।हाम्रो देश नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकको रुपमा स्थापित गरिसकेपछि मौलिक हकको कार्यान्वयन गर्न र नेपालले विभिन्न बालबालिका र बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय स्तरमा जनाएको प्रतिबद्धतालाई समेत कार्यान्वयन गर्न बालबालिका सम्बन्धी ऐन-२०४८ मा समय सापेक्षिक सुधार गरी बालबालिका सम्बन्धी ऐन-२०७५ जारी गरिएको हो।बालबालिका सम्बन्धी ऐन-२०७५ मा संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धि-१९८९ को मूलभूत सिद्धान्त र विषयगत चार आयामहरु (बचाउ, संरक्षण, विकास र सहभागिता) समेटिएका छन् ।यस ऐनको परिच्छेद २ मा बाल अधिकार अन्तर्गत दफा ३ मा बाँच्न पाउने अधिकार, दफा ४ मा नाम, राष्ट्रियता र पहिचानको अधिकार, दफा ५ भेदभाव विरुद्धको अधिकार, दफा ६ बाबु आमासँग बस्ने र भेटघाट गर्ने अधिकार, दफा ७ मा संरक्षणको अधिकार, दफा ८ मा सहभागिताको अधिकार, दफा ९ मा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार, दफा १० मा संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार, दफा ११ मा गोपनीयताको अधिकार, दफा १२ मा अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार, दफा १३ मा पोषण तथा स्वास्थ्यको अधिकार, दफा १४ मा खेलकुद, मनोरञ्जन

तथा संस्कृतिक अधिकार र दफा १५ मा शिक्षाको अधिकारका प्रावधानहरु समावेश गरिएका छन्।यसैगरी यस ऐनको परिच्छेद ३ मा बालबालिका प्रतिको दायित्व अन्तर्गत दफा १६ मा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्ने, दफा १७ मा परिवार वा संरक्षकको दायित्व, दफा १८ मा राज्यको दायित्व र दफा १९ मा सञ्चार क्षेत्रको दायित्व सम्बन्धी प्रावधानहरु समावेश गरिएका छन्।परिच्छेद ४ मा बाल न्याय अन्तर्गतका विभिन्न प्रावधानहरु राखिएका छन् । परिच्छेद ५ मा बालबालिकाको विशेष संरक्षण र पुनःस्थापना अन्तर्गत दफा ४८ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको समूह, दफा ४९ मा बैकल्पिक हेरचाहको व्यवस्था, दफा ५० मा बालबालिकाको संरक्षण, दफा ५१ मा संरक्षकको नियुक्त गर्ने वा तोक्ने, दफा ५२ मा बालगृहको स्थापना तथा सञ्चालन लगायत दफा ५७ मा बाल संरक्षण सम्बन्धी मापदण्डका विषयहरु समावेश भएका छन् ।

यसैगरी परिच्छेद ६ मा बाल अधिकार तथा बाल कल्याण सम्बन्धी संस्थागत व्यवस्था अन्तर्गत दफा ५९ मा राष्ट्रिय बाल अधिकार परिषद्, दफा ६० मा प्रदेश र स्थानीय तहको बाल अधिकार समिति, दफा ६१ मा बाल कल्याण अधिकारी, दफा ६२ मा समाजसेवी तथा बाल मनोविज्ञ लगायत दफा ६३ मा बाल कोषको विषयका प्रावधानहरु रहेका छन् । परिच्छेद १० मा विविध अन्तर्गत दफा ७७ मा बालबालिकाको कर्तव्य अन्तर्गत बाबु, आमा, संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले बालबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशन पालना गर्नु सबैलाई सम्मान र आदर गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुने भन्ने कुरा उल्लेख भएको छ ।

### (ग) स्थानीय सरकार सञ्चालन ऐन– २०७४

स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न "स्थानीय सरकार सञ्चालन ऐन– २०७४ निर्माण भएको छ।यस ऐनले बालबालिकाको लागि आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई लगायत बाल संरक्षणसँग सम्बन्धित विविध विषयगत पक्षहरुमा स्थानीय सरकारका अङ्गहरुले गर्नुपर्ने कार्यहरुलाई समावेश गरेको छ।स्थानीय सरकारले योजना तर्जुमा गर्दा बालबालिकालाई प्रत्यक्ष लाभ पुग्ने आयोजनालाई प्राथमिकता दिदै बालहित, बाल कल्याण सम्बन्धी कार्य गर्नुपर्ने व्यवस्था गरेको छ।यस ऐनका निम्न विषयवस्तुहरू बालबालिकासँग प्रत्यक्ष सम्बन्धित रहेका छन्।

### घ) स्थानीय सेवाको व्यवस्थापन

- ❖ स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा सर्त, योजना, कार्यान्वयन र नियमन
- ❖ स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन
- ❖ आधारभूत तथ्याङ्क सङ्कलन र व्यवस्थापन
- ❖ आधारभूत र माध्यमिक शिक्षा
- ❖ प्रारम्भिक बालशिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन,
- ❖ शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार,
- ❖ आधारभूत तहको परीक्षा व्यवस्थापन,
- ❖ स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
- ❖ माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन ।
- ❖ आधारभूत स्वास्थ्य र सरसफाई
- ❖ आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन,
- ❖ आधारभूत स्वास्थ्य सेवाको सञ्चालन र प्रवर्धन,
- ❖ स्वस्थ खानेपानी तथा खाद्यपदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदुषण नियन्त्रण,
- ❖ सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहरमैलाको व्यवस्थापन ।

नेपालको संविधान २०७२ अनुसूची ९ अनुसार संघ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार सम्बन्धी व्यवस्था

- ❖ व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क
- ❖ व्यक्तिगत घटनाको अभिलेख, व्यवस्थापन र प्रतिवेदन
- ❖ गाउँपालिका तथा नगरपालिकाले स्थानीय कानून बमोजिम आकस्मिक कोष स्थापना गरी सञ्चालन गर्न सक्नेछ (बाल कोषको विशेष व्यवस्था गर्न सक्ने ।)
- ❖ वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत निम्न अधिकारहरू व्यवस्था गरिएको छ।
- ❖ बाल उद्यानको व्यवस्था गर्ने,
- ❖ अनौपचारिक शिक्षा कार्यक्रम गर्ने,
- ❖ प्रारम्भिक बालविकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने,
- ❖ पुस्तकालय, वाचनालय, सामुदायिकसिकाई केन्द्र व्यवस्थापन गर्ने,

- बालक्लब तथा बालसंजालको सञ्चालन र व्यवस्थापन गर्ने,
- वडा तहको स्वास्थ्य केन्द्र तथा उपकेन्द्रको व्यवस्थापन गर्ने,
- बालबालिकालाई बि.सि.जि., पोलियो, भिटामिन ए. को व्यवस्था गर्ने,
- पोषण कार्यक्रमको सञ्चालन गर्ने,
- वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने,
- सार्वजनिक शौचालय तथा स्नान गृहको निर्माण र व्यवस्थापन गर्ने/गराउने,
- वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने,
- अन्तरविद्यालय तथा बाल क्लब मार्फत खेलकुद कार्यक्रमको सञ्चालन गर्ने, गराउने,
- प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक तथा सोको अभिलेख संरक्षण गर्ने,
- व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने ।
- वडालाई बालमैत्री बनाउने,
- वडाभित्र आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने,
- बालविवाह, महिला विरुद्धको हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलियाप्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन, निरक्षरता जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने,
- सडक बालबालिकाको उद्धार र पुनर्स्थापना गर्ने गराउने,
- प्राङ्गरिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासन जस्ता प्रवद्र्धनात्मक कार्यहरू गर्ने, गराउने ।
- यसका साथै नेपाल सरकारले प्रमुख प्रशासकीय अधिकृतको कार्यसम्पादन सम्झौतामा समेत बालबालिकाको विभिन्न सवालका साथै बालमैत्री स्थानीय शासनको अवलम्बन र कार्यान्वयन गर्नुपर्ने कुरा उल्लेख छ ।

### (घ) मुलुकी अपराध (संहिता) ऐन– २०७४

मुलुकी अपराध (संहिता) ऐन– २०७४ मा पनि बालबालिकासँग सरोकार राख्ने विषयहरु समावेश भएको छ। उक्त ऐनको परिच्छेद– २ फौजदारी न्यायका सामान्य सिद्धान्तहरुमा दफा १३ मा

बालबालिकाले गरेको काम कसूर नहुने व्यवस्था गरी दश वर्ष उमेर नपुगेको बालबालिकाले गरेको कुनै काम कसूर नमानिने कुरा उल्लेख गरिएको छ । त्यसैगरी दफा २८ मा बालबालिकाबाट गराएको कसूरमा उमेर पुगेकोलाई सजाय हुने कुरा उल्लेख गरी कसैले कुनै बालबालिकालाई फकाई, सिकाई वा प्रभावमा पारी कुनै कसूर गर्न लगाएको रहेछ भने त्यसरी कसूर गर्न लगाउने व्यक्तिलाई निज आपैंmले त्यस्तो कसूर गरे सरह सजाय हुनेछ भन्ने व्यवस्था छ । यस्तै दफा १७३ मा  बीस वर्ष उमेर नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन भन्ने कुरा उल्लेख छ । दफा १८८ मा गर्भपतन गराउने उद्देश्यले भ्रुणको लिङ्गको पहिचान तथा पहिचानपछि गर्भपतन गर्न गराउन नहुने कुरा उल्लेख गरिएको छ ।

### (ङ) बालश्रम (निषेध र नियमित गर्ने) ऐन-२०५६

बालश्रम (निषेध र नियमित) ऐन-२०५६ ले लिङ्ग, वर्ण, धर्म वा जातजातिको आधारमा फकाएर, झुक्याएर वा प्रलोभन, डर,त्रास वा दबावमा निजको इच्छा विपरीत काममा लगाउन नहुने जस्ता अधिकारको व्यवस्था गरेको छ । यस ऐनको परिच्छेद -२ मा बालबालिकालाई  काममा लगाउन निषेध अन्तगर्त दफा ३ मा बालबालिकालाई काममा लगाउन नहुने व्यवस्था छ जसमा १४ वर्ष मुनिका बालबालिकालाई श्रममा लगाउन नहुने र जोखिमपुर्ण काममा लगाउन नपाउने कुरा उल्लेख छ । दफा ४ मा बालबालिकालाई इच्छा विपरीत काममा लगाउन नहुने कुरा उल्लेख छ ।

परिच्छेद ३ मा बालबालिकालाई काममा लगाउने सम्बन्धी व्यवस्था छ जसमा बालबालिकालाई काममा लगाउदाँ पूरा गर्नुपर्ने प्रक्रियाका बारेमा उल्लेख गरिएको छ । परिच्छेद-४ मा निरीक्षण सम्बन्धी व्यवस्था गरिएको छ।त्यस्तै परिच्छेद-५ मा दण्ड, सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था गरिएको छ।त्यस्तै परिच्छेद ६ विविधमा बालश्रम निवारण समिति गठन गर्ने, बालश्रम निवारण कोष बनाउने आदि व्यवस्था गरेको छ।यसैगरी काममा लगाउदा दिनमा ६ घण्टा र एक हप्तामा ३६ घण्टा भन्दा बढी अतिरिक्त पारिश्रमिक दिई वा नदिई काममा लगाउनु हुदैन भन्ने व्यहोरा दफा ९(२) मा रहेको छ । ऐनको दफा १० (१) ले प्रतिष्ठानले श्रमिकको रुपमा काम गर्ने बालकलाई लिङ्ग, वर्ण, धर्म  वा जातजातिको आधारमा कुनै भेदभाव नगरी समान कामको लागि समान पारिश्रमिक र सुविधा दिनुपने व्यवस्था गरेको छ।ऐनको दफा ११ ले कुनै पनि प्रतिष्ठानमा व्यवस्थापकले त्यहाँ काम गर्ने बालकको  स्वास्थ्य र सुरक्षा सम्बन्धी व्यवस्था गर्नुपर्ने प्रावधान राखेको छ ।

### (च) बालबालिका सम्बन्धी नियमावली– २०७८

बालबालिका सम्बन्धी ऐन– २०७५ ले गरेका व्यवस्था र सुनिश्चित गरेका प्रावधानहरुलाई व्यवहारमा कार्यान्वयन गर्ने उद्धेश्यले बालबालिका सम्बन्धी नियमावली– २०५१ लाई विस्तापित गरी यो नियमावली जारी भएको छ । यस नियमावलीमा बाल क्लवको गठन तथा संचालन, बालमैत्री व्यवहार, कानूनको विवादमा परेका बालबालिकाहरुका लागि बालमैत्री व्यवहार सहितको निगरानी कक्ष र सुधारगृहको सञ्चालन र व्यवस्थापन, बालबालिकाको विषेश संरक्षण र बैकल्पिक हेरचाह सम्बन्धी व्यवस्था, बालगृहको स्थापना र संचालनका न्युनतम मापदण्डहरु , अस्थायी संरक्षण तथा पुनः स्थापना केन्द्र व्यवस्थापना, बाल अधिकार परिषद्को काम, कर्तव्य र अधिकारको व्यवस्थापन लगायतका विषयलाई यस नियमावलीले सम्बोधन गरेको छ ।

**(छ) राष्ट्रिय बालबालिका नीति– २०८०**

राष्ट्रिय बालबालिका नीति– २०८० ले नेपालको संविधान कार्यावन्यन गर्न समग्र बालअधिकारलाई समेट्दै प्रत्येक बालबालिकाको अधिकार संरक्षण र प्रवर्धन गर्नुलाई प्रमुख उद्धेश्यका रूपमा उल्लेख गरिएको छ । संघीय सरकार, प्रदेश सरका, स्थानीय तह, अभिभावक शिक्षक र देश विदेशका गैरसरकारी संस्थाको समन्वयात्मक सहकार्यमा सबै वर्ग र समुदायका बालबालिकाको बालअधिकारको पूर्ण कार्यान्यवन गर्दै प्रत्येक बालबालिकाको उच्चतम हितलाई ध्यानमा राख्दै सर्वाङ्गीण विकास तथा अधिकारको सम्मान, संरक्षण र प्रवर्धन गर्ने लक्ष्य साथ निम्न उद्धेश्य रहेको छ ।

- बाल अधिकारको सम्मान, संरक्षण र परिपर्ति गर्नु ।
- बालमैत्री वातावरण सिर्जना गर्नु ।
- बालबालिका विरुद्ध हुने शारीरिक र मानसिक लगाएत सबै प्रकारका हिंसा विभेद, दुर्व्यहार, शोषण र उपेक्षाको अन्त्य गर्नु ।

(ज) बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति– २०८० (मस्यौदा)

बाल बिवाह भन्नाले कानूनी र सामाजिक दृष्टिकोणले उचित उमेर नपुगेका व्यक्तिहरू बीचको विवाहलाई जनाउँछ। सामान्यतया, बाल बिवाह भन्नाले तिनीहरूको उमेर १८ वर्ष भन्दा कम भएको अवस्थामा गरिने विवाहलाई जनाउँछ। बालबालिकाको महत्वपूर्ण सवालहरु र समस्या मध्ये यो पनि एक हो।यस रणनीतीले औपचारिक, अनौपचारिक, वैकल्पिक, दौंतरी शिक्षा, अतिरिक्त क्रियाकलाप, बाल क्लब तथा सामाजिक गतिविधिका माध्यमबाट विवाहको कानुनी उमेर, बाल विवाहको नकारात्मक असरहरू बारे आमाबाबु र परिवारका अन्य सदस्यहरूसँग छलफल गरी स्वनिर्णय गर्ने,

क्षमता र सीपको विकास गर्ने, बालिका र किशोरीहरुको लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने, बाल अधिकार, लैङ्गिकता, यौनिकता, यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारका साथै बाल विवाहका विषयमा सचेतना अभिबृद्धि गरी बाल विवाह, लैङ्गिक विभेद र पितृसत्तात्मक सोच अन्त्य गर्ने कार्यमा पुरुष तथा बालकको सहभागिता सुनिश्चितता गर्ने, समुदायमा रहेका विभिन्न अभिभावक समूह, आमा समूह, उपभोक्ता समूह, किशोरी समूह, महिला समूह लगायत समाजिक अगुवाहरूको सहभागितामा बाल विवाह विरुद्ध अभियान सञ्चालन गर्ने, बाल विवाहका विविध पक्षलाई समग्र रुपमा सम्बोधन गर्न राष्ट्रिय कानून तथा नीतिहरुलाई संवैधानिक तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानून अनुरुप पुनरावलोकन गरी समायोजन गर्ने कार्य मार्फत बाल विवाह अन्त्य गर्ने उद्धेश्य लिइएको छ ।

**(ज) दिगो विकास लक्ष्य– २०३०**

- दिगो विकास लक्ष्य एउटा साहसिक र विश्वव्यापी सम्झौता हो जसले २०३० सम्ममा सबै प्रकारका गरिबीको उन्मुलन गरी मानव, पृथ्वी र समृद्धीको लागि एक समान, न्यायपूर्ण र सुरक्षित विश्व निर्माण गर्ने परिकल्पना गर्छ ।
- दिगो विकास लक्ष्यहरूमा सन् २०३० सम्ममा पूरा गर्न १७ वटा लक्ष्यहरू, १६९ वटा परिलक्ष्यहरू र २३७ वटा सूचकहरू छन् ।
- कूल लक्ष्यहरूमध्ये बालबालिकासँग प्रत्यक्ष सम्बन्धित हुने ८ वटा लक्ष्यहरू, ३५ वटा परिलक्ष्यहरू र ७६ वटा सूचकहरू छन् ।
- यस मध्ये अधिकांश शिक्षा, स्वास्थ्य, बालहिंसा, सामाजिक सुरक्षा कार्यक्रम, मानसिक वा शारीरिक सजाय, बेचबिखन पीडित र जन्मदर्ता जस्ता विषयहरू छन् ।
- जम्मा २३७ सूचकमा नेपालको सन्दर्भमा २५७ वटा थप गरी जम्मा ४९४ वटा सूचकहरू छन् ।

**(ट) सोह्रौं योजना २०८१/८२-२०८५/८६**

**परिच्छेद ८**

नेपाल सरकारले, २०८१ सालमा सार्वजनिक गरेको सोह्रौं योजनामा विभिन्न परिच्छेद अन्तर्गतका बुँदाहरुमा बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने विषय समावेश भएको छ ।परिच्छेद ८ को लैंगिक समानता, सामाजिक न्याय तथा समावेशी शिर्षकमा उप-शिर्षक ८.५ को प्रमुख कार्यक्रम अन्तर्गत ६ नं बुँदामा बाल अधिकार संरक्षण तथा प्रवर्धन कार्यक्रममा निम्न कुरा समावेश गरिएको छ।

(६) बाल अधिकार संरक्षण तथा प्रवर्द्धन कार्यक्रमः सबै प्रकारको बालश्रमको अन्त्यका लागि सबै उद्योग, कलकारखाना, व्यवसायका क्षेत्रमा स्वीकृति तथा नवीकरणका समयमा वालश्रम मुक्त कार्यस्थल सुनिश्चित गर्न पूर्वपरीक्षण अनिवार्य लागु गर्ने; बेवारिसे, परित्यक्त, अभिभावक विहिन तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई सम्बन्धित स्थानीय तहबाट नै वैकल्पिक हेरचाहको व्यवस्था गर्ने प्रणाली स्थापना गर्ने, बालमैत्री स्थानीय शासन प्रवर्द्धनका कार्यक्रमहरू मार्फत बाल अधिकार प्रवर्द्धन तथा सुदृढ गर्नेः बाल क्लव, बाल सञ्जाल, किशोरकिशोरी समूह, स्काउट जस्ता संस्थाको गठन तथा सञ्चालनलाई विस्तार गरी बालबालिकाको सामाजिक उत्तरदायित्व बोध तथा स्वावलम्बी जीवनपद्धतिको सिकाइसम्बन्धी सहभागीता बढाउने; सूचना प्रविधि तथा सामाजिक सञ्जालको दुरूपयोगबाट हुने हिंसाको नियमन र नियन्त्रणका लागि कानूनी व्यवस्था गरी कडाइका साथ कार्यान्वयन गर्ने, बाल सुधार गृहलाई न्यूनतम मापदण्डका आधारमा वर्गीकरण गर्दै न्यूनतम् सेवासहित प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गर्ने, बालगृहको संस्थागत आवासीय संरक्षणलाई निरुत्साहित गर्दै अन्तिम विकल्पको रूपमा मात्र संरक्षण गर्ने व्यवस्थाको कार्यान्वयन गर्नेः सरल, सहज एवम् वालवालिका तथा अभिभावकमैवी वालन्याय निरूपण गर्ने, बालबालिकाको मानसिक तथा शारीरिक विकासका लागि प्रारम्भिक बाल विकास कार्यक्रममा सबै वर्ग र समुदायको पहुँच तथा उपभोग अभिवृद्धि गर्नेः दलित बालबालिकाको शिक्षाको गुणस्तर र सिकाइ अभिवृद्धि गर्न लक्षित कार्यक्रम सजालन गर्ने।

माथि उल्लेख गरिएका बाहेकका बालबालिकासँग सरोकार राख्ने केही ऐन, नियम, नियमावली तथा योजनाहरु देहाय बमोजिम रहेका छन् ।

- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन– २०६४
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन– २०७६
- शिक्षा ऐन– २०२८
- राष्ट्र फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन ऐन– २०७४
- मुलकी देवानी संहिता ऐन– २०७४
- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन निर्देशिका– २०६८,

- ❖ बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि– २०७९
- ❖ बालश्रम (निषेध र नियमित गर्ने नियमावली– २०६२

### ३.२.२ अन्तर्राष्ट्रिय सन्धि सम्झौता र व्यवस्थाहरु

**(क) बालअधिकार सम्बन्धी महासन्धि– १९८९** (CRC)

बालआधिकार महासन्धि– १९८९ (नेपालले १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको)ले बालआधिकारको सम्मान, संरक्षण र सम्बर्धन गर्न गैरविभेदीकरण (धारा २), सर्वोत्तम हित (धारा ३), सर्वाङ्गीण विकास (धारा ६), सहभागिता (धारा १२) को सिद्धान्तलाई प्रतिपादन गरेको छ । यिनै सिद्धान्तमा आधारित भई बालबचाउ, बालसंरक्षण, बालविकास र बालसहभागिता जस्ता ४ वटा क्षेत्रमा केन्द्रित हुदँै बालआधिकारलाई सम्बोधन गर्ने गरी बालमैत्री स्थानीय शासन प्रणालीको प्रवर्धन गर्न बालबालिकालाई शासन व्यवस्थाको प्रतिफल दिलाउन आवश्यक छ ।

**(ख) संयुक्त राष्ट्र संघ अन्तर्गतको ब्यवस्था**

- ❖ सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग, बालबालिकाको बेचविखन, बाल वेश्यावृत्ति र अस्लिक चित्रण विरुद्ध बालअधिकार सम्बन्धी महासन्धिको ऐच्छिक प्रलेख– २०००,
- ❖ दक्षिण एशियामा बाल कल्याण प्रवर्द्धनको लागि क्षेत्रिय व्यवस्था सम्बन्धि सार्क महासन्धि २००२ को पक्ष राष्ट्र,

**(ग) अन्तर्राष्ट्रिय श्रम सङ्गठन अन्तर्गत ब्यवस्था**

- ❖ अन्तर्राष्ट्रिय श्रम सङ्गठन सम्बन्धी महासन्धि (बालबालिका सम्बन्धी), १३८ र १८२
- ❖ बाल श्रमका निकृष्ट स्वरुप सम्बन्धी महासन्धि– १९९९

## ३.३. गाउँपालिका स्तरीय योजनामा बालबालिका सम्बन्धी व्यवस्था

गोलन्जोर गाउँपालिकाले कार्यपालिकाबाट बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने निर्णय गरी पालिका स्तरमा बालमैत्री स्थानीय शासन समिति र वडा तहमा बालमैत्री समिति गठन गरेको गाउँपालिका स्थापना भएसँगै योजनामा बालबालिकाका माग तथा आवाजहरुलाई सम्बोधन गर्ने प्रयास गरेको छ।यस गोलन्जोर गाउँपालिकाले पालिका स्तरीय बालअधिकार समिति गठन कार्यविधि बनाई बाल अधिकार समिति पनि गठन गरेको छ।यस आर्थिक वर्षमा गाउँपालिकामा बालभेला गरी योजना निर्माणमा बालबालिकाको योजना समेट्ने प्रतिवद्धता गरेको छ।यस गोलन्जोर गाउँपालिकाले बालकोष स्थापना र संचालन कार्यविधि तयार गरेको छ।

## ३.४. बाल समूह वा बाल क्लबहरु

"बाल क्लब" भन्नाले बालबालिकाहरूको लागि विशेष रूपमा बनाइएका समूह वा संगठनलाई जनाउँछ, जसले उनीहरूको सामाजिक, शैक्षिक र व्यक्तिगत विकासलाई प्रवर्धन गर्दछ। यस गाउँपालिका भित्रका सबै वडामा कुल ६० वटा बाल क्लब गठन भएका छन्। पालिकाले बालबालिकासँग सरोकार राख्ने संस्थाहरु (बालमैत्री स्थानीय शासन समिति, बाल अधिकार समिति, विद्यालय र स्वास्थ्य व्यवस्थापन समिति)मा बालबालिकाको सहभागिता सुनिश्चित गरेको छ। बालबालिकालाई सहभागिता गराउँदा व्यक्तिगत रूपमा नभई बालक्लब वा बाल सञ्जालबाट गराउनु पर्दछ भन्ने मान्यता अनुसार पालिकाले काम गरेको छ।

## ३.५ बालमैत्री गाउँपालिकाको अवधारणा

गोलन्जोर गाउँपालिकाले बालमैत्री स्थानीय शासनको विकास र विस्तारमा बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका-२०७८, र बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि-२०७९ ले तय गरे अनुसारको सूचकहरूमा काम गरिरहेको छ। यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेटमा बालमैत्री पालिका घोषणा गर्ने लक्ष्य लिएको छ। गाउँपालिकाले बालबालिका लक्षित विकास कार्यका हरेक चरणहरुमा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै बालअधिकारको सम्मान, पालना तथा परिपुर्तिको प्रत्याभूतिका लागि परिवार, समुदाय अनि राज्य बालबालिका प्रति संवेदनशील हुनुपर्दछ। गाउँपालिकाले बालबालिका सम्बन्धि सबै नीति तथा नियममा बालमैत्री अवधारणलाई महत्व दिइएको छ। बालबालिकाको लागि शिक्षा, स्वास्थ्य, खेलकुद तथा मनोरञ्जन, माया, स्नेह, आफ्ना विचार तथा भावनाको अभिव्यक्ति, आफ्नो संस्कृति तथा धर्म मान्य एवं कुनै पनि किसिमका जोखिमहरूबाट सुरक्षा पाउने तथा कुनै किसमका हिसां, दुर्व्यहार, भेदभाव र शोषण भएको अवस्थामा न्याय र संरक्षणका व्यवस्था बालबालिकाको मौलिक अधिकार हुन् जसले भोलिका सक्षम कर्णधार बनाउनका लागि महत्वपूर्ण भुमिका खेल्दछ। त्यसैले बालबालिकाहरूको संरक्षण र बाल अधिकारको प्रत्याभूति गराउनु पर्छ भन्ने विषय राज्यको प्रमुख सरोकार र प्राथमिकताको विषय बनेको छ। बालमैत्री स्थानीय शासन बाल अधिकार सम्वन्धी समग्र पक्ष बाल वचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिताको प्रवर्धन गरी नेपालको संविधान बमोजिम स्थानीय तहमा सुशासन अभिवृद्धी गर्न ल्याइएको अवधारणा हो।

### ३.५.१ बालमैत्री स्थानीय शासनको उद्देश्य

- गोलन्जोर गाउँपालिकामा रहेका बालबालिका सुरक्षित भई बाच्न पाउने हकको प्रवर्धन गर्ने।
- गाउँपालिकामा निर्माण हुने भौतिक संरचना बालमैत्री बनाउने कार्य गर्ने।

- ❖ गाउँपालिकामा बालबालिकाको विकास सम्बन्धी हकको प्रवर्धन गर्ने।
- ❖ बालबालिकाको लागि आधारभूत सेवाप्रवाह गर्ने।
- ❖ गोलन्जोर गाउँपालिकाको योजनातर्जुमा सम्बन्धी निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता तथा उनीहरूको आवाजको सुनुवाई गर्ने।
- ❖ गोलन्जोर गाउँपालिकामा बालबालिकाको संरक्षण सम्बन्धी हकको प्रवर्धन गर्ने।

### ३.५.२ बालमैत्री स्थानीय शासनको औचित्य

- ❖ गाउँपालिकामा नेपाल सरकारले प्रतिवद्धता गरेको र अवलम्बन गरेको कानुनी व्यवस्था अनुसार बालबालिकामा सेवाप्रवाह सुनिश्चितता गर्न ।
- ❖ गाउँपालिकामा बालबालिका सम्बन्धी नीति तथा कार्यक्रममा अन्तर समन्वय स्थापित गर्न,
- ❖ पालिकामा निर्माण हुने पूर्वाधार तथा संरचनालाई बालमैत्री बनाउने कार्य गर्न ।
- ❖ गोलन्जोर गाउँपालिकाका विपद् तथा तथा अन्य जोखिमयुक्त समयमा संचालन हुने क्रियाकलापमा बालबालिकालाई प्राथमिकतामा राख्ने ।
- ❖ पालिकाको संस्थागत क्षमता र मानवीय संशाधन तयार गर्न ।
- ❖ गोलन्जोर गाउँपालिका र गैर सरकारी संस्था बीच समन्वय गर्दै बालअधिकार र बालमैत्री अवधारणालाई प्रवर्धन गर्न ।
- ❖ गोलन्जोर गाउँपालिकाको आवधिक तथा वार्षिक योजनामा बालबालिकाको सवाललाई समेट्ने कार्य गर्न ।

### ३.५.३ बालमैत्री स्थानीय शासन कार्यान्वयन सहजीकरण समितिः

बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि-२०७९ ले बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन सहजीकरण गर्ने उद्देश्यका लागि बालमैत्री कार्यक्रम कार्यान्वयन सहजीकरण समितिको व्यवस्था गरेको छ।स्थानीय तहले आफ्नो वार्षिक योजनामा समावेश तथा बालमैत्री स्थानीय शासनलाई प्रवर्धन गर्ने विकास साझेदार, गैरसरकारी संस्था तथा निजी क्षेत्रबाट सञ्चालन हुने कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्न प्रत्येक गाउँपालिका तथा नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत संयोजक रहेको कार्यक्रम कार्यान्वयन सहजीकरण समिति रहन्छ।उक्त समितिमा प्रमुख प्रशासकीय अधिकृत संयोजक, सामाजिक विकास शाखा प्रमुख, स्वास्थ्य शाखा प्रमुख, शिक्षा शाखा प्रमुख, योजना तथा अनुगमन शाखा प्रमुख, कानून तथा फैसला कार्यान्वयन शाखा प्रमुख, खानेपानी,

सरसफाई एवम् विपद् व्यवस्थापन सम्बन्धी शाखा प्रमुख, साझेदार गैर सरकारी संस्थाको प्रतिनिधि, स्थानीय बालक्लब सञ्जालबाट दुईजना (बालक १ र बालिका १) प्रतिनिधि सदस्य, स्थानीय बाल कल्याण अधिकारी, बालक्लबका पूर्व सदस्य (संयोजकले तोकेको एक जना प्रतिनिधि), बालक्लब सञ्जालको संयोजक, स्थानीय विद्यालयका प्रधानाध्यापक मध्ये संयोजकले तोकेको एक जना सदस्य र महिला, बालबालिका शाखा प्रमुख वा बालमैत्री सम्पर्क शाखाको प्रमुख, सदस्य सचिव रहने व्यवस्था बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७९ ले गरेको छ।

### ३.५.४ बालमैत्री स्थानीय शासन कार्यान्वयनका चरण

बालमैत्री स्थानीय शासन कार्यान्वयन एकैपटक र पर्याप्त स्रोत साधन हुँदैमा मात्र हुने विषय होइन। यसका लागि निरन्तर र नियमित रूपमा काम गर्नुपर्ने हुन्छ।बालमैत्री स्थानीय शासन कार्यन्वयनका लागि ५ चरण पूरा गर्नुपर्ने हुन्छ ।

| | | |
|---|---|---|
| पूर्व तयारी चरण | तयारी चरण | नीति योजना तर्जुमा र कार्यान्वयनको चरण योजना |
| अनुगमन मुल्याकन र प्रतिवेदन चरण | बालमैत्री वडा, गाउँपालिका घोषणा, र दिगोपनाको चरण | |

## ३.६. बालमैत्री स्थानीय शासनको कार्यक्षेत्र ः

बालमैत्री स्थानीय शासन कार्यन्वयन गर्ने सन्दर्भमा गाउँपालिका स्तरमा क्रियाशील, विषयगत कार्यालयहरु, स्थानीय गैरसरकारी संस्थाहरु, सामाजिक विकास र परिचालनसँग सम्बन्धित संघसंस्थाहरु र सेवा प्रवाहसँग सम्बन्धित स्थानीय तहमा कार्यरत निकायहरुलाई बालमैत्री मार्गमा जान दिशावोध गर्नु वालमैत्री स्थानीय शासनको मूल कार्यदिश हो। नेपालमा बालमैत्री स्थानीय शासन बाल अधिकार सम्बन्धी समग्र पक्ष (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रवर्धन गरी स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानीय तहमा सुशासन अभिबृद्धि गर्न ल्याइएको अवधारणा हो। यस सन्दर्भमा गोलन्जोर गाउँपालिकाको बालबालिकाको वस्तुस्थिति विवरण सहयोगी र उपयोगी हुनेछ।यसको आधारमा बालबालिकाको लागि स्थानीय तहमा सहभागितामूलक योजना छनौट, बजेट विनियोजन तथा कार्यान्वयन गर्न सहज हुनेछ। यस गोलन्जोर गाउँपालिकाको भूगोलको हिसाबले विद्यमान वडाहरु बालमैत्री स्थानीय शासनको कार्यक्षेत्र हो भने विषयगत हिसाबले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकामा उल्लेखित बाल बचाउका १४, बाल संरक्षणका १०, बालविकासका ६, बालसहभागिताका ६ गरी ३६ सेवा प्रवाह सम्बन्धी सूचक, १५ वटा संस्थागत सूचक गरी जम्मा ५१ वटा सूचकले तोके बमोजिम न्यूनतम उपलब्धि प्राप्त गर्ने कार्य भार बालमैत्री स्थानीय शासन गाउँपालिका समिति, गाउँपालिका र सरोकारवालाहरुको हो।

## ३.७. बालअधिकार (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता)

गोलन्जोर गाउँपालिकाले बाल अधिकारको सवालमा बालबालिका सम्बन्धी नीति तथा कानून बनाइ कार्यान्वयन गरिरहेको छ।बालबालिकाको विशेष हेरचाह, स्याहार र संरक्षण प्रदान गर्नु, बालबालिकालाई बाँच्नको लागि चाहिने आवश्यक आधारभूत कुराहरुको व्यवस्था गर्नु, शिक्षा प्रदान गर्नु, स्वास्थ्य सेवा पुर्याउनु, खेल, मनोरञ्जन र आराम गर्न दिनु, माया र स्नेह गर्नु पर्दछ। बालबालिकाको पनि मानवीय अस्तित्व छ र उनीहरुलाई पनि सम्मान गरिनु पदर्छ, बालबालिकालाई वर्तमानका साझेदार र भविष्यका कर्णधारका रुपमा स्वीकार गरिनु पर्दछ।त्यसैले बालअधिकार

भनेको कुनै नौलो कुरा होइन। एउटा सक्षम नागरिकको रुपमा हुर्कनका निम्ति प्रत्येक बालबालिकाका लागि आवश्यक हुने माथि उल्लेखित कुराहरुको समग्र रुप नै बालअधिकार हो ।

**क) बाँच्न पाउने अधिकार**

बाँच्न पाउनु बालबालिकाको जन्मसिद्ध अधिकार हो। गर्भमा रहेदेखि नै सुरक्षित हुनका लागि गर्भवती महिलाको विशेष स्याहार लगायत बालबालिकाको सुरक्षित रुपमा जन्म हुनुपर्दछ। जन्मेपछि पौष्टिक आहार र आवास, स्वस्थ वातावरण, सफा पानी, खोप, स्वास्थ्य स्याहार तथा प्राथमिक उपचार लगायतका आधारभूत सुविधाको सुनिश्चितता हुनुपर्दछ ।

**ख) संरक्षण पाउने अधिकार**

प्रत्येक बालबालिकाले भेदभाव, शोषण, दुर्व्यवहार, अपहेलना, उत्पीडन एवं हानिकारक काम तथा युद्धमा संलग्न हुनुपर्ने स्थिति, ओसारपोसार तथा बेचविखन र आमाबाबुबाट अलग्गिनु पर्ने लगायतका जोखिमपुर्ण स्थितिबाट सुरक्षित हुन पाउनुपर्छ। अपाङ्ग तथा परिवारविहिन बालबालिकाको निम्ति विशेष व्यवस्था हुनुपर्छ। सम्पूर्ण बालबालिकालाई कानुनी संरक्षण प्राप्त हुनुपर्छ।

**ग) विकास गर्न पाउने अधिकार**

स्वच्छ वातावरणमा सार्थक शिक्षा आर्जन गर्ने, मनोरञ्जन, खेल र आराम गर्ने, बाबुआमाको समान माया-ममता पाउने, उचित स्वास्थ्योपचार लगायतका उचित जीवनस्तरका निमित्त चाहिने एवम् बालबालिकाको शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासका निमित्त आवश्यक पर्ने सुविधा र अवसरहरु प्राप्त गर्ने अधिकार प्रत्येक बालबालिकको जन्मसिद्ध अधिकार हो ।

**घ) सहभागी हुन पाउने अधिकार**

बालबालिकाको जीवनमा प्रभाव पार्ने नीतिगत निर्णयहरुमा बालबालिकाको आफ्नो कुरा सुनिनु पर्ने र सो विचारको कदर गरिनु पर्ने, रचनात्मक कार्य, सामाजिक र साँस्कृतिक क्रियाकलाप तथा जीवनका हरेक पक्षमा विना रोकटोक र विना भेदभाव सहभागी हुन पाउनु, आस्था अनुसारको धर्ममा संलग्न हुने, बालबालिका सम्बन्धी कुनै पनि कुराको जानकारी राख्न र अभिव्यक्त गर्न, संघ संस्था खोल्न वा सहभागी हुन पाउने लगायतका अधिकारहरु सबै बालबालिकाले पाउनु पर्दछ ।

## ३.८. बालमैत्री स्थानीय शासन कार्यक्रमका साझेदार तथा सहयोगी संस्थाहरु

गोलन्जोर गाउँपालिकालाई बालमैत्री स्थानीय तहको रुपमा अगाडि बढाउन संघीय तहमा बालबालिकाको विषयमा काम गर्ने सम्पूर्ण मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय बाल अधिकार

परिषद लगाएत राष्ट्रिय स्तरमा बालबालिकाको क्षेत्रमा कार्यरत विकास साझेदार र गैरसरकारी संस्थाहरु साझेदार तथा सहयोगी संस्थाहरु हुन्। प्रदेश तहमा प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय तथा अन्य बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी संघ संस्थाहरु साझेदार तथा सहयोगी संस्थाहरु हुन्। जिल्ला स्तरमा जिल्ला समन्वय समितिले यस पालिकामा भएको बालमैत्री स्थानीय शासनको कामको अनुगमन गरेको छ भने जिल्ला प्रशासन कार्यालयले बाल संरक्षणको काममा सहयोग गरेको छ। जिल्ला शिक्षा विकास तथा समन्वय इकाई, जिल्ला प्रहरी कार्यालय र गैर सरकारी संस्था जिल्ला स्तरका साझेदारहरु तथा सहयोगि सस्था हुन भने यस पालिकामा रहेका विभिन्न गैर सरकारी संस्थाहरुले बाल पोषण र बालमैत्री स्थानीय शासनमा काम गरिरहेको छ। यस गोलन्जोर गाउँपालिकालाई बालमैत्री पालिका घोषणा गर्न सहयोग पुर्याउन सक्ने साझेदार तथा सहयोगी संस्था माथी उल्लेख गरको संस्थाहरु हुन सक्दछन् ।

## ३.९ बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका स्थापनाका लागि अवसर र सम्भावनाहरु

गाउँपालिकाको वार्षिक विकासको योजना छनौट र कार्यान्वयनमा भविष्यका कर्णधारका रूपमा रहेका बालबालिकाहरूलाई वर्तमानमा नै साझेदार गर्न गोलन्जोर गाउँपालिकाले नेतृत्व गर्ने सहमति हुनु राम्रो पक्ष हो। बालअधिकार महासन्धिको अनुमोदनले बालबालिकाहरुप्रति राज्यलाई जवाफदेही बनाएको र यसैप्रति लक्षित भई नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ तथा घोषणा कार्यविधि जारी गरी बालमैत्री स्थानीय शासन प्रणाली तयार हुनु आँफैमा एउटा अवसरको रुपमा रहेको छ। गाउँपालिकाले बालअधिकारको विषयलाई स्थानीय तहको समग्र कार्य पद्धति र प्रणालीमा समावेश गर्दै कार्यान्वयन गर्न निर्देशन गरे बमोजिम बालमैत्री स्थानीय शासन अवलम्बनलाई लक्ष्यका साथ अगाडि बढाईएको हो ।

गोलन्जोर गाउँपालिकालाई बालमैत्री गाउँपालिकाको रुपमा स्थापित गर्न निम्न वुँदाहरुलाई महत्वपूर्ण अवसर र सम्भावनाको रुपमा लिन सकिन्छ।

- ❖ बालमैत्री गाउँपालिका घोषणाका लागि आवश्यक रणनीति, कार्यविधि तथा नीतिगत व्यवस्थाहरु भएका छन्।
- ❖ बालबालिकाको बचाउ, संरक्षण, विकास, र सहभागिताको अधिकार सुनिश्चित गर्न सहयोग गर्न विभिन्न परियोजना, अभियान र कार्यक्रम मार्फत साझेदार र सहयोगी संघ संस्था क्रियाशिल भएका छन् ।

- बालबालिकाहरुको सहभागितालाई संस्थागत गर्न बालक्लवहरु स्थापना भएका छन् ।
- गाउँपालिकामा रहेका विभिन्न सरोकारवाला र काम गर्ने विभिन्न निकायवीच सहकार्य र समन्वयको वातावरण सुरुवात भएको छ ।
- निर्वाचित जनप्रतिनिधि एवंम प्रशासनिक जिम्मेवारीमा रहेकाहरु तथा सरोकारवालहरुको चासो र प्रतिवद्धता आएको छ ।
- स्थानीय तह संबैधानिक र कानुनी हिसाबले अत्यन्त शक्तिशाली छ । यो अधिकार र कार्यक्षमतालाई बालबालिकाको क्षेत्रमा काम गर्ने अवसर छ ।
- यसरी माथी उल्लेखित अवसर र सम्भावनाका कारण गोलन्जोर गाउँपालिका बालमैत्री स्थानीय शासन घोषणाका लागि उन्मुख भइरहेको अवस्था छ ।

### ३.९.१ बालमैत्री गाउँपालिका घोषणाका र दिगोपनाका लागि चुनौतीहरु

यस गोलन्जोर गाउँपालिकामा बालमैत्री गाउँपालिका घोषणा तथा दिगोपनाका लागि विभिन्न चुनौतीहरु रहेका छन् ।

- गाउँपालिकाले बालमैत्री स्थानीय शासन अवलम्बन सहित बालभेला मार्फत आएका माग र योजनामा बजेट विनियोजन गर्ने प्रणालीको प्रयोग कम गर्नु ।
- सरोकारवालाहरुबाट कार्यक्रमहरुको लागि स्रोतको निरन्तरता र दिगोपनाको समस्या हुनु ।
- जनप्रतिनिधि र सरोकारवालको बालमैत्री संरचना, व्यवहार र नीतिका सम्बन्धमा वुझाइमा एकरुपता नहुनु र पर्याप्त संवेदनशिलता नहुनु।
- गाउँपालिकामा तुलनात्मक रुपमा गरिबी, अशिक्षा, वेरोजगारी समस्या बढी हुनु र जनचेतनाको कमी हुनु ।
- अभिभावक र सरोकारवालाहरुमा बालअधिकार तथा बालमैत्री व्यवहारवारे सचेतनाको कमी हुनु ।
- अभिभावक गुमाएका, साहारा विहिन बालबालिकाको पुनःस्थापनाको लागि बालगृहको व्यवस्था नहुनु ।
- बाल संरक्षणका विभिन्न सवाल तथा समस्याहरु सम्बोधन गर्ने प्रणालीको सुनिश्चितता नहुनु ।

# परिच्छेद चारः जनसंख्या

## ४.१. उमेर समूह तथा जातिगत आधारमा जनसंख्या

गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण २०८१ को विवरण अनुसार यस पालिकामा १८ वर्ष उमेर सम्मको बालबालिका भएका कुल घरधुरी संख्या २८२७ रहेको छ।वडागत रुपमा तुलना गर्दा सबैभन्दा बढी बालबालिका भएको घरधुरी (६४५) वडा नं. ४ मा रहेको छ भने सबै भन्दा कम वडा नं २ (३००) मा रहेका छन्।

**तालिका २ : १८ वर्ष सम्मका बालबालिका भएको घरधुरी विवरण**

| वडा | बालबालिका भएको घरधुरी | बालबालिका नभएको घरधुरी | जम्मा |
|---|---|---|---|
| गोलन्जोर-१ | ३७९ | १७२ | ५५१ |
| गोलन्जोर-२ | ३०० | ११० | ४१० |
| गोलन्जोर-३ | ३५८ | १३५ | ४९३ |
| गोलन्जोर-४ | ६४५ | २२७ | ८७२ |
| गोलन्जोर-५ | ३५० | २४३ | ५९३ |
| गोलन्जोर-६ | ४४० | २२९ | ६६९ |
| गोलन्जोर-७ | ३५५ | २२२ | ५७७ |
| जम्मा | २८२७ | १३३८ | ४१६५ |

स्रोत : गोलन्जोर गाउँपालिका घरधुरी सर्वेक्षण, २०८१

### ४.१.१ जातिगत आधारमा घरधुरी विवरण

२०८१ मा गरिएको सर्वेक्षण अनुसार, सम्पूर्ण वडामा जनजातिको बाहुल्यता रहेको छ (२१२२ घरधुरी) भने सबै भन्दा कम मधेसी जातिको (९ घरधुरी) बसोबास रहेको छ।त्यसैगरी ब्राह्मण जातिको घरधुरी संख्या वडा नं ७ मा ९० रहेको छ भने सबैभन्दा कम वडा नं ४ मा (८) रहेको छ।क्षेत्रि जातिको घरधुरी संख्या वडा नं १ धेरै (१९२) र थोरै वडा नं ६ मा (२९) रहेको तथ्यांक प्राप्त भएको छ (विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३: गोलन्जोर गाउँपालिकाको वडागतरुपमा जातजातिको घरधुरी विवरण

| घरधुरीको जातजाती | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वडा | ब्राहमण | क्षेत्री | दलित | जनजाती | मधेसी | अन्य | जम्मा |
| १ | ४२ | १९२ | ८५ | २३२ | | | ५५१ |
| २ | ६ | १३० | ९८ | १४३ | | ३३ | ४१० |
| ३ | ४० | ९८ | १४३ | २११ | १ | | ४९३ |
| ४ | ८ | १२१ | १०० | ६४३ | | | ८७२ |
| ५ | १७ | १७४ | ८६ | ३१५ | १ | | ५९३ |
| ६ | ७८ | २९ | २३१ | ३३० | | १ | ६६९ |
| ७ | ९० | १३६ | ८९ | २४८ | ७ | ७ | ५७७ |
| जम्मा | २८१ | ८८० | ८३२ | २१२२ | ९ | ४१ | ४१६५ |

स्रोत : गोलन्जोर गाउँपालिका घरधुरी सर्वेक्षण, २०८१

## ४.२. मातृभाषाका आधारमा जनसंख्या

सर्वेक्षण अनुसार, सम्पूर्ण वडामा बोलिने मुख्य भाषा नेपाली रहेको पाईएको छ भने अन्य भाषामा मगर, तामाङ्ग आदि रहेका छन्। ४,१६५ घरधुरी मध्य, ३,६९५ घरधुरीले संवाद र विचारहरूको आदान-प्रदानका लागि नेपाली भाषाको प्रयोग गर्दछन् भने २६८ घरधुरीको बोलचालको माध्यम मगर भाषा रहेको छ, थप विवरण तल तालिकामा प्रस्तुत गरीएको छ।

तालिका ४: वडागत रुपमा घरधुरीले बोल्ने मातृभाषा

| घरधुरीको मातृभाषा | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वडा | नेपाली | मगर | तामाङ | नेवारी | मैथली | अन्य | जम्मा |
| १ | ५५१ | - | - | - | - | - | ५५१ |
| २ | २९० | १०४ | ९ | ४ | - | ३ | ४१० |
| ३ | ४६१ | ४ | २४ | ४ | - | - | ४९३ |
| ४ | ६४० | १५७ | ७५ | - | - | - | ८७२ |
| ५ | ५७६ | - | १६ | १ | - | - | ५९३ |
| ६ | ६१७ | ३ | ४९ | - | - | - | ६६९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | ५६० | - | १२ | - | ३ | २ | ५७७ |
| जम्मा | ३६९५ | २६८ | १८५ | ९ | ३ | ५ | ४१६५ |

स्रोतः गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण २०८१

### ४.२.१. गोलन्जोर गाउँपालिकाको लिङ्ग अनुसार घरमुलीको संख्या

गाउँपालिकामा २०८१ मा गरिएको घरधुरी सर्वेक्षण अनुसारको लिङ्गको आधारमा घरमूली विवरण तलको तालिकामा रहेको छ ।

**तालिका ५: लिङ्गको आधारमा घरमूली विवरण**

| वडा नं | महिला घरमुली | पुरूष घरमुली | जम्मा | महिला% | पुरूष% |
|---|---|---|---|---|---|
| गोलन्जोर-१ | १३७ | ४१४ | ५५१ | २४.८६ | ७५.१४ |
| गोलन्जोर-२ | ३६ | ३७४ | ४१० | ८.७८ | ९१.२२ |
| गोलन्जोर-३ | ५९ | ४३४ | ४९३ | ११.९७ | ८८.०३ |
| गोलन्जोर-४ | १५७ | ७१५ | ८७२ | १८.०० | ८२.०० |
| गोलन्जोर-५ | २५१ | ३४२ | ५९३ | ४२.३३ | ५७.६७ |
| गोलन्जोर-६ | १२८ | ५४१ | ६६९ | १९.१३ | ८०.८७ |
| गोलन्जोर-७ | १३५ | ४४२ | ५७७ | २३.४० | ७६.६० |
| जम्मा | ९०३ | ३२६२ | ४१६५ | १४८.४७ | ५५१.५३ |

स्रोतः गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण २०८१

घरधुरी सर्वेक्षणको विवरण अनुसार महिला घरमुलीको संख्या ९०३, पुरुष घरमुलीको संख्या ३२६२ र विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ।

### ४.२.२. धर्मको आधारमा गोलन्जोर गाउँपालिकाको जनसंख्या

घरधुरी सर्वेक्षण २०८१ अनुसार, सम्पूर्ण वडामा हिन्दु धर्मावलम्बीको बाहुल्यता रहेको पाइएको छ।४,१६५ घरधुरी मध्य, हिन्दु धर्ममा आस्था राखे घरधुरी संख्या ३,८८९, बौद्ध धर्म (buddhism)मान्नेको संख्या १५४ रहेको छ (तालिका ६)।

तालिका ६: वडागत रुपमा धर्म अनुसारको घरधुरीको विवरण

| धर्म अनुसार घरधुरीको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा | हिन्दु | बौद्ध | क्रिस्चियन | मुस्लिम | अन्य | जम्मा |
| गोलन्जोर-१ | ५४८ | | ३ | | | ५५१ |
| गोलन्जोर-२ | ३९३ | ९ | ४ | | ४ | ४१० |
| गोलन्जोर-३ | ४६९ | | २४ | | | ४९३ |
| गोलन्जोर-४ | ७९३ | ६८ | ११ | | | ८७२ |
| गोलन्जोर-५ | ५५७ | १७ | १९ | | | ५९३ |
| गोलन्जोर-६ | ५७३ | ५० | ३९ | | ७ | ६६९ |
| गोलन्जोर-७ | ५५६ | १० | ६ | १ | ४ | ५७७ |
| जम्मा | ३८८९ | १५४ | १०६ | १ | १५ | ४१६५ |

स्रोतः गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण २०८१

## ४.३. जनसंख्या वृद्धिदर

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या १८,३७३ रहेको छ जसमध्ये पुरुष ९,२२९, महिला ९,५०८ छन् भने जनघनत्व १०२, घरधुरी ४,५२७ र लैङ्गिक अनुपात ९७.०७ पुरुष प्रति १०० महिला रहेको छ भने राष्ट्रिय जनगणना, २०६८ अनुसार हाल समायोजना भएर स्थापना भएको गोलन्जोर गाउँपालिकाका साविकका सात वडाको समग्र जनसंख्या १९,३२९, पुरुष ९४००, महिला ९९२९, घरधुरी संख्या ३६८१ र लैङ्गिक अनुपात ९५.३४ रहेको थियो। तथ्यांक अनुसार गोलन्जोर गाउँपालिकाको जनसंख्या घट्दो क्रममा रहेको छ जसका विभिन्न कारण मध्य आर्थिक कारण, विकास, परिवार नियोजन आदि हुन सक्छन्।

## ४.४ जन्म दर्ता सम्बन्धी विवरण

गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण २०८१, अनुसार गोलन्जोर गाउँपालिकामा ५ वर्ष मुनिका, ५११ बालक तथा ५३८ बालिकाको जन्म दर्ता भएको छ भने १२१ बालक तथा ८९ बालिकाको जन्मदको अधिकारिक रेकर्ड हुन बाँकि रहेको छ।यस तथ्यांकको विश्लेषण गर्दा वडा नं ४ मा जन्मदर्ताको महत्व सम्बन्धि जन चेतना हुनु आवश्यक देखिन्छ।

तालिका ७: ५ वर्ष मुनिका बालबालिकाको जन्मदर्ताको विवरण

| वडा | जन्म दर्ता गराएका बालकको संख्या | जन्म दर्ता गराएका बालिकाको संख्या | जन्म दर्ता नगराएका बालकको संख्या | जन्म दर्ता नगराएका बालिकाको संख्या |
|---|---|---|---|---|
| गोलन्जोर-१ | ३० | २४ | १३ | ९ |
| गोलन्जोर-२ | ६० | ६१ | ६ | ५ |
| गोलन्जोर-३ | ८१ | ८९ | ११ | ११ |
| गोलन्जोर-४ | ८१ | ११३ | ६६ | ४६ |
| गोलन्जोर-५ | ९३ | ८६ | २ | २ |
| गोलन्जोर-६ | ७४ | ९९ | १३ | ११ |
| गोलन्जोर-७ | ९२ | ६६ | १० | ५ |
| जम्मा | ५११ | ५३८ | १२१ | ८९ |

स्रोतः गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०८१

नेपालमा व्यक्तिगत घटना दर्तामा जन्म दर्ताको प्रमाण पत्रलाई नागरिकताको प्रमाण पत्रसँग जोडेर हेरिने हुँदा जन्मदर्ताको महत्व बढी रहेको छ। जन्मदर्ता नागरिक अधिकारको प्रारम्भिक कागजात हो। जन्मदर्ता विना बालबालिकाको नागरिकता, पहिचान, र विभिन्न सेवा सुविधाको उपभोग गर्ने अधिकार प्राप्त हुन सक्दैन। जन्मदर्ता, बालबालिकाको अधिकारका चारवटै स्तम्भहरू बालबचाउ, बालविकास, बालसंरक्षण र सहभागिताका लागि उपयोगी हुने भएका कारण हरेक बालबालिकाको जन्मदर्ता हुन आवश्यक छ।

## ४.५ बाल विवाहको सन्दर्भ र अवस्था

नेपालको सन्दर्भमा 'बाल विवाह" भन्नाले विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बाल विवाह भनिन्छ। विवाह गर्ने वा नगर्ने भन्ने विषय प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो। मुलुकी देवानी संहिता ऐन २०७४ भाग ३ मा परिवारिक कानूनको परिच्छेद १ मा विवाह सम्बन्धी व्यवस्थाको दफा ७० विवाह हुन सक्ने, उपदफा (१) को खण्ड (घ) बीस वर्ष पूरा भएमा भन्ने रहेको।

घरधुरी सर्वेक्षण अनुसार, पालिकामा १० वटा बालविवाहका तथ्यांक टिपोट गरिएको छ जसबाट यो आंकलन गर्न सकिन्छ कि अझै पनि बाल विवाह पूर्णतयाः उन्मुलन नभएको पुष्टि तल तालिकामा पेश गरिएको विवारणबाट गर्न सकिन्छ। विवरण अनुसार, बालविवाह हुनेमा, वडा नं ४ का १७ वर्षीय १ बालक पर्दछन्। त्यसैगरी, बालिकाहरु मध्ये,१३ वर्षीय १ बालिका, १६ वर्षीय २ बालिका र १७ वर्षीय ६ बालिकाको बालविवाह भएको छ भने १८ वर्ष माथि २० वर्ष सम्मका ३८ बालबालिकाको विवाह भएको छ जसमा २० बालिका रहेका छन्।

तथ्यांक अनुसार पालिका स्तरमा, बालविवाहबाट हुने गम्भीर नकारात्मक प्रभाव र यसको रोकथामका निम्ति शिक्षा, सचेतना, कानुनी जानकारी प्रदान गर्न आत्यावश्यक देखिन्छ।

**तालिका ८: वाल विवाह भएको बालक/बालिकाको विवरण**

| | बालकको बाल विवाहको उमेर समूह | कम उमेर समूहको बालकको विवाह | बालिकाको बाल विवाहको उमेर समूह | | | कम उमेर समूहको बालिकाको विवाह | |
|---|---|---|---|---|---|---|---|
| वडा | १७ वर्ष | १८-१९ वर्ष | १३ वर्ष | १६ वर्ष | १७ वर्ष | १८ वर्ष | १९ वर्ष सम्म |
| १ | | २ | | | | १ | २ |
| २ | | १ | | | | | |
| ३ | | १ | | | १ | | ३ |
| ४ | १ | ९ | १ | १ | ५ | ५ | ३ |
| ५ | | १ | | | | | |
| ६ | | ४ | | १ | | २ | ३ |
| ७ | | | | | | | १ |
| जम्मा | १ | १८ | १ | २ | ६ | ८ | १२ |

## विगत तिन वर्षको अवधिमा भएको विवाहको वडागत विवरण

घरधुरी सर्वेक्षण अनुसार विगत ३ वर्षको अवस्थालाई नियालेर हेर्दा कुल ३५२ घरधुरीका परिवारका सदस्यको विवाह भएको विवरण प्राप्त भएको छ। तथ्यांक अनुसार यस पालिकाका सम्पूर्ण वडामा ४ मा विगत ३ वर्षको अवधिमा परिवारका सदस्यको विवाह हुने घरधुरीको संख्या बढी देखिएको छ।

**तालिका ९: विगत तिन वर्षको अवधिमा भएको विवाहको वडागत विवरण**

| वडा | एकै घरका पुरुष तथा महिलाको विवाह | पुरुषको विवाह भएको घरधुरी | महिलाको विवाह भएको घरधुरी | जम्मा |
|---|---|---|---|---|
| गोलन्जोर-१ | | १४ | २० | ३४ |
| गोलन्जोर-२ | | १९ | २३ | ४२ |
| गोलन्जोर-३ | | २३ | १५ | ३८ |
| गोलन्जोर-४ | २ | ६२ | ५२ | ११६ |
| गोलन्जोर-५ | | ४ | ५ | ९ |
| गोलन्जोर-६ | ३ | ४७ | ३४ | ८४ |
| गोलन्जोर-७ | १ | २१ | ७ | २९ |
| **जम्मा** | ६ | १९० | १५६ | ३५२ |

स्रोतः गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०८१

## ४.६. परिवार संख्या र प्रतिपरिवार औसत बालबालिका संख्या

सर्वेक्षण अनुसार ४,१६५ घरधुरी मध्ये २,८२७ घरधुरीमा (६७.८७ प्रतिशत) १८ वर्ष भन्दा मुनिका बालबालिका रहेका छन्। विवरण अनुसार सवैभन्दा धेरै बालबालिका भएको घरधुरी वडा नं ४ र सबैभन्दा कम वडा नं २ मा रहेका छन्।

तालिका २१: १८ वर्ष मुनिका बालबालिका भएको/नभएको घरधुरीको विवरण

| वडा | बालबालिका भएका घरधुरी | बालबालिका नभएका घरधुरी | जम्मा |
|---|---|---|---|
| गोलन्जोर-१ | ३७९ | १७२ | ५५१ |
| गोलन्जोर-२ | ३०० | ११० | ४१० |
| गोलन्जोर-३ | ३५८ | १३५ | ४९३ |
| गोलन्जोर-४ | ६४५ | २२७ | ८७२ |
| गोलन्जोर-५ | ३५० | २४३ | ५९३ |
| गोलन्जोर-६ | ४४० | २२९ | ६६९ |
| गोलन्जोर-७ | ३५५ | २२२ | ५७७ |
| जम्मा | २८२७ | १३३८ | ४१६५ |
| प्रतिशत | ६७.८७ | ३२.१३ | १०० |

स्रोतः गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०८१

# परिच्छेद पाँच : बाल तथा मातृ स्वास्थ्य

## ५.१ सुरक्षित मातृत्व कार्यक्रम

सुरक्षित मातृत्व कार्यक्रम (Safe Motherhood Program) विभिन्न देशहरूमा समाजिक एबंम स्वास्थ्य निकायहरूद्वारा चलाइने कार्यक्रम हो, जसको मुख्य उद्देश्य महिलाहरूको स्वास्थ्य सुरक्षित बनाउने र गर्भावस्था, प्रसव र त्यस पश्चातका दिनहरूमा स्वास्थ्य सुरक्षितता सुनिश्चित गर्नु हो। नवजात बालबालिकाको स्वास्थ्य र विकासमा आमाको स्वास्थ्यले निर्धारित गर्दछ।

गोलन्जोर गाउँपालिकामा सुरक्षित मातृत्व कार्यक्रम अन्तरगत खासगरी आमा र नवजात शिशु स्याहार सम्बन्धी सेवा उपलब्ध रहेको छ। गोलन्जोर गाउँपालिकामा सुरक्षित मातृत्व कार्यक्रम सम्पूर्ण स्वास्थ्य संस्थाबाट सञ्चालन भइरको छ। यस गाउँपालिकाको सबै वडामा स्वास्थ्य संस्था रहेको छ। १५ वटा सरकारी तथा ३ वटा प्राइभेट स्वास्थ्य संस्था मार्फत यस पालिका गर्भवती महिलाले गर्भावस्थामा नियमित तोकिएको अवस्थामा नै चार पटक जाँच गर्ने गरेका छन्। गाउँपालिकामा स्थापना गरिएका स्वास्थ्य संस्थामा बर्थिङ सेण्टरको व्यवस्था सहित तालिम प्राप्त स्वास्थ्यकर्मीको समेत प्रबन्ध गरिएको छ। यस गोलन्जोर गाउँपालिकामा महिला स्वास्थ्य स्वयंसेविका, सामाजिक सघं संस्थाका कार्यक्रमद्वारा गर्भावस्था विषेश अवस्था भएकाले त्यस अवस्थामा राम्रो खानपिन, आरम, नियमित स्वास्थ्य जाँच र स्वास्थ्य संस्थामानै सुत्केरी गराउनु पर्छ भन्ने सचेतना प्रदान गरेका कारण सुरक्षित मातृत्वको महत्व बुझ्न थालेका छन्।

## ५.२ खोप लगाउने बालबालिका सम्बन्धी विवरण

### बालरोग तथा खोपहरूको विषयमा जानकारी

बालरोग तथा खोपको विषयमा यस पालिकाका बासिन्दा कतिको सचेत छन् भन्ने जानकारी संकलन गर्नको निम्ति २०८१ साल जेष्ठ/असार महिनामा गोलन्जोर गाउँपालिकाको सम्पूर्ण वडाका ४१६५ घरधुरीमा सर्वेक्षण गरिएको थियो। सो सर्वेक्षण अनुसार बालरोग तथा खोप सम्बन्धमा जानकारी भएका १८६३ घरधुरी रहेका छन् भने २३०२ घरधुरी यो विषयमा अनविज्ञ रहेको तथ्यांक टिपोट गरिएको छ। सर्वेक्षण अनुसार सात वटै वडा मध्य, वडा नं ४ का स्थानीय (५४४) यस विषयमा अनविज्ञ रहेको पाईएको छ। थप विवरण तालिकामा समावेश गरिएको छ। बाछाको स्वास्थ्य र समग्र विकासको निम्ति यी विषयमा विश्लेषण गर्दा

**तालिका १०: बालरोग तथा खोपहरूको विषयमा जानकारी थाहा भएको वा नभएको घरधुरीको विवरण**

| वडा | थाहा नभएको | थाहा भएको | जम्मा |
|---|---|---|---|
| गोलन्जोर-१ | ३९७ | १५४ | ५५१ |
| गोलन्जोर-२ | १४३ | २६७ | ४१० |
| गोलन्जोर-३ | १४२ | ३५१ | ४९३ |
| गोलन्जोर-४ | ५४४ | ३२८ | ८७२ |
| गोलन्जोर-५ | ४७७ | ११६ | ५९३ |
| गोलन्जोर-६ | २९१ | ३७८ | ६६९ |
| गोलन्जोर-७ | ३०८ | २६९ | ५७७ |
| **जम्मा** | **२३०२** | **१८६३** | **४१६५** |

स्रोतः गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०८१

घरधुरी सर्वेक्षण २०८१, मा गोलन्जोर गाउँपालिकाका ४१६५ घरधुरीमा, दुई वर्षसम्मको बालबालिकाको खोप लगाएको विवरणको सर्वेक्षण अनुसार जम्मा ६३३ जना बालबालिकालाई खोप लगाएको तथ्यांक टिपोट गरिएको छ भने, खोप नलगाउनेको संख्या १२६ र २ वर्ष मुनिका बालबालिका नभएको घरधुरी संख्या ५७६ रहेको छ।

**तालिका २३: गाउँपालिकाको वडा अनुसार दुई वर्ष मुनिका बालबालिकाले खोप लगाएको विवरण**

| वडा | छैन | छ |
|---|---|---|
| गोलन्जोर-१ | ४ | ८५ |
| गोलन्जोर-२ | २ | ७१ |
| गोलन्जोर-३ | ८ | ७० |
| गोलन्जोर-४ | २८ | १७८ |
| गोलन्जोर-५ | ४८ | ७० |
| गोलन्जोर-६ | ३० | ८९ |
| गोलन्जोर-७ | ६ | ७० |
| **जम्मा** | **१२६** | **६३३** |

स्रोतः गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०८१

तालिका ११: १५ महिना तथा २३ महिना पुगेका बालबालिकाले आर्थिक वर्ष २०७९, साउन देखि २०८० साल असार मसान्त सम्म खोप लिएका तथा २०८० साल साउन देखि २०८१, असार सम्ममा खोप लिएका बालबालिका तथा खोपको विवरण:

| क्र.सं | खोपको नाम | आर्थिक वर्ष २०७९, साउन देखि २०८० साल असार मसान्त सम्म खोप लिएका | २०८० साल साउन देखि २०८१, असार सम्ममा खोप लिएका बालबालिका |
|---|---|---|---|
| १. | बी.सी.जी. (BCG) पाएका बालबालिका | १९५ | १८२ |
| २. | रोटा पहिलो मात्रा पाएका | २६४ | २२६ |
| ३. | रोटा दोश्रो मात्रा पाएका | २५२ | २४६ |
| ४. | पोलियो (OPV) पहिलो पाएका | २६८ | २२६ |
| ५. | पोलियो (OPV) दोश्री पाएका | २६३ | २४७ |
| ६. | पोलियो (OPV) तेश्रो पाएका | २६७ | २३८ |
| ७. | एफ.आई.पी भी (FIPV) पहिलो | २३९ | २३२ |
| ८. | एफ.आई.पी भी (FIPV) दोश्रो पाएका | १६४ | २११ |
| ९. | पी.सी. भी. (PVC) पहिलो पाएका | २६८ | २२७ |
| १० | पी.सी. भी. (PVC) दोश्रो पाएका | २६० | २४८ |
| ११ | पी. सी. भी. (PVC) तेश्रो पाएका | २५४ | २१५ |
| १२ | DPT/HepBhip पहिलो पाएका | २६९ | २२७ |
| १३ | DPT/HepBhip दोश्रो पाएका | २६६ | २४७ |
| १४ | DPT/HepBhip तेश्रो पाएका | २६९ | २३४ |
| १५ | दादुरा, रुवेला (MR) पहिलो - पाएका | २५४ | २१९ |
| १६ | दादुरा, रुवेला (MR) पहिलो - | २१५ | २५६ |

| | | | |
|---|---|---|---|
| | पाएका | | |
| १७ | जे.ई. (JE) खोप पाएका | २४५ | २५७ |
| १८ | टाईफाईड खोप पाएका | २१५ | २५६ |
| १९ | २३ महिना भित्र पूर्ण खोप प्राप्त गरेका बालबालिका | २१० | २५६ |
| २० | TD पहिलो मात्रा पाएका गर्भवती | १५९ | १०० |
| २१ | TD दोश्रो मात्रा पाएका गर्भवती | १३४ | ९१ |
| २२ | TD तेश्रो मात्रा पाएका गर्भवती (तेश्रो बालबालिका जन्म दिएका आमा) | ६५/१२६ | ९१/१२१ |

स्रोतः स्वास्थ्य संस्था

## ५.३ बालबालिकामा पोषणको स्थिति

पोषण भन्नाले शरीरले खानाको उपभोग सम्बन्धी विज्ञानलाई बुझाउँछ। खानाको उपाभोग भन्नाले खाना चपाउनु, निल्नु र शरीरले सोस्नु भन्ने बुझिन्छ। शरीरलाई आवश्यक पर्ने पोषण तत्वहरुको मात्रा कम वा बढी भएर शरीरमा पर्ने असरको अवस्थालाई कुपोषण भनिन्छ। पोषिलो खानेकुरामा दूध, लिटो वा भातका साथमा फलफूल र सागसब्जी समावेश हुनुपर्ने मान्यता रहेको छ। पाँच वर्ष मुनिको बालबालिकाको शारीरिक र मानसिक दुवैतर्फ बढ्दो उमेरको आवश्यकतालाई ध्यान दिँदै पोषिलो खानेकुराको व्यवस्था गर्नुपर्दछ। सन्तुलित आहार र उचित पोषणको अभावमा अपेक्षाकृत रूपमा बालबालिकाको शारीरिक तथा मानसिक विकास हुन सक्दैन, त्यसैले बाल पोषणलाई विशेष महत्व दिइएको हो। यस गोलन्जोर गाउँपालिकाले पोषणको अवस्थाको बारेमा वस्तुस्थिति विवरण निकाल्ने लक्ष्य लिएको छ।

४,१६५ घरधुरीमा गरिएको सर्वेक्षणको विवरण अनुसार पाँच वर्षमुनिका बालबालिकालाई दिनमा चार पटक पोषिलो खानेकुरा खुवाउने गरेको बताउने ४४६ परिवार, दिनमा तिन पटक पोषिलो खानेकुरा खुवाउने गरेको बताउने ७०५, दिनमा दुई पटक पोषिलो खानेकुरा खुवाउने गरेको बताउने १४७ र एक पटक मात्र खुवाउन सक्ने ११ घरधुरी रहेका छन्। तथ्यांकलाई आधार मान्दा वडा नं ७ का १५३ घरधुरीले दिनमा चार पटक खुवाउन सक्ने र १४ घरधुरीले दिनमा ३ पटक खुवाउन सक्ने घरधुरी रहेको टिपोट गरिएको छ। यस तथ्यांकबाट गोलन्जोर गाउँपालिकामा पोषिलो खानेकुराको

बारेमा अभिभावकमा जनचेतना मुलक कार्यक्रम आवश्यक रहेको छ। गोलन्जोर गाउँपालिकाको बालपोषणको अवस्था तलको तालिकामा उल्लेख छ।

**तालिका १२: ५ वर्ष मुनिका बालबालिकाले पोषिलो खाना पाउने बालबालिका विवरण**

| वडा | १ पटक | २ पटक | ३ पटक | ४ पटक भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|
| गोलन्जोर-१ | | १८ | १२३ | ४४ | १८५ |
| गोलन्जोर-२ | १० | ७९ | ५२ | ३ | १४४ |
| गोलन्जोर-३ | | २२ | १४० | ८ | १७० |
| गोलन्जोर-४ | १ | ९ | १४५ | १०९ | २६४ |
| गोलन्जोर-५ | | ७ | १२६ | ३० | १६३ |
| गोलन्जोर-६ | | १२ | १०५ | ९९ | २१६ |
| गोलन्जोर-७ | | | १४ | १५३ | १६७ |
| जम्मा | ११ | १४७ | ७०५ | ४४६ | १३०९ |

स्रोतः गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०८१

## ५४ बालबालिकामा देखा पर्ने गरेका मुख्य रोगहरू र तिनको उपचार व्यवस्था

गोलन्जोर गाउँपालिकामा रहेका बालबालिकामा लाग्ने मुख्य रोगहरु भाइरल ज्वरो, रुघाखोकी तथा निमोनिया, झाडापखाला, छाला सम्बन्धी रोग, घाउ खटिरा, पेट दुखाइ आदि हुन्। गोलन्जोर गाउँपालिकामा विगत एक देखि तीन वर्षमा बालबालिकालाई झाडापखाला, निमोनिया, भाइरल रुघा खोकी, पेट दुखाई, छाला सम्बन्धी रोग र घाउ खटिरा लगायतको रोगहरु लागेको स्वास्थ्य शाखाको तथ्याङ्क रहेको छ। झाडापखालाको मुख्य कारण असुरक्षित खानपान, अशुद्ध पानी र घरवरीपरीको फोहोरी वातावरण आदि हुन्। दैनिक जीवनयापनलाई मध्यनजर गरी स्वस्थ रहने, पोषिलो खानेकुरा बालबालिकालाई खुवाउने गरेको अवस्थामा यस्ता रोगहरुको आक्रमणबाट बालबालिकालाई बचाउन सकिन्छ।

घरधुरी सर्वेक्षण अनुसार १५८ घरधुरीका परिवारका सदस्यहरु वर्षमा कम्तीमा १ पटक झाडापखालाबाट बिरामी भएको, ५९७ घरधुरीका परिवारका सदस्यहरु वर्षमा कम्तीमा २ पटक,

४७१ घरधुरीका सदस्य वर्षमा ३ पटक र २९३९ घरधुरीका सदस्य बिरामी नभएको तथ्यांक टिपोट गरिएको छ।

### तालिका १३: घरका सदस्य झाडापखालाबाट बिरामी परेको विवरण

| विगतका वर्षमा झाडापखाला लागेको विवरण | | | | | |
|---|---|---|---|---|---|
| वडा | घरका सदस्यहरु वर्षमा कम्तीमा १ पटक झाडापखालाबाट बिरामी भएको | घरका सदस्यहरु वर्षमा कम्तीमा २ पटक झाडापखालाबाट बिरामी भएको | घरका सदस्यहरु वर्षमा कम्तीमा ३ वा सो भन्दा बढी पटक झाडापखालाबाट बिरामी भएको | घरमा कसैलाई झाडापखाला नलागेको | जम्मा |
| १ | ५ | ३० | १ | ५१५ | ५५१ |
| २ | ४३ | ६ | | ३६१ | ४१० |
| ३ | २२ | ३३३ | १३२ | ६ | ४९३ |
| ४ | ५५ | ११ | २७१ | ५३५ | ८७२ |
| ५ | | | १ | ५९२ | ५९३ |
| ६ | २९ | २१७ | ६६ | ३५७ | ६६९ |
| ७ | ४ | | | ५७३ | ५७७ |
| जम्मा | १५८ | ५९७ | ४७१ | २९३९ | ४१६५ |

स्रोतः गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०८१

### तालिका १४: बालबालिका बिरामी पर्दा उपचार गर्नसक्ने आर्थिक क्षमता भए/नभएका घरधुरीको विवरण

| वडा | क्षमता भएको | क्षमता नभएको |
|---|---|---|
| गोलन्जोर-१ | ११४ | २६५ |
| गोलन्जोर-२ | १९ | २८१ |
| गोलन्जोर-३ | १७७ | १८१ |
| गोलन्जोर-४ | १२८ | ५१७ |
| गोलन्जोर-५ | ११ | ३३९ |
| गोलन्जोर-६ | १३७ | ३०३ |
| गोलन्जोर-७ | ४७ | ३०८ |
| जम्मा | ६३३ | २१९४ |

स्रोतः गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०८१

सर्वेक्षणबाट प्राप्त तथ्यांक अनुसार, बालबालिका बिरामी पर्दा उपचार गर्नसक्ने आर्थिक क्षमता भएका घरधुरी संख्या अत्यन्तै न्यून देखिएको छ। विवरण अनुसार जम्मा ६३३ घरधुरीले आफ्नो आर्थिक क्षमता सवाल भएको जनाएका छन् भने २१९४ घरधुरीले आर्थिक स्थिति कमजोर भएको बताएका छन्। यसका आधारमा, यस पालिकाका स्थानीयको निम्ति सिप मुलक तालिम/रोजगारीको अवसर सृजना गर्नु, निशुल्का स्वास्थ्य उपचारका कार्यक्रम गर्नु आवश्यक देखिन्छ।

## ५.५ परिवार नियोजनको साधन प्रयोगकर्ताको विवरण

यस गोलन्जोर गाउँपालिकामा परिवार नियोजनको साधन प्रयोगमा अस्थाइ साधनको प्रयोग गर्ने बढी रहेको छन् भने परिवार नियोजनको साधनमा कुनैपनि साधन प्रयोग नगर्ने पनि जनसंख्या केही रहेको छ भने परिवार नियोजनको स्थाई साधन पनि प्रयोग गर्ने जनसंख्या पनि यस गाउँपालिकामा रहेका छन्। गोलन्जोर गाउँपालिका वर्तमान समयमा परिवार नियोजको साधन प्रयोग गर्नेहरुमा pills प्रयोग गर्ने १४० जना, Depo प्रयोग गर्ने ४५५, Sayanapress प्रयोग गर्ने ८२, IUCD प्रयोग गर्ने ९८, Implant- प्रयोग गर्ने ९१४ छन्।

## ५.६ प्रसुति पूर्व चारपटक र प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परीक्षण गराउने गर्भवती महिलाहरूको विवरण

सर्वेक्षण अनुसार, यस पालिकामा १७५ गर्भवती महिला रहेको विवरण छ जसमा सबैभन्दा धेरै गर्भवती महिला वडा नं. ४ मा ५७ जना र सबै भन्दा कम वडा नं ५ मा ३ जना रहेका छन्।

तालिका १५: बितेको १ वर्षभित्र गर्भवती महिलाको विवरण

| वडा | गर्भवती महिला भएको घरधुरी | गर्भवती महिला नभएको घरधुरी | जम्मा |
|---|---|---|---|
| गोलन्जोर-१ | २० | ५३१ | ५५१ |
| गोलन्जोर-२ | ८ | ४०२ | ४१० |
| गोलन्जोर-३ | २३ | ४७० | ४९३ |
| गोलन्जोर-४ | ५७ | ८१५ | ८७२ |
| गोलन्जोर-५ | ३ | ५९० | ५९३ |
| गोलन्जोर-६ | ३६ | ६३३ | ६६९ |
| गोलन्जोर-७ | २८ | ५४९ | ५७७ |
| जम्मा | १७५ | ३९९० | ४१६५ |

स्रोतः गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०८१

यस पालिकामा प्रसुति पूर्व ४ पटक र सो भन्दा बढी पटक गर्भजाचँ गर्ने महिलाहरु ९४ जना रहेका छन् भने चार पटक भन्दा कम गर्भवती जाचँ गराउने ७२ र एक पटक पनि जाँच नगराउने महिला संख्या ४ रहेको छ भने अन्य ५ जना गर्भवती महिलाको विवरण प्राप्त हुने सकेन। प्रस्तुत विवरण गाउँपालिकामा गरिएको घरधुरी सर्वेक्षणका आधारमा टिपोट गरिएको हो।

तालिका १६: गर्भवती महिलाले प्रसुति पूर्व गर्भ जाँच गराएको विवरण

| वडा | एक पटक पनि नगराएका | ४ पटक भन्दा कम गराएका | ४ पटक गराएका | ५-७ पटक गराएका | ८ पटक गराएका | ८ पटक भन्दा माथि गराएका | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ७ | ४ | ४ | २ | | १९ |
| २ | | ४ | २ | १ | | | ७ |
| ३ | | ७ | ५ | ६ | १ | १ | २० |
| ४ | १ | ४१ | ६ | ९ | | १ | ५८ |
| ५ | | १ | | १ | | | २ |
| ६ | | ८ | ३ | ६ | ७ | १४ | ३८ |
| ७ | १ | ४ | ९ | ९ | २ | १ | २६ |
| जम्मा | ४ | ७२ | २९ | ३६ | १२ | १७ | १७० |

स्रोतः गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०८१

सर्वेक्षण अनुसार, गर्भावस्थामा एक पटक पनि आइरन क्याप्सुल नखाने महिलाको संख्या ९, १८० ओटा भन्दा कम खाने ६१, १८० ओटा सम्म खाने १२, १८०-२२५ ओटा खाने ४८, २२५ ओटा खाने १९ र २२५ ओटा भन्दा माथि खाने महिलाको संख्या २१ रहेको छ।

तालिका १७: आइरन क्याप्सुल खाएको

| वडा | एक पटक पनि नखाएको | ०-१८० ओटा भन्दा कम खाएको | १८० ओटा खाएको | १८०-२२५ ओटा खाएको | २२५ ओटा खाएको | २२५ ओटा भन्दा माथि खाएको |
|---|---|---|---|---|---|---|
| १ | ४ | ४ | ६ | ३ | ० | २ |
| २ | १ | ५ | ० | १ | ० | ० |
| ३ | ० | १ | ० | ३ | ० | १६ |
| ४ | १ | २४ | ४ | २९ | ० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | ० | ० | ० | ० | ० | २ |
| ६ | १ | १५ | १ | २ | ० | ० |
| ७ | २ | १२ | १ | १० | १९ | १ |
| जम्मा | ९ | ६१ | १२ | ४८ | १९ | २१ |

स्रोतः गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०८१

यस गाउँपालिकाको प्रसुति पश्चात स्वास्थ्य परीक्षण गराउनेको संख्या १६६ जना रहेका छन् भने प्रोटोकल अनुसार स्वास्थ्य परीक्षण नगराउने गर्भवती ४ जना रहेका छन्।

**तालिका १८:पालिकामा गर्भवती अवस्थामा र प्रसुती पश्चात प्रोटोकल अनुसार स्वास्थ्य परीक्षण गराउने महिलाको विवरण**

| वडा | एक पटक पनि नगराएका | ४ पटक भन्दा कम गराएका | ४ पटक गराएका | ५-७ पटक गराएका | ८ पटक गराएका | ८ पटक भन्दा माथि गराएका | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ७ | ४ | ४ | २ | | १९ |
| २ | | ४ | २ | १ | | | ७ |
| ३ | | ७ | ५ | ६ | १ | १ | २० |
| ४ | १ | ४१ | ६ | ९ | | १ | ५८ |
| ५ | | १ | | १ | | | २ |
| ६ | | ८ | ३ | ६ | ७ | १४ | ३८ |
| ७ | १ | ४ | ९ | ९ | २ | १ | २६ |
| जम्मा | ४ | ७२ | २९ | ३६ | १२ | १७ | १७० |

स्रोत : गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण २०८१

गोलन्जोर गाउँपालिकामा २०८१ जेष्ठ तथा असारमा गरिएको घरधुरी सर्वेक्षणको नतिजा अनुसार ६२ जना गर्भवती महिलाले १ पटक टिडि खोप लगाएको सुचना दाता परिवारको सदस्यले बताएका छन् । १३ जना गर्भवती महिलाले टिडि खोप १ पटक पनि लगाएका छैनन् भने ८३ जना गर्भवती महिलाले २ पटक, ६ जनाले ३ पटक, ४ जनाले ४ पटक र २ जनाले ५ पटक टिडि खोप लगाएका छन्। वडागत आधारमा सबैभन्दा बढी वडा नं. ४ मा ५८ जनाले टिडि खोप लगाएका छन् भने वडा नं ५ सबै भन्दा कम को २ खोप लगाएको बताएका छन्। गाउँपालिकाका गर्भवती महिलाले टिडि खोप लगाएको विवरण तलको तालिकामा देखाइएको छ ।

तालिका १९: पालिकामा गर्भवती अवस्थामा टिडि खोप लगाएको विवरण

| वडा | नलगाएको | १ पटक लगाएको | २ पटक लगाएको | ३ पटक लगाएको | ४ पटक लगाएको | ५ पटक लगाएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ९ | ५ | २ | १ | | १९ |
| २ | १ | ३ | ३ | | | | ७ |
| ३ | १ | ७ | ९ | १ | १ | १ | २० |
| ४ | ४ | १२ | ४० | १ | १ | | ५८ |
| ५ | | १ | १ | | | | २ |
| ६ | २ | ७ | २५ | २ | १ | १ | ३८ |
| ७ | ३ | २३ | | | | | २६ |
| जम्मा | १३ | ६२ | ८३ | ६ | ४ | २ | १७० |

स्रोत : गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण २०८१

## ५.७ दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरूको विवरण

गोलन्जोर गाउँपालिकामा गरिएको घरधुरी सर्वेक्षणमा ७ जना गभर्वती महिला घरमा नै स्वास्थ्य कर्मीको सहयोग विना सुत्केरी भएको विवरण रहेको छ। गाउँपालिकामा ६ जना गर्भवती महिला घरमानै स्वास्थ्यकर्मीको सहयोगमा सुत्केरी भएका छन् भने ७९ जना गर्भवती स्वास्थ्य संस्थामा सुत्केरी भएका छन् भने ४ जना अन्य स्थानमा सुत्करी भएका छन्। यस गाउँपालिकामा अझैपनि घरमानै स्वास्थ्यकर्मीको सहयोग विना सुत्केरी गराउने आमाहरुको संख्या रहेको हुनाले यसबाट आमा र बच्चा दुवैको स्वास्थ्यमा पर्ने सक्ने जोखिम, सुरक्षित मातृत्वको बारेमा जनचेतना हुनु आवश्यक देखिन्छ।

तालिका २०: दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरूको विवरण

| वडा | स्वास्थ्य संस्था | स्वास्थ्य कर्मीको सहयोगमा घरमा सुत्केरी हुने | स्वास्थ्य कर्मीको सहयोग बिना घरमा सुत्केरी हुने | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | ५ | २ | | १ | ८ |
| २ | | | | | |
| ३ | १३ | | | २ | १५ |
| ४ | ३६ | २ | ७ | | ४५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | | | | | |
| ६ | १६ | १ | | | १७ |
| ७ | ९ | १ | | १ | ११ |
| जम्मा | ७९ | ६ | ७ | ४ | ९६ |

स्रोतः गोलन्जोर गाउँपालिका घरधुरी सर्वेक्षण, २०८१

## ५.८ नियमित रूपमा तौल लिइएका बालबालिका सम्बन्धी विवरण

गोलन्जोर गाउँपालिकामा गरिएको घरधुरी सर्वेक्षण अनुसार, १ वर्ष मुनिका बालबालिकाको मासिक रुपमा तौल लिने परिवार ३१४ रहेका छन् भने ४४५ घर परिवारले तौल लिने नगरेको पाईएको छ। अन्य वडाको तुलनामा वडा नं ४ का १०२ घरधुरीले तौल लिने गरेको र १६० घरधुरीले तौल लिने नगरेको पाईएको छ।

**तालिका २१: १ वर्ष मुनिका बालबालिकाको मासिक रुपमा तौल लिने परिवारको विवरण**

| वडा | तौल लिने गरिएको छ | तौल लिने गरिएको छैन | जम्मा |
|---|---|---|---|
| गोलन्जोर-१ | २१ | ८२ | १०३ |
| गोलन्जोर-२ | १ | ४६ | ४७ |
| गोलन्जोर-३ | २३ | ४७ | ७० |
| गोलन्जोर-४ | १०२ | १६० | २६२ |
| गोलन्जोर-५ | ८९ | २९ | ११८ |
| गोलन्जोर-६ | ४६ | ५४ | १०० |
| गोलन्जोर-७ | ३२ | २७ | ५९ |
| जम्मा | ३१४ | ४४५ | ७५९ |

स्रोत : गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण २०८१

गोलन्जोर गाउँपालिकामा रहेको सबै स्वास्थ्य संस्थाले बालबालिकाको नियमित तौल लिने गरेको स्वास्थ्य शाखाले जनाएको छ साथै स्वास्थ्य शाखा र विभिन्न संस्थाको सहयोगमा बालबालिकाको पोषणमा कार्यक्रहरु भइरहेकोले अवस्था राम्रो हुँदै गईरहेको छ।

पालिकाको बाल पोषणको अवस्था अध्ययन गर्दा १ वर्ष देखि ५ वर्ष सम्मको उमेर समूहमा हरेक वर्ष प्रगति हुँदै आएको देखिएको छ। सर्वेक्षणबाट १ वर्ष देखि ५ वर्ष सम्म उमेर समूहको

बालबालिकाको मासिक रुपमा तौल नलिने परिवार ३९७ र ८३४ परिवारले नियमित तौल लिने गरेको पाईएको छ विस्तृत विवरण अनुसूचीको (तालिका क) मा समावेश गरिएको छ।




चित्र १: १ वर्ष देखि ५ वर्ष सम्मका बालबालिकाको त्रैमासिक रुपमा तौल लिने गरिएको विवरण

स्रोत: गोलन्जोर गाउँपालिका घरधुरी सर्वेक्षण, २०८१

## ५९ भिटामिन "ए" तथा जुकाको औषधि खाएका बालबालिका सम्बन्धी विवरण

गोलन्जोर गाउँपालिका स्वास्थ्य शाखाको वार्षिक विवरण अनुसार छ महिना देखि ५ वर्ष मुनिका २२६९ बालबालिकालाई भिटामिन ए वितरण गरिएको छ  भने २१०९ लाई जुकाको औषधी विवरण गरिएको छ।




चित्र २: भिटामिन "ए" तथा जुकाको औषधि खाएका बालबालिका सम्बन्धी विवरण

स्रोत: गोलन्जोर गाउँपालिका, स्वास्थ्य शाखा

### ५.९.१. गर्भवती तथा सुत्केरी महिलाई भिटामिन “ए” तथा आइरन चक्की वितरणको अवस्था

गोलन्जोर गाउँपालिकाले सुत्केरी आमालाई भिटामिन “ए” तथा गर्भवती महिलाई आइरन चक्की वितरण गरेको छ। बालबालिकाको स्वास्थ्यको लागि गर्भवती र सुत्केरी महिलाहरुलाई भिटामिन “ए” तथा आइरन चक्कीको वितरण गरिन्छ। गोलन्जोर गाउँपालिकाको स्वास्थ्य शाखाको अनुसार गर्भवती तथा सुत्करी महिलाहरुलाई वितरण गरेको भिटामिन “ए” तथा आइरन चक्कीको विवरण तलको तालिकामा दिइएको छ।




**चित्र ३: गर्भवती तथा सुत्केरी महिलाई भिटामिन “ए” तथा आइरन चक्की वितरणको अवस्था**

स्रोत : गोलन्जोर गाउँपालिका स्वास्थ्य शाखा, २०८०

## ५.१० आयोडिनयुक्त नूनको प्रयोग गर्ने घरपरिवार सम्बन्धी विवरण

बालबालिकाको स्वास्थ्यलाई ध्यान दिदै नेपालमा दुई बालबालिकाको फोटो भएको अयोडिनयुक्त नून खानका लागि आम नागरिकलाई आह्वान गर्दै नेपाल सरकारले सिफारिस गरेको छ। यस गोलन्जोर गाउँपालिकाका आयोडिन नूनको प्रयोग गर्ने परिवारको संख्या ३४६२ (८३.१२ प्रतिशत) रहेको छ भने ७०३ (१५.५५) प्रतिशतले आयोडिनयुक्त नून प्रयोग गरेका छैनन्। आयोडिनयुक्त नून प्रयोगको दृष्टिकोणबाट गोलन्जोर गाउँपालिका वडा नं. ४ को अवस्था राम्रो छ यस वडामा ७११ परिवारले आयोडिनयुक्त नूनको प्रयोग गरेका छन् भने वडा नं. १ मा १८८ परिवारले आयोडिन युक्त नूनको प्रयोग नगरेको पाईएको छ। वडा १, २, ४ र ६ वडाहरूमा आयोडिनयुक्त नून प्रयोगका लागि जनतालाई प्रोत्साहन गर्नुपर्ने आवश्यकता रहेको छ। यस गोलन्जोर गाउँपालिकामा आयोडिनयुक्त नूनको प्रयोगको वडा अनुसारको अवस्थाको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २२: गाउँपालिकामा आयुडिनयुक्त नूनको प्रयोग गर्ने घरधुरीको विवरण

| दुई बालबालिका चिन्ह भएको आयोडिनयुक्त नुन प्रयोग गरे /नगरेको विवरण | | | | | |
|---|---|---|---|---|---|
| वडा | आयोडिनयुक्त नुन प्रयोग छ | आयोडिनयुक्त नुन प्रयोग छैन | जम्मा | छ% | छैन% |
| गोलन्जोर-१ | ३६३ | १८८ | ५५१ | ६५.८८ | ३४.१२ |
| गोलन्जोर-२ | २८१ | १२९ | ४१० | ६८.५४ | ३१.४६ |
| गोलन्जोर-३ | ३९९ | ९४ | ४९३ | ८०.९३ | १९.०७ |
| गोलन्जोर-४ | ७११ | १६१ | ८७२ | ८१.५४ | १८.४६ |
| गोलन्जोर-५ | ५७७ | १६ | ५९३ | ९७.३० | २.७० |
| गोलन्जोर-६ | ५६५ | १०४ | ६६९ | ८४.४५ | १५.५५ |
| गोलन्जोर-७ | ५६६ | ११ | ५७७ | ९८.०९ | १.९१ |
| जम्मा | ३४६२ | ७०३ | ४१६५ | ८३.१२ | १६.८८ |

स्रोत : गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण २०८१

## ५.११ सार्वजनिक तथा निजी शौचालय र सरसफाई सम्बन्धी विवरण

स्वच्छता, स्वास्थ्य र मानव समृद्धिको दृष्टिकोणबाट शौचालयको सुविधा हरेक घरपरिवारका लागि अपरीहार्य आवश्यकता हो। राष्ट्रिय जनगणना २०७८ अनुसार, गोलन्जोर गाउँपालिकाको कुल घरधुरी ४५२७ रहेको छ। फ्लश शौचालय (public sewerage) प्रयोग गर्ने १०८ परिवार (२.४%), फ्लश शौचालय (septic tank) प्रयोग गर्ने ३,८६२ घरधुरी (८५.३ %), खाल्डो खानी निर्माण गरिएको शौचालय (pit toilet) प्रयोग गर्ने ४८३ घरधुरी (१०.७%), सार्वजनिक शौचालय public toilet, शौचालयको सुविधा नभएको घरधुरी ६० (१.३%) रहेछन्। बालबालिकालाई सरसफाईका लागि परिवार र शिक्षकले बुझाउनु पर्ने र समाजले सिकाउनु पर्ने कुरा मध्ये शौचालयको उचित प्रयोग र नियमित सफाइ पनि हो।

### ५.११.१ हातधुने बानीको आधारमा घरपरिवार

हात धुने प्रक्रिया व्यक्तिगत स्वच्छता र सफाइको एक महत्वपूर्ण पक्ष हो। हात धुने प्रक्रियाले हातमा हुने कीटाणु र ब्याक्टेरिया हटाएर विभिन्न रोगहरूको जोखिम कम गर्दछ। खाना खानु अघि वा शौचालय प्रयोग गरिसकेपछि साबुन पानीले हात धुने वानीले संक्रमक रोगहरू फैलनलाई रोक्नमा मद्दत पुर्याउँछ। गोलान्जोर गाउँपालिकामा स्वास्थ्य तथा सरसफाई अन्तर्गत घरमा खाना खानु

अगाडि, बच्चाको दिसा धोएपछि र शौचालय गएर आएपछि हात धुने अथवा नधुने र धुने भए के को प्रयोगले धुने भन्ने विषयमा ४१६५ घरधुरीमा गरिएको सर्वेक्षण अनुसार ३७६८ घरधुरीले सबुनपानी प्रयोग गरी हात धुने गरेको, २९९ घरधुरीले पानीले मात्र, ८२ घरधुरीले अन्य प्रयोग गर्ने गरेको र १६ घरधुरीले केही पनि नगर्ने विवरण टिपोट गरिएको छ।

**तालिका २३ः वडागत रुपमा हात धुने बानीको आधारमा घरधुरीको विवरण**

| वडा | अन्य प्रयोग गर्ने | प्रतिशत | केही पनि नगर्ने | प्रतिशत | पानी मात्र | प्रतिशत | साबुन पानी | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| गोलन्जोर-१ | ३२ | ५.८१ | २ | ०.३६ | ३ | ०.५४ | ५१४ | ९३.२८ | ५५१ |
| गोलन्जोर-२ | | ०.०० | | ०.०० | ४६ | ११.२२ | ३६४ | ८८.७८ | ४१० |
| गोलन्जोर-३ | ४६ | ९.३३ | ११ | २.२३ | ५९ | ११.९७ | ३७७ | ७६.४७ | ४९३ |
| गोलन्जोर-४ | | ०.०० | | ०.०० | १०४ | ११.९३ | ७६८ | ८८.०७ | ८७२ |
| गोलन्जोर-५ | | ०.०० | | ०.०० | १ | ०.१७ | ५९२ | ९९.८३ | ५९३ |
| गोलन्जोर-६ | १ | ०.१५ | ३ | ०.४५ | ८६ | १२.८६ | ५७९ | ८६.५५ | ६६९ |
| गोलन्जोर-७ | ३ | ०.५२ | | ०.०० | | ०.०० | ५७४ | ९९.४८ | ५७७ |
| जम्मा | ८२ | १.९७ | १६ | ०.३८ | २९९ | ७.१८ | ३७६८ | ९०.४७ | ४१६५ |

स्रोत : गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण २०८१

गोलन्जोर गाउँपालिकामा ३७६८ (९०.४७ प्रतिशत) घरपरिवारले साबुनपानीले हात धुने गरेको पाइएको छ।बाँकी मध्ये २९९ (७.१८ प्रतिशत घरपरिवारमा हात धुन पानी मात्र प्रयोग गर्ने गरेको बताइएका छन।यसरी ८२ (१.९७ प्रतिशत) घरपरिवारमा अन्य कुराको प्रयोग गरी हात धुने गरेको पाइयो।यस पालिकामा १६ जना (०.३८ प्रतिशत) परिवारले खाना खानु अघि हात नधुने गरेको तथ्यांक घरधुरी सर्वेक्षण २०८१ बाट प्राप्त भएको छ।




चित्र ४: वडागत रुपमा हात धुने बानीको आधारमा घरधुरीको विवरण

## ५.१२. खानेपानीको स्रोत तथा उपलब्धता सम्बन्धी विवरण

पानी एक रासायनिक यौगिक हो जुन मानिसको शारीरिक स्वास्थ्य र जीवनको लागि अत्यन्त आवश्यक छ। नेपाली समाजका धेरै बालबालिका (खास गरी बालिका)को धेरै समय घरको काममा बित्छ। अझ पानी लिन जाने काममा र खानेपानीका लागि धाराको व्यवस्था नभएको ठाउँका बालबालिकाहरूको पढ्ने र गृहकार्य गर्ने समय पानी ओसार्ने काममा बित्ने गरेको हुँदा यस्ता मुद्दा बालअधिकारसँग जोडिएका छन्।

विद्यालयबाट आएपछिको र विद्यालय जानुअघिको मुख्य काम पानी लिन जाने हुने गरेको यथार्थलाई नकार्न सकिदैन। स्वच्छ, सफा र समुन्नत गाउँ-सहर हुनका लागि सहज र पर्याप्त पानीको उपलब्धतालाई प्रमुख मानक मान्ने गरिन्छ।

२०८१ सालमा गोलन्जोर गाउँपालिकाका ४१६५ घरधुरीमा गरिएको सर्वेक्षण अनुसार, खानेपानीको स्रोतको रुपमा पाइप लाईनको पानी प्रयोग गर्ने घरधुरी संख्या ४०८२ (९८.०८ %) रहेको छ। त्यसैगरी ईनार, कुवा अथवा जरुवाको पानी प्रयोग गर्ने घरधुरी संख्या ६६, ट्युवेलको पानी प्रयोग गर्ने ६ घरधुरी, आकाशको पानी प्रयोग गर्ने ३ घरधुरी र स्रोत नखुलेको पानीको स्रोत प्रयोग गर्ने घरधुरी २ वटा रहेका छन्। तथ्यांकको विश्लेषण गर्दा, यस पालिकाका अधिकांश घरमा पानीको व्यवस्थापन राम्रो देखिएको छ।

## तालिका २४: खानेपानीको स्रोतको विवरण

| वडा | पाइपको धाराको पानी प्रयाग गर्ने | इनार, कुवा, जरुवाको पानी प्रयोग गर्ने | नदी, कुलो, नहर, पोखरीको पानी प्रयोग गर्ने | ट्युबवेलको पानी प्रयोग गर्ने | आकाशे पानी संकलन गरी प्रयोग गर्ने | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ५३३ | १७ | | १ | | | ५५१ |
| २ | ४०७ | ३ | | | | | ४१० |
| ३ | ४८५ | ८ | | | | | ४९३ |
| ४ | ८६२ | ४ | | ४ | | २ | ८७२ |
| ५ | ५९३ | | | | | | ५९३ |
| ६ | ६३१ | २८ | ६ | १ | ३ | | ६६९ |
| ७ | ५७१ | ६ | | | | | ५७७ |
| जम्मा | ४०८२ | ६६ | ६ | ६ | ३ | २ | ४१६५ |

स्रोत : गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण २०८१

## तालिका २५: खानेपानी ल्याउन (जाँदा आउँदा) लाग्ने समयको विवरण

| वडा | १५ मिनेटसम्मको दुरीमा | १५-३० मिनेटको दुरीमा | ३० मिनेटभन्दा बढी समय लाग्ने | घरैमा भएको | जम्मा |
|---|---|---|---|---|---|
| १ | ४३ | ६ | ३ | ४९९ | ५५१ |
| २ | ७० | १५ | | ३२५ | ४१० |
| ३ | ३२ | ८ | ४ | ४४९ | ४९३ |
| ४ | २४ | १६ | ३ | ८२९ | ८७२ |
| ५ | १५ | ५ | ५ | ५६८ | ५९३ |
| ६ | ८७ | २१ | ५ | ५५६ | ६६९ |
| ७ | ३५ | २ | १ | ५३९ | ५७७ |
| जम्मा | ३०६ | ७३ | २१ | ३७६५ | ४१६५ |

स्रोत : गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण २०८१

माथिको तालिकामा अनुसार ३७६५ घरधुरी (९०.४० प्रतिशत) घरपरिवारको घरमै धारा रहेको छ छ। घरबाट १५ मिनेटको दुरीमा रहेको स्रोतबाट पानी ल्याउनु पर्ने अवस्था ३०६ (७.३५ प्रतिशत) परिवारको रहेको छ। त्यसैगरी, घरबाट १५ देखि ३० मिनेटको दुरीमा गई पानी ल्याउनु पर्ने अवस्था भएको घरपरिवार ७३ (१.७५ प्रतिशत), र २१ घरपरिवारले (०.५० प्रतिशत) आधा घण्टा (३० मिनेट) भन्दा बढी समय पानी लिनजानका लागि खर्चिनु पर्दछ। वडागत आधारमा विश्लेषण गर्दा सबैभन्दा राम्रो अवस्था वडा नम्बर ४ मा देखिएको छ। यहाँका परिवारमानै पानीको सुविधा भएको बताएउने ८२९ परिवार रहेका छन्। सबैभन्दा कमजोर अवस्था वडा नम्बर २ मा रहेको पाइएको छ ।

## ५।१३. उपचार गर्ने प्राथमिकता र पद्धति

नेपालमा स्वास्थ्य उपचार सुविधा विभिन्न स्तरमा उपलब्ध छन्, र यी सुविधाहरूको दायरा ग्रामीण क्षेत्रदेखि शहरसम्म फैलिएको छ। स्वास्थ्य उपचार सुविधाको पहुँच, गुणस्तर र उपलब्धता क्षेत्रीय र स्थानिय आधारमा फरक पर्न सक्छ। गोलन्जोर गाउँपालिकामा बालबालिका र वयस्क विरामी भएको अवस्थामा कहाँ गएर कस्तो उपचार विधि अवलम्बन गर्दछन् भन्ने विषय महत्वपूर्ण भएकाले यसको पनि अध्ययन गरिएको थियो।

परिवारको कुनै सदस्य विरामी भएमा उपचारका लागि सबैभन्दा पहिला कुन उपचारको पद्दति अपनाईने गरिन्छ भन्ने विषयको सर्वेक्षण गर्दा सबै भन्दा धेरै ३४२३ घरधुरी स्थानीय स्वास्थ्य संस्था/चौकी मा उपचारको निम्ति जाने गरेको, निजी तथा सरकारी अस्पतालमा उपचारको निम्ति ३४५ घरधुरी, मेडिकलमा ३२६ घरधुरी, आयुर्वेदिक अस्पतालममा ५ घरधुरी, धामी झाक्रीबाट हुने उपचारका निम्ति ६३ घरधुरी जाने गरेको तथ्यांक संकलन गरिएको छ।

**तालिका २६:परिवारको कुनै सदस्य विरामी भएमा उपचारका लागि जाने स्थान**

| वडा | आयुर्वेदिक औषधालय | अस्पताल (निजी, सरकारी) | स्थानीय स्वास्थ्य संस्था/चौकी | मेडिकल | अन्य | लामा, धामी, झाँक्री | परम्परागत वैद्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | ३२६ | २२२ | | ३ | | ५५१ |
| २ | १ | १ | ३७७ | २२ | | ९ | | ४१० |
| ३ | | ९ | ४४१ | ४३ | | | | ४९३ |
| ४ | १ | १ | ८०४ | १८ | १ | ४७ | | ८७२ |
| ५ | १ | ५३ | ५१८ | २० | | | १ | ५९३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | २ | ६ | ६५६ | १ | | ४ | | ६६९ |
| ७ | | २७५ | ३०१ | १ | | | | ५७७ |
| **जम्मा** | ५ | ३४५ | ३४२३ | ३२७ | १ | ६३ | १ | ४१६५ |

स्रोतः गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०८१

## ५.१४ बालमृत्युदरको अवस्था

नेपालमा पाँच वर्षमुनिका प्रति एक हजार जीवित बालबालिकामा ३३ बालबालिकाको मृत्यु हुने गरेको तथ्यांक छ।एक वर्षदेखि पाँच वर्षसम्मको उमेर समूह मृत्युदर बढी हुने उमेर हो।त्यसैले यस पालिकामा यो उमेर समूहका बालबालिकाको मृत्युदरको विश्लेषणलाई पनि महत्व दिईएको छ।गोलन्जोर गाउँपालिकामा, गरिएको घरधुरी सर्वेक्षण अनुसार विगत एक वर्षमा विभिन्न रोगको कारणले ६ जना बालबालिकाको मृत्यु भएको छ। मृत्यु हुनेमा वडा नं १, २, र ४ का क्रमश २, २, २ संख्या गरी कुल ६ जना रहेका छन्।

**तालिका २७: पाँच वर्षमुनिका बालबालिकाको विगत १ वर्षमा भएको मृत्युको विवरण**

| वडा | छ |
|---|---|
| गोलन्जोर-१ | २ |
| गोलन्जोर-२ | २ |
| गोलन्जोर-३ | |
| गोलन्जोर-४ | २ |
| गोलन्जोर-५ | |
| गोलन्जोर-६ | |
| गोलन्जोर-७ | |
| **जम्मा** | ६ |

स्रोत : गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण २०८१

## ५.१५ स्वास्थ्य सेवा प्रदायक संस्थाः

यस गोलन्जोर गाउँपालिकामा १५ वटा सरकारी तथा ३ वटा निजी स्वास्थ्य संस्था रहेको छ।गाउँपालिकामा रहेको स्वास्थ्य संस्थामा सेवा दिने मानव संसाधनको अध्ययन पनि गरिएको छ। स्वास्थ्य संस्थामा अन्य साधन स्रोतको साथसाथै मानव संसाधनको अवस्था पनि उत्तिकै महत्वपूर्ण हुन्छ।भवन, भौतिक वस्तु र स्वास्थ्य संस्था भएर मात्र हुँदैन, त्यसलाई सञ्चालन वा प्रयोग गर्नसक्ने

क्षमता र योग्यता भएको जनशक्तिको जरुरत  पर्दछ।योग्य कर्मचारी भएमा त्यसैले नै गुणस्तरीय स्वास्थ्य सेवा.प्रदान गर्न सक्छ।

# परिच्छेद ६: शैक्षिक अवस्था

## ६.१ महिला तथा बालबालिकाको साक्षरता विवरण

यस गाउँपालिकामा बाल विकास जाने बालक तथा बालिका क्रमशः ४०१, २९२ रहेका छन् भने बाल विकास नजाने बालक तथा बालिका क्रमशः १४९, ७९ छन्। त्यसैगरी, विद्यालय जाने बालक तथा बालिका २,६०७ र २,३७१ छन् र विद्यालय नजाने बालकको संख्या १७५ र बालिकाको संख्या ८९ रहेको छ। यस पालिकाकालाई पूर्ण साक्षर गराउनको निम्ति विभिन्न अभियान तथा कार्य गर्नु आवश्यक देखिन्छ, थप विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २८: विद्यालय भर्ना नभएका सामान्य क्षमता भएका बालबालिकाको विवरण**

| विद्यालयस्तरमा अध्ययन गरिरहेका बालबालिकाको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वडा | बालविकास जाने | | बालविकास नजाने | | विद्यालय जाने | | विद्यालय नजाने | |
| | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका |
| १ | ६३ | ३८ | २० | १३ | ४४८ | ४०३ | ३० | २१ |
| २ | २२ | २७ | ४४ | १८ | ३२५ | २९० | ४३ | १० |
| ३ | २६ | २८ | ४ | ३ | ३५० | ३५० | २५ | ११ |
| ४ | ६७ | ५१ | ४२ | २१ | ५१७ | ४९६ | २६ | २४ |
| ५ | ८४ | ५८ | ३ | १ | २९२ | २५० | १६ | १ |
| ६ | ९५ | ७२ | २४ | २१ | ३७९ | ३३३ | १९ | २० |
| ७ | ४४ | १८ | १२ | २ | २९६ | २४९ | १६ | २ |
| **जम्मा** | **४०१** | **२९२** | **१४९** | **७९** | **२६०७** | **२३७१** | **१७५** | **८९** |

स्रोत : गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण २०८१

माथिको तालिकालाई आधार मान्दा, सबै भन्दा बढी विद्यालय जाने बालबालिका वडा नं ४ मा र बाल विकास जाने बालबालिका वडा नं ६ मा रहेका छन्। गाउँपालिकाको वडा नं. २ मा सबैभन्दा धेरै ४४ बालक बालविकास नजाने र वडा नं ४ र ६ का २१, २१ बालिका बाल विकास नजाने गरेको पाईएको छ।

यो तथ्यांकलाई विश्लेषण गर्दा विशेष गरी वडा नं २ र ४ मा शैक्षिक क्षेत्रमा विकासका कार्य आवश्यक देखिएको छ।

## ६.२ शैक्षिक संस्थाहरूको विवरण

### ६.२.१ शैक्षिक संस्था विवरण

गोलन्जोर गाउँपालिकामा सम्पूर्ण वडामा गरेर कुल ६२ वडा शैक्षिक संस्था संचालन भईरहेका छन्। बालबालिकाले बाल विकास देखि कक्षा १२ सम्मको शिक्षा पालिका स्तरमानै लिन प्राप्त गर्न सक्छन् भने उच्च शिक्षाको प्रबन्ध भने रहेको छैन ।

**तालिका २९: शैक्षिक संस्था तथा छात्र, छात्राको विवरण**

| क.सं | विद्यालयको नाम, ठेगाना | वडा | बाल विकास केन्द्र | | कक्षा १ देखि ८ | | कक्षा ९-१० | | कक्षा ११-१२ | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका |
| १ | श्री सिद्धेश्वरी आवि, धनसार | गोलन्जोर -१ | १० | २ | १५ | १८ | - | - | - | - |
| २ | श्री कालिका प्रावि, जुकेपानी | गोलन्जोर -१ | ३ | १ | १४ | ७ | - | - | - | - |
| ३ | श्री पटनदेवी प्रावि, कटुन्जे | गोलन्जोर -१ | १ | २ | ८ | २ | - | - | - | - |
| ४ | श्री प्रावि, च्याकुटार | गोलन्जोर -१ | ३ | ४ | १३ | ११ | - | - | - | - |
| ५ | श्री विन्देश्वरी आवि, ज्यामिरे | गोलन्जोर -१ | ४ | ५ | ४० | ४१ | - | - | - | - |
| ६ | श्री सिद्धेश्वर प्रावि, सिमलटार | गोलन्जोर -१ | २ | ३ | १४ | २१ | - | - | - | - |
| ७ | श्री पटनदेवी प्रावि कात्तिके | गोलन्जोर -१ | २ | ० | ८ | ३ | - | - | - | - |
| ८ | श्री सुनकोशी प्रावि, च्याकुटारवेसी | गोलन्जोर -१ | ६ | ६ | २० | १४ | - | - | - | - |
| ९ | श्री विन्दवासिनी प्रावि, भन्ज्याङखानी | गोलन्जोर -१ | २ | ० | ५ | ४ | - | - | - | - |
| १० | श्री कामदा | गोलन्जोर - | ११ | ७ | १११ | ८२ | ४४ | ६४ | २५ | ३८ |

| क्र.सं | विद्यालयको नाम, ठेगाना | वडा | बाल विकास केन्द्र | | कक्षा १ देखि ८ | | कक्षा ९-१० | | कक्षा ११-१२ | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका |
| | मावि, डुडभन्ज्याङ | १ | | | | | | | | |
| ११ | सत्यदेवी प्रावि पुकुटार | गोलन्जोर - १ | २ | १ | ४ | २ | - | - | - | - |
| १२ | श्री जालपादेवी प्रावि, हर्कपुर | गोलन्जोर - २ | ३ | १ | ६ | ४ | - | - | - | - |
| १३ | श्री सिंहेश्वरी प्रावि, थाक्ले | गोलन्जोर - २ | ० | ५ | १८ | १६ | - | - | - | - |
| १४ | श्री सुनकोशी प्रावि कुखुरेटार | गोलन्जोर - २ | २ | ३ | ११ | ४ | - | - | - | - |
| १५ | श्री आधारभूत विद्यालय, धारापान | गोलन्जोर - २ | ५ | ६ | ४० | ३१ | - | - | - | - |
| १६ | पाटनदेवी प्रावि किटिनीभन्ज्याङ | गोलन्जोर - २ | २ | ३ | ११ | ८ | - | - | - | - |
| १७ | श्री बाललहरी प्रावि, भन्ज्याङ | गोलन्जोर - २ | ० | ३ | २४ | १९ | - | - | - | - |
| १८ | श्री बाल मावि, सुलीभन्ज्याङ | गोलन्जोर - २ | ७ | १३ | ९३ | ८८ | ३० | ३२ | - | - |
| १९ | बाल प्रगतिशील प्रावि हमालडिही | गोलन्जोर - २ | ० | ६ | २ | ६ | - | - | - | - |
| २० | श्री कुशेश्वरी प्रावि सिम्लेवेसी | गोलन्जोर - ३ | ३ | २ | ७ | २ | - | - | - | - |
| २१ | श्री शिद्धकाली प्रावि भदौरे | गोलन्जोर - ३ | १ | ३ | ५ | ५ | - | - | - | - |
| २२ | श्री प्रावि, धेद्रे | गोलन्जोर - ३ | २ | ९ | ९ | ९ | - | - | - | - |
| २३ | बच्चापानी प्रावि सान्ने | गोलन्जोर - ३ | १ | १ | २ | १ | - | - | - | - |

| क्र.सं | विद्यालयको नाम, ठेगाना | वडा | बाल विकास केन्द्र | | कक्षा १ देखि ८ | | कक्षा ९-१० | | कक्षा ११-१२ | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका |
| २४ | श्री कौशिका मावि, ग्वाल्टार | गोलन्जोर - ३ | ७ | ३ | ९३ | १०३ | ७३ | ६६ | ५५ | २६ |
| २५ | श्री कालिका प्रावि, मुर्कीगाउँ | गोलन्जोर - ३ | ४ | ८ | १३ | १६ | - | - | - | - |
| २६ | श्री पञ्चवती आवि, तीनघरेडाँडा | गोलन्जोर - ४ | ४ | १० | ४० | ५२ | - | - | - | - |
| २७ | श्री वत्सला मावि, दिङदिङ किराँते | गोलन्जोर - ४ | ६ | १० | ६७ | १०५ | २२ | ३१ | ० | ० |
| २८ | श्री महादेव प्रावि, मूलडाँडा | गोलन्जोर - ४ | ७ | ८ | ११ | १२ | - | - | - | - |
| २९ | श्री कालिका प्रावि, डँडे | गोलन्जोर - ४ | ६ | ५ | १३ | ५ | - | - | - | - |
| ३० | भाविनी प्रावि खोक्लिङ | गोलन्जोर - ४ | २ | ० | ६ | ४ | - | - | - | - |
| ३१ | श्री प्रावि, वितिजोर कुभिण्डे | गोलन्जोर - ४ | ५ | ५ | २५ | २१ | - | - | - | - |
| ३२ | श्री बाल आवि ढुङ्ग्रे | गोलन्जोर - ४ | ० | ० | ३७ | ४३ | - | - | - | - |
| ३३ | श्री प्रावि, ट्वाङट्वाङे | गोलन्जोर - ४ | ७ | ८ | १३ | २६ | - | - | - | - |
| ३४ | श्री शारदा मावि, वेखटाँडी | गोलन्जोर - ४ | ४ | ३ | ७८ | ८० | २९ | ३९ | ५४ | ५२ |
| ३५ | श्री सरस्वती प्रावि, लामिडाँडा | गोलन्जोर - ४ | ३ | १ | ११ | ५ | - | - | - | - |
| ३६ | श्री आवि, हिर्दिङ धुराडाँडा | गोलन्जोर - ५ | ६ | ३ | १९ | २४ | - | - | - | - |

| क्र.सं | विद्यालयको नाम, ठेगाना | वडा | बाल विकास केन्द्र | | कक्षा १ देखि ८ | | कक्षा ९-१० | | कक्षा ११-१२ | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका |
| ३७ | श्री प्रावि, विजयछाप | गोलन्जोर - ५ | ४ | ३ | ६ | ४ | - | - | - | - |
| ३८ | श्री प्रावि, रतनचुरा | गोलन्जोर - ५ | २ | ५ | ४ | ८ | - | - | - | - |
| ३९ | श्री प्रावि, थलडाँडा | गोलन्जोर - ५ | ० | ४ | ५ | ९ | - | - | - | - |
| ४० | श्री महाकाली प्रावि, आहालडाँडा | गोलन्जोर - ५ | २ | ० | ६ | ८ | - | - | - | - |
| ४१ | श्री जनएकता प्रावि देउराली | गोलन्जोर - ५ | ३ | ३ | १५ | १० | - | - | - | - |
| ४२ | श्री मावि, नयाँखर्क | गोलन्जोर - ५ | ६ | १६ | ८० | ५६ | २० | ४१ | - | - |
| ४३ | श्री जनता मावि, खनियाखर्क | गोलन्जोर - ५ | ७ | २ | ६२ | ५६ | २० | २२ | ५० | ३० |
| ४४ | श्री लोकभावना प्रावि निगाले | गोलन्जोर - ५ | ४ | २ | ७ | १२ | - | - | - | - |
| ४५ | श्री प्रावि, बन्दीजोर कटहरे | गोलन्जोर - ६ | ० | ० | ४ | २ | - | - | - | - |
| ४६ | श्री प्रावि, नाकाजोली | गोलन्जोर - ६ | ३ | २ | १२ | १३ | - | - | - | - |
| ४७ | श्री जनता प्रावि, छेत्पा | गोलन्जोर - ६ | २ | ० | १६ | १५ | - | - | - | - |
| ४८ | श्री बाशेश्वर प्रावि, बलेनी | गोलन्जोर - ६ | ६ | ४ | ६ | ९ | - | - | - | - |
| ४९ | श्री गणेश प्रावि, मगरवेसी | गोलन्जोर - ६ | ५ | ४ | १० | ११ | - | - | - | - |
| ५० | श्री प्रभात आवि, | गोलन्जोर - ६ | ८ | ३ | ५८ | ५० | - | - | - | - |

| क्र.सं | विद्यालयको नाम, ठेगाना | वडा | बाल विकास केन्द्र | | कक्षा १ देखि ८ | | कक्षा ९-१० | | कक्षा ११-१२ | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका |
| | देरालीटार | | | | | | | | | |
| ५१ | श्री मङ्गला मावि, घोक्सिला | गोलन्जोर - ६ | ३ | २ | ७४ | ६० | १२ | १९ | - | - |
| ५२ | श्री कल्याण प्रावि, हैवारवेसी | गोलन्जोर - ६ | ४ | ४ | ६ | ९ | - | - | - | - |
| ५३ | श्री प्रगतिशील जनता प्रावि, गैरीगाउँ | गोलन्जोर - ६ | ३ | ३ | १ | ५ | - | - | - | - |
| ५४ | श्री बालकन्या प्रावि, हैवारगाउँ | गोलन्जोर - ६ | ० | ० | १९ | २४ | - | - | - | - |
| ५५ | कालिका प्रावि नारायणडाँडा | गोलन्जोर - ६ | ० | ० | ७ | ७ | - | - | - | - |
| ५६ | वागेश्वोरी प्रावि, झगरपुर | गोलन्जोर - ६ | २ | २ | | | - | - | - | - |
| ५७ | श्री बालकल्याण आ.वि., माथिल्लोवेसी | गोलन्जोर - ७ | १ | ३ | १३ | ७ | - | - | - | - |
| ५८ | श्री पुष्प आवि, बाराहा | गोलन्जोर - ७ | १ | ४ | | | - | - | - | - |
| ५९ | श्री बालज्योती प्रावि, ठुलीपोखरी | गोलन्जोर - ७ | २ | ४ | १३ | १२ | - | - | - | - |
| ६० | श्री जानजागृति प्रावि, आरुखोला | गोलन्जोर - ७ | ३ | ३ | - | - | - | - | - | - |
| ६१ | श्री जनकल्याण प्रावि, राताटार | गोलन्जोर - ७ | ४ | १ | ४ | ४ | - | - | - | - |
| ६२ | श्री जनज्योति | गोलन्जोर - | ३१ | ३२ | १६९ | १६४ | ७३ | ८५ | ६० | ६५ |

| क्र.सं | विद्यालयको नाम, ठेगाना | वडा | बाल विकास केन्द्र | | कक्षा १ देखि ८ | | कक्षा ९-१० | | कक्षा ११-१२ | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका |
| | मावि, खुर्कोट | ७ | | | | | | | | |
| जम्मा | | | २३९ | २५६ | १५०३ | १४४९ | ३२३ | ३९९ | २४४ | २११ |

स्रोत :गोलन्जोर गाउँपालिका शिक्षा शाखा

## ६.३ छात्रछात्राको विवरण

तालिका ३०: सामुदायिक र संस्थागत विद्यालयको बालबालिकाको विवरण

| क्र.सं | तह | छात्र/छात्राको विवरण | | |
|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा |
| १ | बाल विकास केन्द्र | २३९ | २५७ | ४९६ |
| २ | आधरभूत तह (१-८) | १५०४ | १४४८ | २९५२ |
| ३ | माध्यमिक तह (९-१०) | ३२३ | ३९९ | ७२२ |
| ४ | माध्यमिक तह (११-१२) | २४४ | २११ | ४५५ |
| ५ | जम्मा | २३१० | २३१५ | ४६२५ |

स्रोतः गोलन्जोर गाउँपालिका शिक्षा शाखा

पालिकामा बालविकास केन्द्र देखि कक्षा १२ सम्म अध्ययन गर्ने ९२५० बालबालिका रहेका छन् जसमा बाल विकास केन्द्रमा अध्ययन गर्ने ४९६, आधरभूत तह (१-८) विद्यालयमा अध्यन गर्ने २९५२ रहेका छन् थप विवरण माथिको तालिकामा समावेश गरिएको छ।

## ६.४ विद्यार्थी भर्ना दर

यस गाउँपालिकामा ५ वर्ष वा सो भन्दा माथिका व्यक्तिले उतिर्ण गरेको शैक्षिक तह अनुसारको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।राष्ट्रिय जनगणना, २०७८को विवरण अनुसार १२,४६६ मध्ये सबै भन्दा धेरै प्राथमिक तह उत्तीर्ण गर्ने विद्यार्थी रहेका छन् (४,३७८) भने त्यसपछि निम्न

माध्यमिक तह उत्तीर्ण गर्ने २,५७३, उच्च माध्यमिक तह उत्तीर्ण गर्ने १,८६६ रहेका छन् भने सबै भन्दा कम १८९ विद्यार्थीले स्नाकोत्तर सरह वा सोभन्दा बढी उत्तीर्ण गरेका छन्।

**तालिका ३१: ५ वर्ष वा सोभन्दा माथिका व्यक्तिले उत्तीर्ण गरेको शैक्षिक तह अनुसार जनसंख्या**

| ★. ण | •.•. (१२,४६६मध्य) |
|---|---|
| पूर्व बालबिकास | ४६२ (३.७%) |
| प्राथमिक तह | ४,३७८ (३५.१%) |
| निम्न माध्यमिक तह | २,५७३ (२०.६%) |
| उच्च माध्यमिक तह | १,८६६ (१५.०%) |
| एसएलसी | १,०७१ (८.६%) |
| प्रविणता | १,४७२ (११.८%) |
| स्नातक तह | २४९ (२.०%) |
| स्नाकोत्तर सरह वा सोभन्दा बढी | १८९ (१.५%) |

स्रोत : राष्ट्रिय जनगणना २०७८

यस पालिकामा गरिएको घरधुरी सर्वेक्षण अनुसार अपाङ्गता भएकाको कुल संख्या १६४ रहेको छ जसमा पुरुषको संख्या ९१ र महिलाको संख्या ७३ रहेको छ।

**तालिका ३२: अपाङ्गता भएका व्यक्तिको विवरण**

| वडा | छैन | छ | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | ३६६ | १७ | ९ | ८ |
| २ | ३३१ | १९ | ७ | १२ |
| ३ | २७२ | ११ | ७ | ४ |
| ४ | ६८७ | ५६ | ३३ | २३ |
| ५ | ४३६ | ८ | ४ | ४ |
| ६ | ३९४ | ३४ | २० | १४ |
| ७ | ५०७ | १९ | ११ | ८ |
| जम्मा | २९९३ | १६४ | ९१ | ७३ |

स्रोत : गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण २०८१

गाउँपालिकामा अपाङ्गता भएकाका कारण बालबालिका विद्यालय भर्ना नभएकाको संख्या १६ रहेको छ जसमध्य वडा ४ र ६ मा सबै भन्दा धेरै ४, ४ जना छन् ।

तालिका ३३: विद्यालय भर्ना नभएका अपाङ्गता भएका बालबालिकाको विवरण

| वडा | संख्या |
|---|---|
| गोलन्जोर-१ | ३ |
| गोलन्जोर-२ | |
| गोलन्जोर-३ | २ |
| गोलन्जोर-४ | ४ |
| गोलन्जोर-५ | १ |
| गोलन्जोर-६ | ४ |
| गोलन्जोर-७ | २ |
| जम्मा | १६ |

स्रोत : गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण २०८१

## ६.५ कक्षा दोहोर्याउने विद्यार्थी सम्बन्धी विवरण

गोलन्जोर गाउँपालिकामा शैक्षिक वर्ष २०८१ को तथ्यांक अनुसार केही बालबालिकाले कक्षा दोहोर्याउने गरेका छन्। यस गोलन्जोर गाउँपालिमा बालबालिकालाई अभिभावकहरु बसाई सरेर अन्य शहरी क्षेत्र जाने क्रम बढेको छ जसको कारणले बाबालिका अन्य विद्यालयमा साहि कक्षामा दोहोर्याउने गरेको अभिभावकले बताएका छन्। नेपाल सरकारले कक्षा ७ सम्म सकेसम्म कुनै पनि विद्यार्थीलाई फेल नगराउने नीति लिएको छ। विद्यार्थी "फेल" हुनु भनेको कक्षा दोहोर्याउने हो। बालबालिकाले कक्षा दोहोर्याउनु परेमा विद्यालय छोड्ने गरेको पीएको छ। यस पालिकामा केही विद्यार्थीले कक्षा दोहोर्याउने गरेका भए पनि यकिन विवरण गाउँपालिका शिक्षा शाखामा प्राप्त भएको छैन।

## ६.६ छात्रवृत्ति प्राप्त विद्यार्थी विवरण

गोलन्जोर गाउँपालिकाको सामुदायिक विद्यालय अन्तर्गतका कक्षा १ देखि १० सम्मका सम्पूर्ण छात्र, छात्राहरुलाई निशुल्क शिक्षा प्रदान गर्दै आईरहेको छ भने कक्षा १ देखि १२ सम्मकै केही दलित छात्रछात्राहरु नेपाल सरकारबाट वितरण गरिने छात्रवृत्ति प्राप्त गर्दै आईरहेका छन्। जेहेन्दार छात्रवृत्ति केहीले नियमित रुपमा प्राप्त गर्ने गरेका छन् भने, माध्यमिक शिक्षा छात्रवृत्ति केही बालबालिकाले प्राप्त गरेका छन् विभिन्न अक्षय कोषदाता लागायत अन्य गैर सरकारी संस्थाहरुले पनि नियमित रुपमा यस गाउँपालिका क्षेत्र भित्रका केही बालबालिकालाई छात्रवृत्ति प्रदान गर्ने गरेका

छन्। यस शैक्षिक सत्रमा पनि विगतकै मूल्यमान्यताका आधारमा छात्रवृत्तिको रकम वितरण गरिने योजना रहेको छ।

## ६.७ तहगत रूपमा कूल शिक्षक सम्बन्धी विवरण .शिक्षक शिक्षिका विवरण०

शिक्षक दरबन्दी अन्तर्गत, प्राथमिक तह, निम्न माध्यमिक, माध्यमिक, माध्यमिक तह (११/१२)मा कुल दरबन्दी संख्या क्रमशः ७९, १९, १५, ६ गरी कुल ११९ र कुल राहत अनुदान संख्या क्रमश ७६, ११, १२, ६ गरी १०५ रहेको छ।

## ६.८ शिक्षकको तालिम सम्बन्धी विवरण

गोलन्जोर गाउँपालिकामा सरकारी विद्यालमा शिक्षण पेशामा प्रवेश गर्न शिक्षक अध्यापन अनुमति पत्र लिनुपर्ने र सोको लागि तालिम हुनु पर्ने अनिवार्य व्यवस्था भएबाट स्थायी, अस्थायी र राहत शिक्षक स्वत तालिम प्राप्त रहेका छन्। सामुदायिक विद्यालयमा रहेका सम्पूर्ण शिक्षकहरुले शिक्षक पेशागत तालिम पाएका छन्। निजी शिक्षक र संस्थागत विद्यालयमा हाल अध्यापन गराउदै आएका शिक्षकहरूलाई भने तालिमको व्यवस्था हुन सकेको छैन भने गाउँपालिकामा आन्तरिक स्रोतबाट राखेको करारका शिक्षकलाई विभिन्न समयमा तालिमको आयोजना गर्ने गरेको शिक्षा शाखाको प्रगति विवरणमा रहेको छ।

## ६.९ गाउँपालिकास्तरमा विद्यार्थी र शिक्षकको अनुपात

गोलन्जोर गाउँपालिकाको ६२ सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थी ४६२४ रहेका छन् भने महिला शिक्षक संख्या ५९ रहेको छ।

तालिका ३४: बालबालिका र शिक्षकको विवरण

| क्र.सं | जम्मा संख्या | जम्मा शिक्षक |
|---|---|---|
| सामुदायिक विद्यालय | ६२ | ५९ महिला |

स्रोत : शिक्षा शाखा

## ६.१० विद्यालयमा खानेपानीको सुविधा

विद्यालयहरुमा शुद्द खानेपानीको सुविधा हुनु एक महत्वपूर्ण मुद्दा हो जसले छात्र/छात्राको  स्वास्थ्य, शिक्षा, तथा समग्र विकासमा प्रभाव पार्दछ। शुद्द पानीको उपलब्धताले विद्यालयको वातावरणमा पनि सकारात्मक प्रभाव पार्दछ। गोलन्जोर गाउँपालिकाका सम्पूर्ण विद्याालयमा शुद्द र सफा खानेपानीको उपलव्ध रहेको छ।

गोलन्जोर गाउँपालिकामा, बालमैत्री शौचालय भएको विद्यालयमा १,८६८ रहेको परिवारले बताएका छन् भने ६६५ घरधुरीले नभएको र २९४ घरधुरीले आफ्ना बालबालिका पढ्न जाने विद्यालय बालमैत्री रहेको वा नरहेको विषय थाहा नभएको बताएका छन्।

**तालिका ३५: विद्यालयमा बालमैत्री शौचालय भए/नभएको विवरण**

| वडा | भएको | नभएको | थाहा नभएको | जम्मा |
|---|---|---|---|---|
| गोलन्जोर-१ | २८१ | ५३ | ४५ | ३७९ |
| गोलन्जोर-२ | १०७ | ११८ | ७५ | ३०० |
| गोलन्जोर-३ | २६७ | २६ | ६५ | ३५८ |
| गोलन्जोर-४ | २६५ | ३७२ | ८ | ६४५ |
| गोलन्जोर-५ | ३३० | १८ | २ | ३५० |
| गोलन्जोर-६ | २७९ | ७५ | ८६ | ४४० |
| गोलन्जोर-७ | ३३९ | ३ | १३ | ३५५ |
| जम्मा | १८६८ | ६६५ | २९४ | २८२७ |

स्रोत : गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण २०८१

## ६.११ कक्षा कोठा, फर्निचर, खेल मैदान सम्बन्धी विवरण

गोलन्जोर गाउँपालिकामा रहेको विद्यालयमा कक्षा कोठा, फर्निचर रहेको तर सबै विद्यालयमा बालमैत्री फर्निचर उपलब्ध छैनन् ।अधिकांश विद्यालयमा खेल मैदान रहेको छ भने केही विद्यालय निर्माण गर्नुपर्ने आवश्यकता देखिन्छ।यस गाउँपालिकामा रहेका सम्पूर्ण विद्यालयलाई बालमैत्री शिक्षण सिकाई र फर्निचर बनाउने कार्य हुनु आवश्यक देखिन्छ।

यस गाउँपालिकामा अपाङ्गमैत्री विशेष कक्षा सञ्चालन भएका विद्यालयको विषयमा जानकारी भएका परिवार संख्या १,००० रहेको छ भने १,३७७ परिवारलाई यस विषयमा थाहा नभएको र ४३९ परिवार यस विषयमा अनविज्ञ रहेको बताएका छन्।गोलन्जोर गाउँपालिकामा बालमैत्री तथा अपाङ्गमैत्री विशेष कक्षा सञ्चालन भएका विद्यालयको विवरण तलको तालिकामा रहेको छ :

### तालिका ३६: बालमैत्री तथा अपाङ्गमैत्री विशेष कक्षा सञ्चालन भएको विवरण

| वडा | छैन | छ | थाहा छैन | जम्मा |
|---|---|---|---|---|
| १ | २५५ | ७५ | ४९ | ३७९ |
| २ | ९७ | ५६ | १४७ | ३०० |
| ३ | १०२ | १७७ | ७९ | ३५८ |
| ४ | ६२९ | १२ | ४ | ६४५ |
| ५ | ३४ | ३१५ | १ | ३५० |
| ६ | ९८ | २४४ | ९८ | ४४० |
| ७ | १७३ | १२१ | ६१ | ३५५ |
| जम्मा | १३८८ | १००० | ४३९ | २८२७ |

स्रोत : गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण २०८१

## ६.१२ विद्यालय जान लाग्ने समय

घरधुरी सर्वेक्षण अनुसार सबै तहमा अध्ययन गर्न जाने बालबालिका हिडेर विद्यालय जाने गरेका छन्। यस गोलन्जोर गाउँपालिकामा रहेका कक्षा ५ सम्मका बालबालिका घरबाट नजिकको विद्यालय जान लाग्ने समय अनुसार सबै भन्दा बढी १५ देखि ३० मिनेट समय लाग्ने बताउने परिवार १,४०७ रहेका छन् भने १५ मिनेट भन्दा कम समय लाग्ने बताउने परिवार १,६७८, ३० मिनेट देखि १ घण्टा सम्म लाग्ने बताउने ७७० र एक घण्टा भन्दा बढी लाग्ने बताउने ३१० परिवार रहेका छन्।

### तालिका ३७: कक्षा पाँचसम्मका बालबालिकालाई घरबाट नजिकको विद्यालय जान लाग्ने समय अनुसारको विवरण

| वडा | १५ मिनेट भन्दा कम | १५-३० मिनेट सम्म | ३० मिनेट - १ घण्टा सम्म | १ घण्टा भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|
| १ | २६८ | २३९ | २१ | २३ | ५५१ |
| २ | २११ | १५७ | ४० | २ | ४१० |
| ३ | १८० | १२३ | १४४ | ४६ | ४९३ |
| ४ | ३०२ | २७२ | २५४ | ४४ | ८७२ |
| ५ | २५७ | १८८ | ८० | ६८ | ५९३ |
| ६ | ३११ | १६८ | १५४ | ३६ | ६६९ |
| ७ | १४९ | २६० | ७७ | ९१ | ५७७ |

| | | | | | |
|---|---|---|---|---|---|
| जम्मा | १६७८ | १४०७ | ७७० | ३१० | ४१६५ |

स्रोत : गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण २०८१

गोलन्जोर गाउँपालिकामा कक्षा छ देखि कक्षा आठ सम्म अध्ययन गर्ने बालबालिका सबैभन्दा नजिक १५ मिनेट भन्दा कम समय लाग्ने विद्यालयमा जाने परिवार ८०४ रहेको छ भने सबै भन्दा टाढा १ घन्टा भन्दा बढी समयमा रहेको विद्यालय पठाउने परिवार १३३१ रहेका छन्।यस गाउँपालिकामा १५ मिनेट देखि ३० मिनेट सम्ममा रहेको विद्यालयमा पठाउने परिवार १०७९ र ३० मिनेट देखि १ घण्टा सम्म रहेको विद्यालयमा पठाउने परिवार ९५१ रहेका छन्।

**तालिका ३८: कक्षा छ देखि आधारभूत तह (कक्षा ८)सम्मका बालबालिकालाई घरबाट नजिकको विद्यालय जान लाग्ने समय अनुसारको विवरण**

| वडा | १५ मिनेट भन्दा कम | १५-३० मिनेट सम्म | ३० मिनेट - १ घण्टा सम्म | १ घण्टा भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|
| १ | ८० | १०२ | २९ | ३४० | ५५१ |
| २ | ५७ | ९३ | १९० | ७० | ४१० |
| ३ | १७३ | १०७ | १०७ | १०६ | ४९३ |
| ४ | १३५ | २०० | २८५ | २५२ | ८७२ |
| ५ | १७४ | २०२ | ८३ | १३४ | ५९३ |
| ६ | ९२ | १२७ | १८८ | २६२ | ६६९ |
| ७ | ९३ | २४८ | ६९ | १६७ | ५७७ |
| जम्मा | ८०४ | १०७९ | ९५१ | १३३१ | ४१६५ |

स्रोत : गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण २०८१

यस पालिकामा कक्षा नौ र दशमा अध्ययन गर्ने बालबालिका सबैभन्दा धेरै टाढा १ घण्टा भन्दा बढी समय लाग्ने विद्यालयमा जाने परिवारमा १६२५ रहेका छन् भने सबै भन्दा नजिक १५ मिनेट भन्दा कम समय लाग्ने विद्यालयमा पठाउने परिवार ६२६ रहेका छन्।थप विवरण तल तालिकामा समावेश गरिएको छः

तालिका ३९: कक्षा ९ देखि कक्षा १० सम्मका बालबालिकालाई घरबाट नजिकको विद्यालय जान लाग्ने समय अनुसारको विवरण

| वडा | १५ मिनेट भन्दा कम | १५-३० मिनेट सम्म | ३० मिनेट - १ घण्टा सम्म | १ घण्टा भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|
| १ | ४० | ९२ | २९ | ३९० | ५५१ |
| २ | २२ | ४४ | २२१ | १२३ | ४१० |
| ३ | १७३ | १०६ | १०८ | १०६ | ४९३ |
| ४ | ५५ | १४१ | २५४ | ४२२ | ८७२ |
| ५ | १६५ | १९७ | ९० | १४१ | ५९३ |
| ६ | ७७ | १३५ | १८१ | २७६ | ६६९ |
| ७ | ९४ | २४४ | ७२ | १६७ | ५७७ |
| जम्मा | ६२६ | ९५९ | ९५५ | १६२५ | ४१६५ |

स्रोत : गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण २०८१

यस पालिकामा माध्यामिक तह (कक्षा ११ र १२) मा अध्ययन गर्ने बालबालिका सबैभन्दा धेरै टाढा १ घण्टा भन्दा बढी समय लाग्ने विद्यालयमा जाने परिवारमा २१३८ रहेका छन् भने सबै भन्दा नजिक १५ मिनेट भन्दा कम समय लाग्ने विद्यालयमा पठाउने परिवार ५३३ रहेका छन्। गोलन्जोर गाउँपालिकामा २०८१ जेष्ठ/असारमा गरिएको घरधुरी सर्वेक्षण अनुसार विद्यालयमा जान लाग्ने समयको आधारमा १५ मिनेट भन्दा कम समयमा जान सकिने विद्यालय कम रहेका छन्। यहाँको कक्षा पाँच सम्म अध्यापन गराउने विद्यालयहरु सबैभन्दा नजिक रहेको छ भने माध्यामिक तह (कक्षा ११ र १२ पढाइ हुने विद्यालय जान धेरै बालबालिकालाई १ घण्टा भन्दा बढी समय लाग्ने गरेको छ ।

तालिका ४०: माध्यामिक तह (कक्षा ११ र १२) सम्मका बालबालिकालाई घरबाट नजिकको विद्यालय जान लाग्ने समय अनुसारको विवरण

| वडा | १५ मिनेट भन्दा कम | १५-३० मिनेट सम्म | ३० मिनेट - १ घण्टा सम्म | १ घण्टा भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|
| १ | ४० | ९१ | ३० | ३९० | ५५१ |
| २ | | ८ | ६० | ३४२ | ४१० |

| वडा | १५ मिनेट भन्दा कम | १५-३० मिनेट सम्म | ३० मिनेट - १ घण्टा सम्म | १ घण्टा भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|
| ३ | १५९ | ७८ | ६७ | १८९ | ४९३ |
| ४ | २९ | ८४ | १९५ | ५६४ | ८७२ |
| ५ | १६४ | १९९ | ८९ | १४१ | ५९३ |
| ६ | ४७ | १३३ | १४३ | ३४६ | ६६९ |
| ७ | ९४ | २४५ | ७२ | १६६ | ५७७ |
| जम्मा | ५३३ | ८३८ | ६५६ | २१३८ | ४१६५ |

स्रोत : गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण २०८१

## ६.१३ विद्यालय जान छोड्नेहरू सम्बन्धी विवरण

यस गोलन्जोर गाउँपालिकामा २०८१ मा गरिएको घरधुरी सर्वेक्षण अनुसार आफ्नो परिवारमा रहेका १०२ जना बालबालिकाले विद्यालय छोड्को बताएका छन् गाउँपालिकाको शिक्षा शाखामा विद्यालय छोड्ने बालबालिकाको सही विवरण उपलब्ध छैन। गाउँपालिकामा विद्यालय छोड्ने बालबालिकाको विवरणको अध्ययन गर्दा यस गाउँपालिकामा बसाईसरी जाने र केही समय यहाँको विद्यालयमा पढ्ने र अभिभावक अन्य ठाउँमा बसाईसरी जादाँ सँगै जाने गरेका छन्।

यस गाउँपालिकाका प्रत्येक वडामा शैक्षिक संस्थाको पहुँच रहेको र प्रत्येक वर्ष विद्यालय भर्ना अभियानका साथै शैक्षिक स्तर सुधारका लागि विविध क्रियाकलापहरु हुने गरेको छ। शैक्षिक वर्ष २०८०/८१ मा पनि विद्यालय बाहिर रहेका बालबालिकाहरुको यकिन पहिचान गरी विद्यालय भित्र ल्याउने सार्थक प्रयास र निरन्तर अभियान भएको थियो। पहिलेको वर्ष भन्दा अहिले भर्ना दर बढिरेको तर आर्थिक समस्या, पारिवारिक झै-झगडा, सानो उमेरमा विहे लगायतका समस्याले गर्दा केही बालबालिकामा बिचमै विद्यालय छोड्ने समस्या देखिएको छ। केही परिवारहरु पैसा कमाउनका लागि अन्य स्थानमा बसाईसराई गरी जाने भएकाले उनीहरुका बालबालिकाले आधारभूत शिक्षा प्राप्त नगरी अध्ययनलाई बिचमै छोड्नु परेको देखिन्छ। यस्ता समस्यालाई रोक्न विपन्न परिवारहरुको आर्थिक स्थिती सुधार गर्न साथै त्यस्ता जोखिममा रहेका बालबालिकालाई शैक्षिक सहयोग उपलब्ध गराएमा यो संख्यालाई न्यूनीकरण गर्न सकिन्छ।

**तालिका ४१: गोलन्जोर गाउँपालिकामा ६ देखि १५ वर्ष उमेर समूहका बीचैमा विद्यालय छाड्ने बालबालिकाको विवरण**

| वडा | छैन | छ |
|---|---|---|
| गोलन्जोर-१ | ३६३ | १६ |
| गोलन्जोर-२ | २९४ | ६ |
| गोलन्जोर-३ | ३४६ | १२ |
| गोलन्जोर-४ | ६२० | २५ |
| गोलन्जोर-५ | ३५० | |
| गोलन्जोर-६ | ४०२ | ३८ |
| गोलन्जोर-७ | ३५० | ५ |
| **जम्मा** | **२७२५** | **१०२** |

स्रोत : गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण २०८१

### ६.१३.१ विद्यालयमा दिइने दण्ड सजायको अवस्था

विद्यार्थीहरुको सिकाई उपलब्धि कम हुनुका कारणहरु मध्ये विद्यालयमा दिइने गरेको दण्ड सजाय पनि एक हो। विद्यालयमा बालबालिकालाई दिइने दण्ड सजायलाई पूर्ण रुपमा अन्त्य गरी कक्षा कोठाको वातावरण र व्यवस्थापन बालमैत्री हुनुपर्ने, शिक्षक विद्यार्थी बीचको सम्बन्ध सुमधुर हुनुपर्ने, दण्ड तथा सजायलाई दिनु नहुने व्यवस्था रहेको छ। दण्ड सजाएको कारण बालबालिकाहरुलाई शारीरिक रुपमा मात्र नभएर मानसिक रुपमा पनि असर पर्ने कारण उनीहरुले विद्यालय छाड्ने, विद्यालयमा नियमित उपस्थित नहुने, झगडालु बन्ने, कुलतमा लाग्ने, आत्महत्या गर्ने जस्ता क्रियाकलापहरु व्याप्त छ। बालबालिकालाई दण्ड सजायविना पनि प्रभावकारी ढंगबाट शिक्षण सिकाई कार्यमा संलग्न गराउन सकिन्छ जसको लागि अभिभावक, शिक्षक, विद्यार्थी एंवम् सम्पूर्ण सरोकारवालाहरुको प्रयास अपरिहार्य छ। भयरहित वातावरणमा गुणस्तरीय शिक्षा पाउनु बालबालिकाको अधिकार हो। त्यसैले बालबालिकालाई विद्यालयमा दिइने दण्ड सजायको अवस्था के कस्तो रहेको छ भनी सर्वेक्षण गरिएको थियो जसमा विद्यालयमा यातना पाउने गरेको बताउने बालबालिका १७ जना रहेका छन् ।

### तालिका ४२: विद्यालयमा यातना पाउने बालबालिकाको विवरण

| वडा | यातना पाउने बालबालिका |
|---|---|
| गोलन्जोर-१ | ० |
| गोलन्जोर-२ | ० |
| गोलन्जोर-३ | ६ |
| गोलन्जोर-४ | १० |
| गोलन्जोर-५ | ० |
| गोलन्जोर-६ | ० |
| गोलन्जोर-७ | १ |
| जम्मा | १७ |

स्रोत : गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण २०८१

बालबालिकाले विद्यालयमा पाउने यातानाको प्रकारको पनि गाउँपालिकामा गरिएको घरधुरी सर्वेक्षण गरिएको थियो जसको विवरण तलको तालिकामा रहेको छ :

### तालिका ४३: बालबालिकाले विद्यालयमा पाउने गरेको यातनाको विवरण

| वडा | कान समातेर उठ्बस् | कुटपिट | कक्षा कोठाबाट बाहिर निकाल्ने | बेन्चमा उभ्याउने | शौचालयमा थुन्ने | गाली गर्ने | मानसिक तनाव दिने | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| गोलन्जोर-१ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| गोलन्जोर-२ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| गोलन्जोर-३ | ३ | ० | ० | ० | ० | ३ | ० | ० | ६ |
| गोलन्जोर-४ | ४ | २ | ० | ० | ० | ४ | ० | ० | १० |
| गोलन्जोर-५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| गोलन्जोर-६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| गोलन्जोर-७ | १ | ० | ० | ० | ० | ० | ० | ० | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | ८ | २ | ० | ० | ० | ७ | ० | ० | १७ |

स्रोत : गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण २०८१

यस गाउँपालिकामा रहेको विद्यालयमा ८ जना बालबालिकाले कान समातेर उठ्बस गर्ने यातना पाउने गरेको बताएका छन् भने २ जना बालकालिकालाई विद्यालयमा कुटपिट गर्ने, ७ जनाले गालि खाने बताएका छन्।गाउँपालिकामा विद्यालयमा दिने यातनाको वडा अनुसारको विवरण माथिको तालिकामा रहेको छ।

# परिच्छेद सातः बाल संरक्षण

## ७.१ द्वन्द्व पीडित तथा जोखिममा परेका बालबालिका सम्बन्धी विवरण

द्वन्द्व भएको समयमा बालबालिका विभिन्न जोखिममा पर्ने सम्भावना रहन्छ। बालबालिकाहरूलाई गाँस, कपास, शिक्षा र सहभागिता गराएर मात्र पुग्दैन। उनीहरूको लागि संरक्षण, विकास र सहभागिताका लागि आवश्यक पर्ने आधारभूत कुरा, माया, ममता, आत्मसम्मान हेला, दुर्व्यहारबाट पनि सुरक्षित राख्न जरुरी छ। संरक्षण विना बालबालिकाको बचावट, विकास र सहभागिता हुन्छ भनिन्छ भने त्यहाँ बालबालिकाहरूको चौतर्फी विकास कदापी हुन सक्दैन। बाल संरक्षणको क्षेत्रसँग सम्बन्धित अवस्था विश्लेषण गर्नुभन्दा पहिला बालबालिकाहरू घर विद्यालय र समाजमा उनीहरूलाई कसरी हेरिन्छ, कस्तो खालको व्यवहार र सोच राख्ने प्रचलन छ भन्ने कुराको परिवेश विश्लेषण गर्न अत्यावश्यक हुन्छ।

## ७.२ विस्थापित बालबालिका सम्बन्धी विवरण

द्वन्द्वबाट सबैभन्दा पहिला बालबालिका प्रभावित हुन्छन्। यस पालिकाका सम्पूर्ण वडामा वि.सं. २०८१ सालमा गरिएको घरधुरी सर्वेक्षणको नतिजाका आधारमा द्वन्द्वबाट प्रभावित बालबालिका २०६३ साल भन्दा पहिला रहेको हुन सक्ने सम्भावना भएपनि हाल रहेका छैनन्। यस गाउँपालिकामा वर्तमान समयमा द्वन्द्वबाट विस्थापित बालबालिका नरहेको अवस्था छ। वर्तमान सामाजिक संरचनाका आधारमा विस्थापनको जोखिममा बालबालिका नभएको देखिन्छ।

## ७.३ बालश्रमिक सम्बन्धी विवरण

१८ वर्ष मुनिका बालबालिकालाई असर पर्ने कुनैपनि कार्य गर्न वा श्रम गर्न लगाउनु बालश्रम हो र यसलाई बालअधिकार विरुद्धको कार्य मानिन्छ। कुनै पनि रोजगारयुक्त कार्य जसले बालबालिकाको बाल्यकालमा दखल दिन सक्छ, स्कुल जानबाट बन्चित गराउँछ वा मानसिक, सामाजिक र शारीरिक रुपमा असर गर्दछ त्यसलाई बालश्रम भनिन्छ। संसार भरि नै बालश्रम कानुन विपरित मानिएको छ। गोलन्जोर गाउँपालिकाले पनि बालश्रम विरुद्ध रिलिफ नेपाल सँग मिलेर कार्यक्रम गरिरहेको छ। बालमैत्री वडा हुनका निम्ति बालश्रम मुक्त वडा घोषणा भइसकेको हुनुपर्ने सूचकमा व्यवस्था रहेको छ। बालश्रम शोषण निन्दनिय र गैरकानुनी कार्य पनि हो। त्यसैले नेपालको संविधान र कानूनमा बालश्रम निषेध गरिएको छ। चौध वर्षमुनिका बालबालिकालाई कुनै पनि श्रममा लगाउन नहुने, चौध वर्ष भन्दा माथि अठार वर्षसम्मका बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाउन नहुने कानुनी व्यवस्था छ। यस गोलन्जोर गाउँपालिकामा वि.स २०८१ सालमा गरिएको घरधुरी सर्वेक्षणमा आफ्नो

बालबालिका अरुको घरमा कम गर्न पठाएको र अन्त कतैबाट आएर काम गर्न बसेको विवरण सङ्कलन गरिएको थियो जस अन्तर्गत बालश्रमिकको रुपमा अरुको घरमा काम गर्न गएका बालबालिका यस गाउँपालिकामा ३६ जना रहेका छन् भने ३ जना बालबालिका अन्त कतैबाट आएर गाउँपालिका भित्र काम गर्न बसेका छन्।गोलन्जोर गाउँपालिकाको बालबालिका अन्त कतै काम (श्रममा) गर्न बसेको र अन्त कतैबाट आएर काम गर्न बसेको विवरण तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ४४: बालश्रमको अवस्था**

| वडा | अरुको घरमा काम गर्न गएका बालबालिका | अन्य क्षेत्रबाट यस पालिकामा काम गर्न आएका बालबालिका |
|---|---|---|
| १ | ३ | |
| २ | | |
| ३ | ६ | |
| ४ | १० | २ |
| ५ | २ | |
| ६ | १२ | १ |
| ७ | ३ | |
| **जम्मा** | ३६ | ३ |

स्रोत : गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण २०८१

गाउँपालिकामा गरिएको घरधुरी सर्वेक्षण अनुसार बालश्रममा रहेका बालबालिकाले पाउने यातनाको विवरण तलको तालिकामा रहेको छ ।

**तालिका ४५: घरबाहिर रहेका बालबालिकाले भोग्ने गरेका समस्याहरु**

| वडा | गाली/गलौज | कुटपिट | खानामा भेदभाव | मनोवैज्ञानिक तनाव | यौन शोषण | खेल्नमा भेदभाव वा खेल्न नदिने |
|---|---|---|---|---|---|---|
| गोलन्जोर-१ | १ | ० | ० | ० | ० | ० |
| गोलन्जोर-२ | ० | ० | ० | ० | ० | ० |
| गोलन्जोर-३ | ३ | १ | ० | ० | ० | ० |
| गोलन्जोर-४ | ६ | ० | ० | ४ | ० | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| गोलन्जोर-५ | ० | ० | ० | ० | ० | १ |
| गोलन्जोर-६ | ९ | ० | ० | १ | ० | ८ |
| गोलन्जोर-७ | ० | ० | ० | ० | ० | ० |
| जम्मा | १९ | १ | ० | ५ | ० | १० |

स्रोत : गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण २०८१

यस गाउँपालिकामा अरुको घरमा बालश्रममा रहेको बालबालिकाले भोगेको समस्याहररुको बारेको गरिएको घरधुरी सर्वेक्षणमा अधिकतम ९ घण्टासम्म कामगर्छन् भन्ने विवरण रहेको छ भने यस पालिकामा अरुको घरमा काम गर्ने बालबालिका खेल्नमा भेदभाव रहेको १० जना, कुटपिटमा १ जना रहेका छन् बहने मनोवैज्ञानिक तनावमा ५ जनारहेका छन्। बालबालिकालाई श्रममा रहेका १९ जना बालबालिकाले आफुले काम गर्ने परिवारले गाली गलौज गर्ने बताएका छन्।बालश्रममा रहेका केहि बालबालिकाले परिश्रमिक समेत नपाउने बताएका छन्।

### ७.३.१. घरमा छोराछोरीका बीचमा लैङ्गिक विभेदको अवस्था

नेपाली समाजमा छोरा र छोरीमा गरिने विभेद अझै कायम रहेको छ।समाजको इकाइका रूपमा परिवारमा लैङ्गिक विभेदको अवस्था के कस्तो रहेको छ भन्ने जिज्ञासा सबैमा हुन्छ, किनभने लैङ्गिक विभेदको सुरुवात घरबाटनै हुने गर्दछ।त्यसैले यस अध्ययनमा पनि घरपरिवारमा छोरा र छोरीका बीचमा हुने लैङ्गिक विभेदको अवस्थाका बारेमा प्रश्न गरी विचार सङ्कलन गरिएको थियो।यस गाउँपालिकाका २ परिवारमा अझै पनि छोरा र छोरी बीचमा विभेद हुने गरेको पाईएको छ (तालिका ४६)।

**तालिका ४६: बालबालिकामा गरिने व्यवहार घरमा छोरा र छोरीमा हुने विभेदको अवस्था**

| वडा | विभेद भएको घरपरिवार संख्या |
|---|---|
| गोलन्जोर-१ | १ |
| गोलन्जोर-२ | |
| गोलन्जोर-३ | |
| गोलन्जोर-४ | १ |
| गोलन्जोर-५ | |
| गोलन्जोर-६ | |

| वडा | विभेद भएको घरपरिवार संख्या |
|---|---|
| गोलन्जोर-७ | |
| जम्मा | २ |

स्रोत : गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण २०८१

वडा अनुसार २ परिवारले (वडा नं. १ र ४) मा छोरा र छोरीमा विभेद गरेको अवस्था रहेको छ भने अन्य वडामा सबैले छोरा र छोरीमा समान व्यवहार गरेको पाईएको छ।

तालिका ४७: घरमा छोरा र छोरीमा हुने विभेदको अवस्था

| वडा | शिक्षा | खानपिन | घरेलु काम | पोशाक | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| गोलन्जोर-१ | ० | ० | १ | ० | ० | ० |
| गोलन्जोर-२ | ० | ० | ० | ० | ० | ० |
| गोलन्जोर-३ | ० | ० | ० | ० | ० | ० |
| गोलन्जोर-४ | ० | १ | १ | १ | ० | ० |
| गोलन्जोर-५ | ० | ० | ० | ० | ० | ० |
| गोलन्जोर-६ | ० | ० | ० | ० | ० | ० |
| गोलन्जोर-७ | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ० | १ | २ | १ | ० | ० |

स्रोत : गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण २०८१

पालिकामा खानपिनमा, घरेलु काम, पोशाकमा विभेद गर्ने १ परिवार वडा नं. ४ मा रहेका छन् भने घरेलु काममा विभेद गर्ने १ परिवार वडा न १ मा रहेका छन्।

## ७.४ बाल यौन शोषण तथा बेचबिखन सम्बन्धी विवरण

गोलन्जोर गाउँपालिकामा वि. सं. २०८१ मा गरिएको घरधुरी सर्वेक्षण बमोजिम बालबालिका माथि दुर्व्यहारका १६ वटा घटना घटेको विवरण रहेको छ।

तालिका ४८: बालबालिकामा दुर्व्यहारको घटनाको विवरण

| वडा | सामाजिक संजालबाट | social_media abuse - Fishing_Frauds | Social media abuse Hacking and theft of personal information | social_media_abuse - Internet_addiction | social_media_abuse - Others |
|---|---|---|---|---|---|
| १ | ० | ० | ० | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | ० | ० | ० | ० | ० |
| ३ | ० | ० | ० | ० | ० |
| ४ | ३ | २ | १ | १ | ४ |
| ५ | ० | ० | ० | ० | ० |
| ६ | ० | ० | ३ | ० | ० |
| ७ | ० | ० | १ | १ | ० |
| जम्मा | ३ | २ | ५ | २ | ४ |

स्रोत :गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण २०८१

यस गाउँपालिकामा विभिन्न प्रकारको विभेद, हेलचक्र्याइ, घरेलु हिंसा तथा शोषणमा पर्ने सम्भावना देखिएको छ भन्ने महिला तथा बालबालिकामा हुने गरेको हिंसा सम्बन्धी अवस्थालाई हेर्दा १६ वटा घटनाहरु घटेको छ तर बाहिर नआएको कुरा घरधुरी सर्वेक्षणको समयमा बताएका छन् ।

गोलन्जोर गाउँपालिका जिल्ला प्रहरी कार्यालयबाट प्राप्त तथ्यांक अनुसार आ.व. २०८०/८१ मा १७ वर्षीय बालिका माथि भएको जबरजस्ती करणीको एक घटना दर्ता भएको छ। त्यसैगरी एउटा बालिका हराएको घटना, ३ बालबालिकाको झुन्डिएर मृत्यु भएको र १ बालकको पानीमा डुबेर मृत्यु भएको एउटा घटना दर्ता भएका छन्।

### ७.४.१.बालबिज्याइँ र परिवारले गर्ने व्यवहार

बालबालिका स्वभावलेनै चञ्चले हुने भएकाले कतिपय बेला अज्ञानताबस विभिन्न कार्य गर्नसक्छन् जसबाट घरपरिवार वा अन्यलाई हानी नोक्सानी हुनसक्छ। त्यस्तो बेलामा वयस्कहरूले आक्रोशित भएर बालबालिकामाथि गाली तथा कुटपिट गर्न सक्छन्। गोलन्जोर गाउँपालिकामा बालबिज्याइँको केही घटना टिपोट गरिएको छ। यस गाउँपालिकामा घटेका बालबिज्याइँका घटनाको यकिन गर्ने यस सम्बन्धि गरिएको घरधुरी सर्वेक्षण अनुसार बालबालिकाले घरमा बाल बिज्याई (कमजारी) गर्दा हुने यातनाको प्रकारको विवरण तल तालिकामा रहेको छ।

**तालिका ४९: बालबालिकाले गल्ति गरेमा अभिभावकले गर्ने क्रियाकलाप**

| वडा | गाली/गलौज | कुटपिट | खानामा भेदभाव | कोठामा थुन्ने | सम्झाउने | अन्य |
|---|---|---|---|---|---|---|
| गोलन्जोर-१ | २२ | २ | ० | ० | ३५० | ९ |
| गोलन्जोर-२ | २२ | ० | ० | ० | ३०० | ० |
| गोलन्जोर-३ | ३२१ | १३ | ० | ० | ३५५ | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| गोलन्जोर-४ | ४२६ | ४१ | १ | ० | ६३९ | १ |
| गोलन्जोर-५ | २ | १ | ० | ० | ३५० | ८२ |
| गोलन्जोर-६ | १९८ | ४ | ० | ३ | ४३७ | ३ |
| गोलन्जोर-७ | ५ | २ | ० | ० | ३५४ | १ |
| जम्मा | ९९६ | ६३ | १ | ३ | २७८५ | ९७ |

स्रोत :गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०८१

माथिको तालिकामा ९९६ परिवारमा बालबालिकाले बदमासी गर्दा गाली गर्ने गरेको, ६३ परिवारले बालबालिकाले गल्ती गरेमा कुटपिट गर्ने बताएका छन् कोठामा थुन्ने ३ परिवार रहेका छन् भने २७८५ प्रतिशत परिवारले सम्झाउने गरेको बताएका छन यस आधारमा यस गाउँपालिकामा बालसंरक्षणको कामलाई निरन्तरता दिनुपर्ने देखिन्छ।

### ७.४.२ वर्षभरिमा बालबालिकाले लगाउने नयाँ कपडा

गोलन्जोर गाउँपालिकामा बालबालिकाको विवरण संकलन गर्न गरिएको घरधुरी सर्वेक्षण अनुसार एक वर्षभरिमा बालबालिकालाई अभिभावकले कतिजोर लुगा दिन्छन् भन्ने प्रश्न गरिएको थियो। नयाँ लुगाले बालाबालिकाका लागि अत्यन्त महत्व राख्छ। नयाँ लुगा लगाउँदा उनीहरू प्रफुल्ल मुद्रामा हुन्छन्। तर, सबै अभिभावकले पटक पटक नयाँ लुगा किनिदिन सक्दैनन्। तथापि यो अध्ययनको क्रममा यो प्रश्न सोधिएको थियो। बालबालिकाले दिएको जवाफलाई तलको तालिकामा जस्ताको तस्तै प्रस्तुत गरिएको छ।

**तालिका ५०: बालबालिकालाई वार्षिक कपडामा लगानी गर्नसक्ने अवस्था (सरदर) विवरण**

| वडा | बालबालिकालाई वार्षिक कपडामा लगानी गर्नसक्ने अवस्था (सरदर) | | | | |
|---|---|---|---|---|---|
| | १ जोर | २ जोर | ३ जोर | ४ जोर वासो भन्दा बढी | जम्मा |
| गोलन्जोर-१ | १० | १६० | १७९ | ३० | ३७९ |
| गोलन्जोर-२ | ४ | ८० | १९६ | २० | ३०० |
| गोलन्जोर-३ | ४ | १८२ | १३४ | ३८ | ३५८ |
| गोलन्जोर-४ | १४ | ७९ | ४३५ | ११७ | ६४५ |
| गोलन्जोर-५ | | २८ | २३८ | ८४ | ३५० |

| वडा | बालबालिकालाई वार्षिक कपडामा लगानी गर्नसक्ने अवस्था (सरदर) | | | | |
|---|---|---|---|---|---|
| | १ जोर | २ जोर | ३ जोर | ४ जोर वासो भन्दा बढी | जम्मा |
| गोलन्जोर-६ | २० | १०३ | १९१ | १२६ | ४४० |
| गोलन्जोर-७ | | ४ | १३६ | २१५ | ३५५ |
| **जम्मा** | **५२** | **६३६** | **१५०९** | **६३०** | **२८२७** |

स्रोत : गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण २०८१

गोलन्जोर गाउँपालिकाका गरिएको सर्वेक्षणमा यो प्रश्न गर्दा ६३० परिवारमा बालबालिकाले वर्षमा चार जोर वा सो भन्दा बढी नयाँ कपडा लगाउने गरेको बताएका छन्।त्यस्तै वर्षमा तीन जोर नयाँ लुगा लगाउने बताउनेहरूको १५०९ परिवार, दुई जोर कपडा लगाउन दिने परिवार ६३६ र १ जोर कपडा लगाउन दिने सक्ने परिवार ५२ रहेका छन्।

## ७.५ सडक बालबालिकाको विवरण

गोलन्जोर गाउँपालिकामा गरिएको वि.स २०८१ घरधुरी सर्वेक्षणको विवरण अनुसार यस गाउँपालिकाका कुनैपनि वडामा सडक बालबालिका रहेका छैनन् ।

## ७.६ कुलतमा लागेका बालबालिकाको विवरण

गोलन्जोर गाउँपालिकामा गरिएको घरधुरी सर्वेक्षणमा कुलतमा लागेको बालबालिकाको विवरण सङ्कलन गरिएको थियो।यस पालिकामा ५ परिवारका बालबालिका लागुपदार्थको लतमा फसेको तथ्यांक पाईएको छ।बालबालिका धूम्रपान तथा लागुपदार्थको लतमा लाग्ने जोखिम रहेको वर्ग हुन्।त्यसैले उनीहरूलाई यस्ता लतमा लाग्न नदिन संरक्षण गर्नु शिक्षक तथा अभिभावकको कर्तव्य हो।बालबालिकालाई यस्तो लतमा फस्नबाट संरक्षण पाउने हक राख्दछन्।त्यसैले यस अध्ययनमा लागुपदार्थको लतमा संलग्न भएको वा नभएको प्रश्न सोधिएको थियो।सहभागीले दिएको जवाफ तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ५१: बालबालिकामा लागुपदार्थ दुर्व्यसनको लत भएका परिवारको विवरण**

| बालबालिकामा लागूपदार्थ दुर्व्यसनको लत सम्बन्धि विवरण | | | |
|---|---|---|---|
| वडा | छैन | छ | जम्मा |
| गोलन्जोर-१ | ३७९ | | ३७९ |
| गोलन्जोर-२ | ३०० | | ३०० |
| गोलन्जोर-३ | ३५७ | १ | ३५८ |

| | | | |
|---|---|---|---|
| गोलन्जोर-४ | ६४४ | १ | ३४५ |
| गोलन्जोर-५ | ३५० | | ३५० |
| गोलन्जोर-६ | ४३७ | ३ | ४४० |
| गोलन्जोर-७ | ३५५ | | ३५५ |
| **जम्मा** | २८२२ | ५ | २८२७ |

स्रोतः गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण२०८१

माथिको तालिकामा अनुसार ५ परिवारका बालबालिका विभिन्न किसिमको लागु पदार्थ दुर्व्यसनको लतमा रहेको छन् भने २८२२ परिवारका बालबालिका कुनै पनि किसिमको लतमा नभएको बताएका छन् बालक र बालिकाको अनुपात हेर्ने हो भने बालकहरू नै धूम्रपान र नशा सेवनमा बढी मात्रामा संलग्न छन् ।

**तालिका ५२: बालबालिकामा लागुपदार्थ दुर्व्यसनको लतको अवस्था**

| वडा | धुम्रपान गर्नेसंख्या | | धुम्रपान गर्ने जम्मा संख्या | नसालुपदार्थ सेवन गर्ने संख्या | | नसालु पदार्थ सेवन गर्ने जम्मा संख्या |
|---|---|---|---|---|---|---|
| | केटा | केटी | | केटा | केटी | |
| गोलन्जोर-१ | ० | ० | ० | ० | ० | ० |
| गोलन्जोर-२ | ० | ० | ० | ० | ० | ० |
| गोलन्जोर-३ | १ | ० | १ | ० | ० | ० |
| गोलन्जोर-४ | १ | १ | २ | १ | ० | १ |
| गोलन्जोर-५ | ० | ० | ० | ० | ० | ० |
| गोलन्जोर-६ | २ | ० | २ | ० | ० | ० |
| गोलन्जोर-७ | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | ४ | १ | ५ | १ | ० | १ |

स्रोतः गोलन्जोर गाउँपालिकाको घरधुरी सर्वेक्षण२०८१

माथिको तालिका अनुसार यस गाउँपालिकामा धुम्रपानको नशामा रहेका बालबालिका ५ जना रहेका छन् भने नसालु पदार्थ सेवन गर्ने १ जना बालक रहेका छन् यो विवरणबाट प्रष्ट हुन्छ कि समाज वा परिवारलाई यस्ता कुलतबाट बचाउन बालकेन्द्रित अभियान आवश्यक छ। धूम्रपान तथा

लागुपदार्थको लतमा लाग्ने बालबालिकामा बालक ५ जना र बालिका १ जना रहेका छन्। त्यसैले उनीहरूलाई यस्ता लतमा लाग्न नदिन संरक्षण गर्नु शिक्षक तथा अभिभावकको कर्तव्य हो।

## ७.७ उमेर समूह अनुसार मृत्यु हुने बालबालिकाको विवरण

गोलन्जोर गाउँपालिकामा यस वर्ष गरिएको घरधुरी सर्वेक्षणमा वडा अनुसार मृत्यु भएका ५ वर्ष मुनिका ६ परिवारको बालबालिका विभिन्न कारणले मृत्यु भएको विवरण रहेको छ। तलको तालिकामा वडा अनुसार बालबालिकाको मृत्युको विवरण राखिएको छ। बाल मृत्यु कम गर्न गोलन्जोर गाउँपालिकाले बाल स्वास्थ्यको क्षेत्रमा काम गर्नु पर्ने दखिन्छ। जिल्ला प्रहरी कार्यालयको आ.व. ८०/८१ को तथ्यांक अनुसार गोलान्जोर गाउँपालिकाको १ बालक र २ बालिकाले आत्महत्या गरेका छन् भने १ बालकको पानीमा डुबेर मृत्यु भएको थियो। अतः प्रहरी कार्यालयको तथ्यांकलाई हेर्दा पनि गाउँपालिकाले मनोसामाजिक स्वास्थ्य र परामर्शमा काम गर्नु पर्ने देखिन्छ।

**तालिका ५३: बितेको १ वर्षभित्र तपाईंको परिवारमा ५ वर्षमुनिका कुनै बालबालिकाको मृत्यु भएका**

| वडा | छैन | छ | जम्मा |
|---|---|---|---|
| गोलन्जोर-१ | १८८ | २ | ५५१ |
| गोलन्जोर-२ | १४४ | २ | ४१० |
| गोलन्जोर-३ | १७१ | | ४९३ |
| गोलन्जोर-४ | २६७ | २ | ८७२ |
| गोलन्जोर-५ | १७१ | | ५९३ |
| गोलन्जोर-६ | २१७ | | ६६९ |
| गोलन्जोर-७ | १७१ | | ५७७ |
| **जम्मा** | १३२९ | ६ | ४१६५ |

स्रोत :गोलन्जोर गाउापालिकाको घरधुरी सर्वेक्षण २०८१

## ७.८ खाद्यान्न संकटमा परेका बालबालिकाको विवरण

गोलन्जोर गाउँपालिकामा २०८१ जेष्ठ/असार मा ४,१६५ घरधुरीमा गरिएको सर्वेक्षणको विवरण अनुसार पाँच वर्षमुनिका बालबालिकालाई दिनमा चार पटक पोषिलो खानेकुरा खुवाउने गरेको बताउने ४४६ परिवार, दिनमा तिन पटक पोषिलो खानेकुरा खुवाउने गरेको बताउने ७०५, दिनमा दुई पटक पोषिलो खानेकुरा खुवाउने गरेको बताउने १४७ र एक पटक मात्र खुवाउन सक्ने ११ घरधुरी रहेका छन्। तथ्यांकलाई आधार मान्दा वडा नं ७ का १५३ घरधुरीले दिनमा चार पटक

खुवाउन सक्ने र १४ घरधुरीले दिनमा ३ पटक खुवाउन सक्ने घरधुरी रहेको टिपोट गरिएको छ।यस तथ्यांकबाट गोलन्जोर गाउँपालिकामा पोषिलो खानेकुराको बारेमा अभिभावकमा जनचेतना मुलक कार्यक्रम आवश्यक रहेको छ।

### ७.९ जाडो तथा गर्मीका कारण मृत्यु हुने गर्भवती महिला तथा बालबालिकाको विवरण

गोलन्जोर गाउँपालिकाद्वारा वि.सं.२०८१ मा गरिएको घरधुरी सर्वेक्षणको विवरण अनुसार गर्भवती महिला, बालबालिका तथा कसैको पनि जाडो तथा गर्मीका कारण मृत्यु भएको यकिन तथ्याङ्क रहेको छैन। गोलन्जोर गाउँपालिकाले सुरक्षित मातृत्वको कार्यक्रम तथा बालसंरक्षणमा काम गरिरहेको कारण गर्भवती महिला तथा बालबालिकाको मृत्युको घटना नभएको हो।

### ७.१० संस्थागत हेरचाहमा रहेका बालबालिका सम्बन्धी विवरण

गोलन्जोर गाउँपालिकामा वैकल्पिक हेरचाहमा रहेका बालबालिका ११ परिवारका रहेका छन्। अनाथ, असहाय एवं विपन्नताका तथा विभिन्न कारणले बालबालिका बालगृहमा बस्ने गरेका छन् । वि.स. २०८१ को घरधुरी सर्वेक्षणमा बालबालिका संस्थागत हेरचाहमा र बालगृहमा रहेका सम्बन्धी विवरण पनि सङ्कलनगरिएको थियो ।

**तालिका ५४: घरबाट टाढा रहेका बालबालिकाको विवरण**

| वडा | कोठा भाडामा लिएर बसेका बालबालिका | वैकल्पिक हेरचाहमा रहेका बालबालिका | | |
|---|---|---|---|---|
| | | जम्मा | बालक | बालिका |
| गोलन्जोर-१ | ५ | | | |
| गोलन्जोर-२ | | | | |
| गोलन्जोर-३ | २ | | | |
| गोलन्जोर-४ | २१८ | ३ | २ | १ |
| गोलन्जोर-५ | २ | | | |
| गोलन्जोर-६ | २८ | | | |
| गोलन्जोर-७ | १२ | ८ | ४ | ४ |
